# संघीय संसद
# राष्ट्रिय सभा
# अठारौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ६ भदौ २०८२
# शुक्रबार
# बैठक सङ्ख्या-४०

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:११ बजे प्रारम्भ भयो।

(१३:११ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरु राष्ट्रिय सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू आकस्मिक समयमा बोल्नका लागि माननीय सदस्यहरुबाट समय माग भएको छ। आकस्मिक समयमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु।म माननीय सदस्यहरुलाई क्रमश समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य गोपाल भट्टराई।

(१३:११ बजे) **माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज हिजो खास गरेर चीन र भारतले हाम्रो सिमाना लिपुलेकबाट एउटा व्यापारिक मार्ग सञ्चालन गर्ने जुन निर्णय गरें। त्यसमा हामीले विरोध गर्नुपर्छ भन्ने हामीलाई लागेको छ। उनीहरुले खास गरेर साना देशहरूलाई हेप्ने जुन प्रवृत्ति छ त्यो प्रवृत्तिको विरुद्धमा हामी जानुपर्छ। पहिले पनि एकचोटि यसरी सम्झौता गरिएको थियो त्यो सम्झौताको विरुद्धमा सरकारले कुटनीतिक नोटहरू पठायो र त्यो रोकिएको पनि थियो। अहिले फेरि यो काम सुरु भएको छ। खास गरेर नेपालको भूभाग पश्चिममा रहेको काली नदीलाई सीमा मानेर गरिएका सम्झौताहरु कायमै छन्। तिनी सम्झौताहरूलाई कारणमा

कार्यान्वयन गर्ने कुरामा अवरोध सृजना गर्ने र बेलाबेलामा हस्तक्षेप गर्ने पहिलेदेखि सैनिकहरू त्यहाँ राखिरहेको अवस्थामा भारतले त्यसलाई त्यसबाट फिर्ता नहुने र हामीले नेपालको नक्सामा हाम्रो भूभाग समेटेपछि फेरि भारतले पनि त्यसलाई आफ्नो नक्सामा हाल्ने काम गऱ्यो। त्यसपछि चाहिँ भएका विवादहरुलाई कुटनीतिक तवरले समाधान गरेर मात्रै त्यसलाई अगाडि बढाउनुपर्नेमा कुटनैतिक क्षेत्रमा नलागीकन त्यसलाई हस्तक्षेप गर्ने हिसाबले चाहिँ भएको देखिन्छ। त्यसो भएको हुनाले यो अहिले चाहिँ सरकारले जुन प्रयास गरेको छ। र अहिले फेरि कुटनीतिक नोटहरू पठाएको छ। र अब प्रधानमन्त्रीको भ्रमणहरूमा त्यसलाई जोड तोडका साथ उठाउनुपर्छ र त्यसलाई समाधानको बाटोमा लैजानुपर्छ भन्नेमा हामीलाई लाग्छ। १९१६ को मार्चमा गरिएको सुगौली सन्धि त्यसपछिका विभिन्न सन्धिहरू थुप्रै सन्धिहरुले त्यो भूमि नेपालको हो भन्ने प्रमाणित भएको छ। त्यसो भएको हुनाले त्यसलाई अब कुटनैतिक हिसाबले भारतले पनि त्यसलाई समाधान गर्नेतिर जानुपर्छ। त्यसको निम्ति हामी चाहिँ अहिले गरिएको यो उसको चाहिँ घोर भर्त्सना र विरोध गर्न चाहन्छु धन्यवाद।

(१३:१४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य जग प्रसाद शर्मा।

(१३:१४ बजे) **<u>माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो सार्वभौम सदनबाट आजको आकस्मिक समयमा गम्भीर राष्ट्रघातका संकेतहरुप्रति म सबैको ध्यानाकर्षण गराउन चाहन्छु। भर्खरै चीन र भारतको लिपुलेकबाट व्यापार पासको सम्झौता गरे। नेपाल अहिले इतिहासको पाँचौ चरणमा उभिएको राष्ट्र हो नेपाल यो चरण सम्म आइपुग्न हामीले धेरै चोट धोका संघर्ष र बलिदानको सामना गरेका छौं। प्राचीन नेपालको गौरव २२से २४से राज्यको विविधता एकीकृत ग्रेटर नेपालको बहादुरीता सानो तर स्वतन्त्र स्वाभिमानी नेपालको आत्मसम्मानबाट मात्र आजको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल जन्मिएको हो तर आज फेरी राष्ट्रिय अस्तित्वमाथि संगठित र सुनियोजित हमला हुने खतरा बढिरहेको छ। सम्मानीय अध्यक्षज्यू लिपुलेक कालापानी र लिम्पियाधुरा यी ३ वटा भूभाग हाम्रो इतिहास नक्सा सम्बन्धी सम्झौता र जनभावनाले प्रष्ट रुपमा नेपाली भूमि सुगौली सन्धिपछि १९१४ मा तयार भएको ब्रिटिस भारतको आधिकारिक नक्सामा समेत यो भूभाग नेपालभित्र पर्छ तर अहिले भारतले ती भूमि हडपेर सडक बनाएको छ राजनीतिक नक्सा प्रकाशित गरेको छ अनि चुपचाप सैन्य गतिविधिहरु बढाइरहेको छ। अझ चिन्ताजनक कुरा के छ भने चीन पनि लिपुलेकमा भारतसँग मिलेर व्यापार आवागमनको सहमति गर्दैछ। यो केवल भूमि अतिक्रमणको सवाल हैन। नेपालको सार्वभौमिकता राष्ट्रिय स्वाभिमानमाथिको सीधा प्रहार हो। यो आँखा झिम्क्याएर हेर्ने विषय हैन। यो इतिहास र भविष्यको

दोसाँधमा उभिएको राष्ट्रप्रेमको निर्णायक घडी हो। हाम्रो भूगोल र अर्थतन्त्र सानो छ तर हाम्रो स्वाभिमान र आत्म विशाल छ। कहिल्यै कसैसँग नझुकेको इतिहास छ। हामीसँग न परमाणु हतियार छ न विशाल सेनाहरु। तर हामीसँग इतिहास प्रमाण नक्सा आम नेपालीको अदम्य साहस छ। हामी भूपरिधी हाम्रो अस्मिता हो भूमिको इन्च इन्चमा हाम्रो पुर्खाको पसिना बलिदान र वीरताको इतिहास छ। कसैको इशारामा हामी राष्ट्रको माटो सस्तोमा साट्दैनौ। सीमा सम्हाल्न र रक्षा गर्न नसक्ने कुनै पनि सरकार राष्ट्रियताको पहरेदार बन्न सक्दैन। त्यस्तो देशको सरकार प्रधानमन्त्री असक्षम हुन्छ। यतिबेला सरकारले कुटनीतिक आपत्ति जनाउनु पर्‍यो कुटनैतिक पहल लिनुपर्‍यो। सम्माननीय अध्यक्षज्यू यतिबेला राष्ट्रले संसदबाट मौनता हैन केन्द्रीकृत एकता माग्दैछ। सरकारले कुटनीतिक च्यानलमार्फत प्रश्न उठाउनुपर्छ। नेपाल भारतको १८८० वर्गकिलोमिटर लामो सीमा छ। ७१ ठाउँमा सीमा विवाद छ। ३७० वर्गकिलोमिटर लिम्पियाधुरामा मात्र समस्या छ। किनकी भारतले बारम्बार नेपाली भूमि अतिक्रमण गरिरहेको छ। चीन किन संलग्न भइरहेको छ। हामी कुटनैतिक प्रतिवाद गर्न सकिरहेका छैनौं आज संसदबाट यो आवाज उठेन भने जनताले सडकबाट आवाज उठाउनेछन् जुन आवाजलाई कुनै पनि तागतले रोक्न सक्ने छैन म यो सदन मार्फत सरकारलाई आग्रह गर्न चाहन्छु नेपालको सिमाना कुनै कृते काली नदि र कृति सम्झौताको कागज होइन बरु सन्तानले पुर्खासँग गरेको वाचा हो। १८२७, १८५६, १८७९ का नक्सा साक्षी हुन्। लिम्पियाधुराबाट निस्केको काली नदी सिमाना हो। त्यस पूर्वका कुटी नावी गुञ्जी कालापानी लिपुलेक हाम्रा भूभाग हुन् २०१५ सालको आम चुनावमा त्यहाँका मतदाताले नेपालमा भोट हालेको तथ्य प्रमाण हो। अन्तमा यो मातृभूमि रक्षाको सवाल हो यसमा आँच आउने काम सरकारले गर्ने छैन। राष्ट्रियताको मामिलामा सडक र सदनबाट पक्ष र प्रतिपक्ष हुनेछैन भनेर प्रतिपक्ष दलका नेताले भनिसकेका छन्। नेपाल सँधै स्वतन्त्र थियो स्वतन्त्र छ र स्वतन्त्र नै रहिरहनेछ। राष्ट्रको माटोमा संझौता गर्ने (...... समय सकिएको। )

(१३:१८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य कृष्ण बहादुर रोकाय।

(१३:१८ बजे) **माननीय श्री कृष्ण बहादुर रोकाय, नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय दुइ ठुला छिमेकी देश चीन र भारतले लिपुलेकबाट आपसमा दुइ पक्षीय व्यापार खोल्ने सहमति गरेका छन्। उक्त सहमतिप्रति म गम्भीर आपत्ति प्रकट गर्दछु। नेपालको पश्चिमी सीमाना लिम्पियाधुराबाट ५६ कि.मि. यताको भूमि लिपुलेक आपसबाट दुइ पक्षीय व्यापार गर्ने विषयमा दुवै देशले नेपाललाई जानकारी समेत दिएका छैनन्। जबकि ६ दशक पुरानो यो विषयमा करिब

१ दशकदेखि विरोध गर्दै आएको छ। चिनियाँ विदेशमन्त्री वाङ् ही को भारत भ्रमणका क्रममा दुइ देशले लिपुलेक पास हुँदै सीमा व्यापार पुनः खोलेको सहमति गरेका छन्। यसअघि सन् २०१५ मा पनि भारतीय प्रधानमन्त्रीका रुपमा नरेन्द्र मोदी पहिलोपटक चीन भ्रमणमा जाँदा लिपुलेक पास हुँदै व्यापार गर्ने सहमति भएको थियो। भारत चीनबीचको उक्त सहमतिप्रति आपत्ति प्रकट जनाउँदै सुशिल कोइराला नेतृत्वको तत्कालीन सरकारले तुरुन्तै दुवै देशलाई कुटनीतिक नोट पठाएको थियो। यही विषयमा एक दशकमा नेपालमा प्रकट भएको विरोधलाई बेवास्ता गरेर भारत चीनले त्यही सहमति ब्युँताएका छन्। सम्माननीय अध्यक्ष महोदय लिम्पियाधुरा लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग हो भनेर परराष्ट्र मन्त्रालयले बताइसकेको छ। त्रिदेशीय समझदारी विना भारत र चीनबीच भएको सीमा व्यापार संझौता नेपाललाई स्वीकार्य छैन। यो गम्भीर विषयमा नेपालका सबै राजनीतिक दलहरु विगतमा जस्तै एक ठाउँमा उभिन जरुरी छ। हाम्रो भूमि माथि आँखा लगाउने कुरा कसैलाई पनि स्वीकार्य छैन। नेपाल यसको प्रतिवाद गर्दछ। सम्माननीय अध्यक्ष महोदय परिवक्व कुटनीतिक प्रयास र सर्व पक्षीय सहमतिका साथ सो सम्बन्धी समस्याको समाधान खोज्न सम्माननीय अध्यक्षज्यूमार्फत म नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:१९ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य डा. बेदुराम भुसाल।

(१३:१९ बजे) <u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय हाम्रो सम्माननीय प्रधानमन्त्रीज्युले चीन र भारत दुवै देशको भ्रमण गर्ने भन्ने चर्चा भइरहेकै बेलामा ती दुवै देश भारत र चीनले हाम्रो क्षेत्र लिपुलेकबाट दुई पक्षीय व्यापार गर्ने सहमति गरेको कुरा आइरहेको छ। लिपुलेक क्षेत्र लिपुलेक कालापानी लगायतको जुन क्षेत्र छ त्यो चाहिँ नेपालको क्षेत्र हो नेपालको भूभाग हो भन्ने कुराका धेरै प्रमाणहरू छन् पुराना धेरै नक्साहरू जो भर्खरै माननीयज्युहरुले चर्चा गर्नुभएको छ। त्यति मात्र होइन भारतका एकजना एक्टिङ सचिवले लेखेको पत्र छ लिपुलेक क्षेत्र लिपुलेक कालापानी लिम्पियाधुरा क्षेत्रका जनताहरूले नेपालको मालपोत कार्यालयमा मालपोत तिरेका रसिदहरू छन्। एकपटक सबभन्दा पहिलो पटक नेपालको जनगणना हुँदाखेरि त्यस क्षेत्रमा पनि नेपालका जनताको रुपमा जनगणना गरिएको थियो। २०१५ सालको चुनावमा त्यहाँका जनताले हाम्रो आम चुनाव हुँदाखेरि मतदान गरेका थिए। नेहरूले समेत यसका सन्दर्भमा पत्र लेखेका छन् चिनिया राजदूतले समेत कुनै बेला बोलेका छन् यी धेरै प्रमाणहरूले यो क्षेत्र नेपालको हो भन्ने स्थापित भएको छ। यिनै प्रमाणका आधारमा हामीले चुचे नक्सा

छापेका थियौं। अब यसभन्दा अगाडि पनि यी दुवै देशले चीन र भारतले लिपुलेक क्षेत्रबाट दुईपक्षीय व्यापार गर्ने सहमति गरेका थिए र त्यसबेला हामीले एकताबद्ध भएर तत्कालीन प्रधानमन्त्रीलाई साथ दिएका थियौ र प्रधानमन्त्री सुशील कोइरालाले जुन कुटनीतिक नोट पठाउनुभएको थियो त्यो नोटको चीनतर्फबाट सकारात्मक जवाफ पनि आएको थियो भारतले त्यसको जवाफ दिएको थिएन। त्यसपछि अगाडि बढ्ने काम भएन। यहाँ गम्भीर प्रश्न छ त्यसपछि किन अगाडि बढिएन त्यसलाई कुटनीतिक तरिकाले किन अगाडि बढाइएन त्यो कामलाई र आज फेरि त्यही चाहिँ उनीहरुले दोहोऱ्याउँदैछन्।त्यो दोहोऱ्याइरहेको अवस्थामा हामी अब कसरी जाँदैछौं के गर्द खोज्दैछौं भन्ने कुरा अहिलेसम्म सरकारको तर्फबाट प्रष्ट दृष्टिकोंण आइसकेको छैन।यो क्षेत्रमा जुन ढंगले त्यहाँ अतिक्रमण भइरहेको छ दुइटा हाम्रा छिमेकी मुलुकहरु मिलेर जसरी हाम्रो क्षेत्रमाथि अतिक्रमण गरेका छन् यसमा गम्भीर आपत्ति छ र यो विषयलाई कुटनीतिक तरिकाले समाधान गर्नका निम्ति सरकार किन लाग्दैन मैले किन आपति गर्दै छु भने हाम्रो जुन चुच्चे नक्सा हो आजसम्म पनि त्यो नक्सा न त चीनलाई दिएको छ न त भारतलाई दिएको छ न त संयुक्त राष्ट्रसंघमा नै पठाइएको छ। यस ढंगले नक्सा छाप्ने तर सम्बन्धित ठाउँमा नपठाउने पाठ्यक्रममा समेत राख्न तयार नहुने जस्ता व्यवहार सरकारहरूबाट भइरहेका छन् यी गलत छन् र यसका सम्बन्धमा के धारणा हो सरकारले संसदलाई यथाशीघ्र (...... समय सकिएको।)

(१३:२३ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरुको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरुलाई बोल्न एक-एक मिनेटको समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य घनश्याम रिजाल।

(१३:२३ बजे) <u>माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय भारत र चीनले नेपालको उपस्थिति र सहमति बिना नै आपसी व्यापारिक प्रयोजनको लागि नेपाली भूभाग लिपुलेक नाकालाई पुनः सञ्चालन गर्ने सहमति गरेका छन्। २ छिमेकी मुलुकको यो कदमप्रति गम्भीर असहमति प्रकट गर्दछु। दुइ देश मिल्नु छिमेकीका नाताले नेपाललाई पनि खुशीको कुरा हो।तर हाम्रो भूमि अतिक्रमण गरी हुने मिलनलाई हामी किमार्थ स्वीकार्य छैन।बाटो उनीहरुको चाहना र आवश्यकता हो भने त्यो बाटो दिन हामी तयार हुनुपर्छ तर हाम्रो अपनत्व र स्वामित्व कायम हुनेगरी।अध्यक्ष महोदय लिपुलेक हाम्रो हो भन्ने यथेष्ट तथ्य प्रमाण हुँदाहुँदै पनि हाम्रो भूभाग हाम्रो मातहतमा किन ल्याउन सकेनौं? दुइ पक्षीय संयन्त्रका बैठकहरुमा किन विषय उठाईंदैन? दुइ पक्षीय हुने उच्च स्तरीय

भ्रमणहरुमा भेटवार्ताहरुमा किन यो विषयलाई एजेण्डा बनाउन सकिरहेका छैनौं र अन्तर्राष्ट्रिय मञ्चहरुमा यो विषय किन उठान गर्न सकिरहेका छैनौं? यसको समीक्षा तत्काल सर्वदलीय बैठक बोलाएर नेपालको साझा धारणा बनाइ प्रधानमन्त्रीज्यूको आसन्न चीन र भारत भ्रमणको बेलामा यो विषयलाई बलियोसँग उठाउन कुटनीतिक पहलबाट यसको समाधान गर्नुपर्छ भन्ने मेरो (...... समय सकिएको।)

(१३:२४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य पदम बहादुर परियार।

(१३:२४ बजे) **माननीय श्री पदम बहादुर परियार (नेपाली काङग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय हाम्रा छिमेकी राष्ट्र भारत र चीनले जुन व्यापारिक संझौता गरेका छन् नेपालको भूमि प्रयोग गर्दै हामी नेपालीहरुलाई जानकारी नदिइकन नेपालीहरुको स्वीकृति विना जुन संझौता गरिएको छ।यो स्वीकार्य छैन।यसलाई खारेज गर्नुपर्दछ।सम्माननीय अध्यक्ष महोदय हामी धेरै उत्तेजित हुनु पनि आवश्यक छैन।म सम्माननीय अध्यक्षज्यूमार्फत सम्माननीय प्रधानमन्त्रीज्यूको आसन्न भारत भ्रमणका बेलामा यसलाई कुटनीतिक तवरबाट यसको समाधान खोज्ने प्रयास गरियोस् र परराष्ट्र मन्त्रालयको तर्फबाट तुरुन्तै एउटा डिप्लोम्याटिक नोट भारत र चाइनालाई पठाइयोस् भन्ने माग पनि गर्दछु। धन्यवाद।

(१३:२५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य मनरुपा शर्मा।

(१३:२५ बजे) **माननीय श्री मनरुपा शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, हिन्दु महिलाहरूको महान पर्व हरितालिका तीजको उपलक्ष्यमा स्वदेशमा तथा विदेशमा रहनुहुने दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।सम्माननीय अध्यक्ष महोदय सरकारको ध्यान लिपुलेकतिर छैन, सरकारको ध्यान यता छ। गणतन्त्र ल्यायौं देशमा संविधान पनि लेखियो गणतन्त्र ल्यायौं देशमा संविधान पनि भ्रष्टाचारले देशै खाने लक्षण देखियो।देश लुट्नेलाई कारवाही गर्दा यिनलाई सह्य भएन।देश लुट्नेलाई कारवाही गर्दा यिनलाई सह्य भएन भ्रष्टाचारको टाउको हान्दा सरकार रहेन।अहिले जुन लिपुलेकका कुराहरु आएका छन्।लुट्ने र लुटाउनेतिर सरकार गएको छ।यसको स्पष्ट धारणा दिनुपर्छ र हाम्रो सत्यतथ्य जानकारी पाउँ।सरकारले छिटोभन्दा छिटो पहलकदमी चालोस्। धन्यवाद।

(१३:२६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य रुकमिणी कोइराला।

(१३:२६ बजे) **माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, भर्खरै चिन र भारतद्वारा हाम्रो भूभाग नेपालको भूमि कालापानी, लिपुलेक, लिम्पुयाधारा हुँदै चिन-भारतले व्यापारिक मार्ग खोद्न सम्झौता गरेको हुँदा हामी नेपाली साथै सम्पूर्ण संसदले यसले घोर आपत्ति जनाउनु पर्दछ। यसको निन्दा गर्नुपर्छ। हामीले राष्ट्रिय सभाका सम्माननीय राष्ट्रिय सभा अध्यक्षज्यू मार्फत सरकारलाई कूटनीतिक तहद्वारा समस्या समाधान गर्न ध्यानाकर्षण गर्न चाहन्छु। यसैगरी १९५० को सुगौली सन्धि अनुसार हाम्रो भूमि फिर्ता हुनुपर्छ भन्न चाहन्छु। हस् धन्यवाद।

(१३:२७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य रेनु चन्द।

(१३:२७ बजे) **माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय प्रधानमन्त्रीको महिलाहरुको बारेमा दृष्टिकोणमा समस्या देखिएको छ। आफ्नो पार्टीका महिला नेताहरूको पार्टी सदस्यता रिन्यु नगर्ने जायज कुरा उठाउँदा महिला नेतालाई कारवाही गर्ने बहु विवाह १६ वर्ष विवाह उमेर बनाएर बालविवाहलाई कायम र वैधानिकता दिन खोज्ने बलात्कार जस्ता जघन्य अपराधलाई आममाफीको दायराभित्र ल्याउन खोज्ने जस्ता विवादास्पद र पश्चगामी ड्राफ्ट र कानुन उहाँको सरकारले बनाइरहेको छ। हिजो अस्ति कोरा कागजमा साइन गराएर सांसदहरूको सिग्नेचर बटुलेर उपसभामसख जो महिला हुनुहुन्छ उहाँलाई हटाउन खोज्ने अभियानमा लागिराख्नु भएको छ।स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव डा. संगीता कौशल मिश्रको पदोन्नति रोक्नु भएको छ।यी घटना केवल संयोग मात्रै हैनन्।यी घटनाले के सावित गर्छन् भने प्रधानमन्त्री ओली र यो दुइतिहाईको सरकार महिला विरोधी सरकार हो। सम्मानित प्रधानमन्त्री ओलीलाई महिला फोबिया भएको हो र? हैन भने किन यस्तो महिला विरोधी गतिविधि गरिराख्नु भएको छ।धन्यवाद।

(१३:२८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१३:२८ बजे) **माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्षज्यू भारतले लिपुलेक पासमाथि नेपालको दाबी औचित्यपूर्ण नरहेको भन्दै खारेज गरेको छ। भारत चीनको बीचमा सन् १९५४ देखि नै लिपुलेकमार्ग हुँदै व्यापार गरेको दाबी गरेका छन्। भारतले बाँकी सीमाका समस्याका विषयमा नेपालसँग सम्वाद र कूटनीतिक माध्यमबाट कुरा गर्न तयार रहेको स्पष्ट पारेको छ। नेपालले पनि आफ्नो स्वाभिमान सीमा सुरक्षालाई डटेर कुटनीतिक ढंगले तुरुन्तै समाधानको लागि पहलकदमी लिनुपर्दछ। भूगोलमा सानो भए पनि आफ्नो स्वाभिमानमा नेपाल कदापि सानो छैन। नेपाल जुनसुकै स्तरको वार्ता गर्न तयार छ भन्ने कुरालाई सरकारले यसको दरिलो जवाफ भारतलाई दिन सकोस् भन्ने कुरा सम्माननीय अध्यक्षज्युमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:२९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१३:२९ बजे) **माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, यही भाद्र ३ गतेको अविरल वर्षाका कारण कालिकोट जिल्ला नरहरिनाथ गाउँपालिका वडा नम्बर ६ स्थित शान्ति मा.विको दुईटा भवन ध्वस्त भएका छन्। अहिले विद्यार्थीको पढाईमा अवरोध भइराखेको छ। त्यसैले सरकारको ध्यान छिटोभन्दा छिटो त्यो शान्ति मावि रातमाटाको भवन निर्माणमा जाओस् छिटो भन्दा छिटो भवन निर्माण गरियोस् भन्ने म माग राख्दछु। अर्कोतिर भर्खरै हाम्रा छिमेकी विशाल दुई देशले नेपालको भूभागलाई प्रयोग गरेर व्यापारका सन्धि गरिरहेका छन् व्यापार सन्धि अगाडि बढाइराखेका छन् यो नेपालमाथिको सीधासीधा हस्तक्षेप हो। नेपाल सानो भए पनि अस्तित्वमा सबै देशहरु बराबर छन्। त्यसैले नेपालमाथिको हस्तक्षेप जुन चीन र भारतले गरिरहेका छन् त्यो सह्य हुन सक्दैन। त्यसैले चीन र भारतले आफ्नो निर्णयलाई पुनर्विचार गरोस् भन्ने माग राख्दछु। धन्यवाद।

(१३:३० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१३:३० बजे) **माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, चिनियाँ विदेशमन्त्री वाङ यी को भारत भ्रमणका क्रममा दुई देश भारत र चीनले लिपुलेक पास नाकाबाट सीमा व्यापार पुनः खोल्ने सहमति गरेको छ। लिपुलेकमा दुई

पक्ष व्यापार गर्ने सहमति गर्दा भारत र चीन दुवैले नेपाललाई कुनै जानकारी नदिनु आपत्तिजनक छ। नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डतामा आँच आउने गरी भारत र चीनले लिपुलेकमा गरेको दुई देशीय सहमति खेदजनक छ। लिपुलेकमा भारत र चीनको सहमतिपछि सरकार के गरिरहेको छ सरकारको दृष्टिकोणसहित सभालाई जानकारी दिन म अनुरोध गर्दछु। एवं दुई छिमेकी मुलुकसँग युद्ध स्तरमा छिटो कुटनैतिक पहल गरी लिपुलेकमा भारत र चीन सहमतिको गलत निर्णय सच्याउन लगाउन सम्माननीय अध्यक्षज्युमार्फत म सरकारसँग जोडदार माग गर्दछु। धन्यवाद।

(१३:३१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य सावित्री मल्ल।

(१३:३१ बजे) **<u>माननीय श्री सावित्री मल्ल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय नेपालको भूमि लिम्पियाधुरा कालापानी लिपुलेक नेपालको नै रहेको ऐतिहासिक प्रमाण स्पष्ट हुँदाहुँदै भारत र चीनबीच २०८२ भदौ ३ गते नयाँ दिल्लीमा नेपालको जानकारी संलग्नता र सहमति विना नै लिपुलेक नाकालाई आपसी व्यापारी प्रयोजनका लागि सञ्चालन गर्ने सम्झौता भएको हुँदा नेपालजस्तो एउटा छिमेकी राष्ट्रको सार्वभौमिकता र अस्तित्वमाथि बेवास्ता गर्ने कार्य गरेकोले यो एउटा दुखद र भौगोलिक अखण्डता माथि ठाडो हस्तक्षेपको विषय हो साथै नेपाल र नेपालीमाथि गरिएको हेपाहा प्रवृत्ति हो। त्यसैले नेपालको सार्वभौमिकता र स्वाभिमानको मूल्यमा कुनै सम्झौता स्वीकार्य नहुने भएकोले भारत चीन बीच भएको यो सम्झौतालाई सच्याउन नेपाल सरकारले दुवै देशसँग औपचारिक छलफल कुटनीतिक र राजनीतिक पहल गरिनुपर्छ। यसको साथसाथै यस प्रकारको सम्झौताको विपक्ष र राष्ट्रिय हितको पक्षमा तत्काल सर्वपक्षीय बहस र एकता हुन जरुरी छ (...... समय सकिएको।)

(१३:३२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरु शुन्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरु प्रादेशिक सरोकार समयमा बोल्नका लागि दलिय आधारमा माननीय सदस्यहरुको नाम प्राप्त भएको छ। अब माननीय सदस्यलाई बोल्न समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य आनन्द प्रसाद ढुङ्गाना। समय १५ मिनेट। यसपछि माननीय सदस्य तारामान स्वाँर।

(१३:३३ बजे) **माननीय श्री आनन्द प्रसाद ढुंगाना (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय आज म प्रादेशिक विषयमा केही आफ्ना कुरा राख्न चाहन्छु। तर त्योभन्दा पहिले अहिले भर्खरै। चीनका विदेश मन्त्री भारतमा गएर जुन किसिमबाट नेपालको भूमि लिपुलेक लिम्पियाधुरा र कालापानीमा Trade and Transit को संझौता गरे। यो नेपालका लागि र नेपाली जनताका लागि धेरै नै दुखद कुरा हो। यसका बारेमा यो भन्दा पहिले पनि भारतका प्रधानमन्त्री र चीनका प्रधानमन्त्रीले यो लिपुलेक लिम्पियाधुरा र कालापानीमा Trade and Transit को संझौता गरेका थिए। त्यतिबेलाका तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले नोट लेखेरै भारतलाई यो त्रिपक्षीय ठाउँ हो। यहाँ नेपालकै भूमि हो। अहिले नेपाललाई नसोधीकन जुन किसिमबाट एउटा तपाईले संझौता गर्नुभयो त्यसको हामी घोर विरोध गर्छौं भनेर भनेका कुराहरु हामी अहिले म अहिले पनि बिर्सिदिन। त्यसैले म के भन्न चाहन्छु भने अहिले नेपाल सरकारले हामीले आफ्नो नक्सा पनि निकालिसकेका छौं। प्रधानमन्त्रीज्यु अहिले चीन पनि जाँदै हुनुहुन्छ भारत पनि जाँदै हुनुहुन्छ। यस विषयमा प्रधानमन्त्रीले कुटनीतिक किसिमबाट चैने आफ्ना कुराहरू राख्नुहोला र नेपालको भूमिको सुरक्षा होला भने विश्वासका साथमा आफ्नो कुराहरु अब अगाडि बढाउँछु। अध्यक्ष महोदय लामो सङ्घर्षपछि हामीले यो देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र संविधान जारी गरेका छौं। यसका लागि हजारौं नेपाली जनताले बलिदान दिएका छन् सङ्घर्ष गरेका छन् लडाई लडेका छन्। अनि यो संघीय लोकतान्त्रिक गणतन्त्र संविधान आएको छ। र संघीय लोकतान्त्रिक गणतन्त्र संविधान आएको पनि १० वर्ष भयो। दुइटा निर्वाचन भइसक्यो। स्थानीय निर्वाचन पनि २ पटक भयो प्रदेशका निर्वाचन पनि २ पटक भयो। संघीय निर्वाचन पनि २ पटक भयो। तर नेपाली जनताले सोचे अनुसारको संघीयता यो देशमा चलेको छैन। संघीयताले पूर्ण रूपमा जुन अधिकार पाउनुपर्थ्यो त्यो पाएको छैन। हामीले कानुनमा त लेख्याछौं हामीले संविधानमा त लेख्दिएका छौं। हामीले संविधानमा पनि भन्दिएका छौं कि यो देशमा संविधानको धारा ५७ ले राज्यको शक्तिको बाँडफाँटमा हामीले अनुसूचीमा संघका प्रदेशका र स्थानीयका र संघ, प्रदेश र स्थानीयको संयुक्त अधिकारको कुरा पनि खुलाएका छौं। तर त्यो अनुसारको हामीले ऐन कानुन बनाउन सकेका छैनौं। त्यस अनुसारको हामीले काम गर्न सकेका छैनौं। जसले गर्दाखेरि जुन किसिमबाट संघबाट कामभन्दा पनि प्रदेशहरूबाट र स्थानीय तहबाट जुन स्थानीय तह नजिकबाट गाउँमा बसेको छ। त्यहाँबाट जनताले जुन किसिमबाट डेलिभरी पाउनुपर्थ्यो। जुन किसिमबाट विकासका कुराहरु पाउनुपर्थ्यो। जुन किसिमबाट उनीहरुले चाहिँ अधिकारको सम्पन्नता पाउनुपर्थ्यो त्यो पाएका छैनन्।

यसै कुरालाई लिएर हामीले यो अहिले भर्खरै तपाईका हाम्रो जब राष्ट्रिय सभाको निर्वाचन भयो डेढ वर्ष पहिले अनि हामीले भन्यौ हाम्रो निर्वाचन मण्डल भनेको त स्थानीय तह हो प्रदेश तह हो। त्यसैले स्थानीय तह र प्रदेश तहको समस्याका बारेमा हामीले राष्ट्रिय सभामा राखेनौं। राष्ट्रिय सभामार्फत सरकारलाई चाहिँ गएर सचेत गराएनौं भने हामी गएर हामीले उनीहरुको मत लिएको या उनीहरुको

समस्याका बारेमा बुझेको बुझिँदैन फेरि अहिलेसम्म हामीले जे गरे पनि हामीले अब गएर राष्ट्रिय सभाका सांसदहरू सम्बन्धित प्रदेशमा गएर आफ्ना प्रदेशमा भएका समस्याहरूलाई गएर हामीले बुझ्न सक्यौं ल्याउन सक्यौं र यसलाई यो राष्ट्रियसभामार्फत सरकारलाई हामीले दिन सक्यौं भनेदेखि मलाई लाग्छ कि हामीले चाहेको या नेपाली जनताले जुन सपना देखेका थिए संघीयता आएपछि अब यो देशमा नेपाली जनताको अधिकारहरु पनि सुरक्षित हुन्छ र विकास पनि हुन्छ भन्ने जुन सोचेका थिए त्यो पूर्ण हुन्छ भनेर नै यसपालि अध्यक्षज्युमार्फतै हामीले गएर यो कुराहरुलाई राख्यौं र हामी एकपल्ट यो २०८२ जेठ ११, १२ गते हामी गयौ र हामीले आ-आफ्ना प्रदेशका समस्याहरूमा बुझ्यौ त्यहाँ बुझ्दै गएर बुझ्दै गर्दा मैले के पाएँ भने अहीलेपनी स्थानीय तपाईंको गाउँपालिका नगरपालिकाहरूको नगर परिषद् भएको छ। विभिन्न तपाईंको समस्याका कारणबाट। नगर परिषद भएन भने विकासका खर्चहरु कसरी हुन्छन्? अहिले पनि तपाईंको कर्मचारी पूर्ण रुपमा हामीले चाहिँ गएर प्रदेशलाई दिनसकेका छैनौं।अहिले पनि हामीले चैने गएर बजेट पनि कटौती गरिरराखेका छौं।बजेट कहिले पठाइदिन्छौं पछि बीचमा कटौती गर्छौं। जसले गर्दा उनीहरुले बनाएको बजेटमा काम सुरु हुन्छ अनि बजेट सरकारले केन्द्रिय संघीय सरकारले गएर यति प्रतिशत भएको बजेट अब जाँदैन है भनेपछि त्यो विकासका कामहरु ठप्प हुन्छ।हामीले भन्दिन्छौं हामीले पुंजीको सुनिश्चतता गर्दैनौं भन्दिन्छौं के भनेदेखि अब ल ७५३ वटै गाउँपालिका नगरपालिकामा अब अस्पताल खुल्ने भयो शिलान्यास गर्नुस् हामी भन्दिन्छौं।अनि त्यसपछि गाउँ विकास समितिको भवनहरुको बारेमा त्यसै भन्छौं अर्थात् भनाईको अर्थ के हो भनेदेखिन् हामीले जे कुरा भन्छौं त्यसको पुंजीगत सुनिश्चितता नगरेको कारणबाट धेरै अस्पतालहरु अलपत्र परेको छ।धेरै विकासका कामहरु अलपत्र परेका छन्।यस किसिमबाट यदि हामीले काम गऱ्यौं भने मलाई लाग्दैन हामीले संघीयतालाई बलियो बनाउँछौं।संघीयतालाई बलियो बनाउने हो भने हामीले पुंजीको पनि सुनिश्चितता गर्नसक्नुपर्छ र ढुक्क रूपले उसले आफ्नो काम गर्दै गर्दा या उसले आफ्नो डेलिभरी गर्दै गर्दा कर्मचारीको बारे पनि उनीहरु चाहिँ गएर माग गरेर पठाएका छन्।

अहिले हरेक नगरपालिकामा तपाईं जानुस् अधिकृतहरु ६-६ महिना ३-३ महिना १५-१५ दिनमा सरुवा हुन्छ।कारण के भने कहिँ पनि गएर नगरपालिकामा विकासका कामहरु गर्दै गर्दा व्यवस्थित ढंगबाट गर्ने परिस्थिति छैन। अनुभव को पनि कमी छ मैले कहिँ कहिँ त अनुभव पनि हामीले कमी देख्यौं। जस्तो उपमेयरलाई तपाइको कानुनि न्यायिक अधिकार पनि हामीले दिएका छौं।न्यायिक अधिकार दिएर मात्रै हुँदैन त्यहाँ तलको दरबन्दी जबसम्म हामी एउटा ल पास गरेका विद्यार्थीलाई एउटा दरबन्दी जबसम्म हामी दिन्नौं तबसम्म तपाईंको चाहिँ न्यायिक निरुपण पनि गरेर न्याय किसिमबाट हुँदैन।त्यसैले हामी जब गाउँमा जान्छौं हामी जब क्षेत्रमा जान्छौं जब हामी गएर प्रदेशमा जान्छौं अनि सबै ठाउँमा गएर यही भन्छ कि मैले यस्तो ठाउँमा निवेदन दिएको थिएँ त

आजसम्म पनि हाम्रो फछ्र्यौट भएको छैन। अनि उपमेयरसँग हामी कुरा गर्छौं। उहाँहरु के भन्नुहुन्छ भने हामीलाई कानुनी सल्लाहकार छैनन्। कानुनी सल्लाहकार नभएको कारणले हामीले सही ढंगबाट निर्णय पनि दिन सकेका छैनौ। त्यसैले के हो भने तल्लो तहमा स्थानीय तहमा के समस्या छ संघमा के समस्या छ यी सम्पूर्ण समस्याको बारेमा हामीले राम्रो गरी अध्ययन गरेर यसपालि त हामीले ल्याएका छौं यसलाई Compile पनि गरेका सातै प्रदेशको Compile गरेर हामीले सदनमा पनि प्रस्तुत गरेका छौ। आज त्यसै सम्बन्धमा पनि हामीले बोल्न कोशिस गर्दैछौं। मेरो भनाई के हो भनेदेखिन् यदि साँच्चि नै संघीय लोकतान्त्रिक गणतन्त्र संविधान हामीले सफलतापूर्वक यो देशमा संघीयतालाई बलियो बनाउने हो भने हामीले गएर स्थानीय तहमा प्रदेश तहमा राम्रो गरेर अधिकारहरुलाई चाहिँ व्यवस्थित गर्नुपर्छ। त्यसको कमी देखिएको छ।

स्वयं म अध्यक्ष महोदय अध्यक्ष महोदयमार्फत म के अनुरोध गर्न चाहन्छु भने सरकारले १० वर्ष भइसक्यो तर चैने गएर अहिले पनि व्यवस्थापन मिलाउन सकेको छैन। हामीले संघमा बनाइदिनुपर्ने हामीले ऐन कानुन पनि बनाइदिएका छैनौं जसले गर्दा खेरि के भएको छ भने प्रदेशले ऐन कानुन बनाउन गाह्रो भइराखेको छ। मधेश प्रदेशमा प्रहरी ऐन बन्यो तर संघले प्रहरी ऐनको बारेमा निर्णय नगरिदिएको हुनाले कर्मचारी ऐनको बारेमा निर्णय नगरिदिएको हुनाले त्यहाँ गाह्रो भइराखेको छ। यसरी के हो भनेदेखि जति ऐनहरु हामीले केन्द्रबाट बनाइदिनुपर्ने हो विषयसूचीमा हामीले जे कुरा छुट्याइदिएका छौं अधिकारहरु चाहे त्यो संघको अधिकार होस् चाहे त्यो प्रदेशको अधिकार होस् चाहे स्थानीय तहको अधिकार होस् या संयुक्त रुपमा संघ प्रदेश र स्थानीय तहको जुन अधिकार छ त्यसलाई व्यवस्थित जबसम्म गर्रिंदैन तबसम्म संघीयता सबल र बलियो रुपमा अगाडि बढ्न सक्दैन। हामीले खाली भाषणमा गरेर यो संघीयतालाई सफल बनाउनुपर्यो भनेर सफलता हुँदैन। हामी जब संघीयताका बारेमा सम्बन्धित प्रदेशमा गयौं। प्रदेशको राजधानीमा हामीले गएर स्थानीय तहलाई बोलाएर स्थानीय तहका मेयर उपमेयर त्यहाँका गाउँपालिकाका अध्यक्ष उपाध्यक्ष सग भेटयौं उहाँहरूको कुरा सुन्दै गर्दा हामीले के लाग्यो भने यो तपाईहरुले पहिलो चोटी राष्ट्रिय सभा आएर हाम्रा समस्याका बारेमा सुन्दै हुनुहुन्छ। तर यो समस्या सुनेर मात्र हुँदैन। तपाईंले यसलाई कार्यान्वयन पनि गर्दिनुपर्छ भन्ने कुरा उहाँले राख्नुभएको छ। त्यसैले म के भन्न चाहन्छु भने हामीले जुन किसिमबाट अहिले जुन पद्धतिलाई अगाडि बढाउन खोजेका छौं। यी पद्धतिलाई कार्यान्वयन पक्षमा बलियो बनाउने कोशिस हामीले पनि स्वभाविक रुपमा गर्नुपर्छ भन्ने मेरो आग्रह हो।

त्यस्तै अब मैले जानकारी पाए अनुसार म जसरी गएँ मधेश प्रदेशमा खडेरी थियो पानी थिएन। खडेरी भयो भने त मान्छेलाई के हुन्छ भने यो साल नभए अर्को साल त उब्जाउ होला नि या एउटा बाली धान भएन भने मकै होला नि मकै नभए गहुँ होला नि त। हरेक किसिमले

मान्छेले Alternate खोज्छ। तर पिउने पानी नै छैन। पिउने पानी नहुनु भनेको त धेरै दुर्भाग्य हो। पिउने पानीका लागि पनि गाउँका मान्छेहरु नगरपालिका गाउँपालिकाका मान्छेहरु ट्याङ्करबाट पानी बाँडिराखेका थिए। नगरपालिकाका चाहिँ मेयरहरुले ट्याङ्करबाट गाउँपालिकामा बाँडिरहेका थिए। यो त साँच्चि नै गएर दुर्भाग्यपूर्ण कुरा थियो। त्यसैले सरकारले यो खानेपानी र सिंचाईलाई जबसम्म बलियो बनाउँदैन। जब मान्छेको पेट भर्छ अनि उसले चाहिँ गएर खोज्छ कि अनि पनि अरु कुरा मैले पाउनुपर्छ भनेर। पेटै भर्दैन पानी पाउँदैन त समस्या हुन्छ नि। त्यसैले मेरो भनाई के हो भने सरकारले दिगो रुपमा अहिले अल्पकालीन समस्याको त पानी अहिले परेर मान्छेले केही रोपाई गरे पनि तर अल्पकालीन रुपमा समस्याको हल भएको छ। दिर्घकालीन रुपमा खानेपानीको व्यवस्था कसरी गर्न सकिन्छ। खानेपानीको व्यवस्था गर्नका लागि चुरेलाई सबभन्दा पहिले पूर्वदेखि पश्चिम महाकालीसम्म मेचीदेखि महाकालीसम्म चुरेको सुरक्षा अनिवार्य छ। त्यस्तै बालुवा ढुंगाको नाउँमा। जति पनि बालुवा ढुंगाको नाउमा क्रसरहरु चलेका छन्। जहाँतहीं क्रसर चलाइएको छ। जुन ठाउँमा क्रसर चलाउन नहुने हो त्यो ठाउँमा चलाइएको छ। अस्ति न्युजमा देखाउँदैथ्यो अस्ति सिराहामा यति तलसम्म खनेर उत्खनन् गरिएको छ ढुङ्गाहरू जसले गर्दाखेरी त्यहाँ नजिकका खानेपानीहरू सब बन्द भएका छन्। चुरे विनाश भएर हामीले गर्न त गऱ्यौं राष्ट्रपतिसँग चुरेलाई जोड्यौं। राष्ट्रपति तराई चुरे संरक्षण भनेर भन्यौं। तर त्यसले काम गर्न सक्यो? त्यसको पनि ७/८ वर्ष त भयो त्यो कमिटी पनि बनेको। किन भएन? कसले त्यसको मूल्यांकन गर्ने कसले यसलाई हेर्ने कसको दायित्वभित्र पर्छ। मैले न्युजमा देखेको छु। समितिमा भएका मानिसहरु विभिन्न पार्टीबाट गएका होलान् तिनीहरु आपसमै अफिसमै झगडा गर्छन्। त्यस्ता मान्छेहरुलाई राखेर यो देशमा विकास सम्भव छ? छैन।

त्यसैले मेरो के भनाई हो भने चुरेको संरक्षण अनिवार्य छ। चुरेको संरक्षण गरौंर त्यसपछि खानेपानीको व्यवस्था पनि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म अनिवार्य रुपमा गरौं। त्यस्तै सिंचाईका लागि सुनकोशी कमला डाइभर्सन मरीन डाइभर्सन त्यस्तै वागमती सिंचाई आयोजना त्यस्तै गण्डक सिंचाई आयोजना त्यस्तै धेरै योजनाहरु छन् पूर्वमा चन्द्रनहर कोशी नहर यस्ता नहरहरुलाई अहिले केही समय पहिले शुरु गरिएको छ दुधकोशी नहर तर त्यो अहिले अव्यवस्थित छ। त्यो व्यवस्थापन हुन सकेको छैन। चन्द्रनहर चन्द्र शमशेरको पालामा बन्यो र अहिले त्यहाँ पानी नै छैन। त्यसैले के हो भने पानी छैन या गर्न सकिँदैन या गएर पानीको अभावमा सुक्यो होला भने त्यस्ता नहरभन्दा नयाँ किसिमबाट सरकारले जस्तो पश्चिममा गुलरिया आयोजना गण्डक आयोजना। यी सबै नदी र सिंचाईहरुलाई हामीले अगाडि बढाउन सक्यौं भने मलाई लाग्छ हामीले चाहिँ गएर यसलाई अगाडि बढाएर देशमा अहिले पानीको जो अभाव भयो। यहाँ खानेपानी सम्म पनि पाइएन। मलाई एकदम याद छ हामी केटाकेटीमा पढ्दै गर्दा हैन

यार एकदिन समय यस्तो आउँछ कि पानी किनेर खानुपर्छ।हामीलाई आश्चर्य लाग्थ्यो।आज म भएकै बेलामा मैले पानी किनेर खाने अवस्था आयो मेरो गाउँका मान्छेहरुले गरीब दलितहरुले पानी किन्न सक्ने अवस्थामा छन्? छैनन्। ५०० रुपैयाँ रोज कमाउँछन् बिचरा कतिको पानी किन्नु कतिको चामल किन्नु कतिको धान किनुन् कतिको चाहिं नुन तेल किनुन् र उनीहरुले आफ्नो बालबच्चालाई खुवाउन्।यो परिस्थिति छ देशको।त्यसैले यो भन्दा अलग्ग कसैले यो देशलाई चाहिँ गएर सम्पूर्ण रुपमा हामीले जिम्मेवारी लिनुपर्छ भन्दा खेरि हामी भन्दिन्छौं।(...... समय सकिएको।)

(१३:३६ बजे) <u>पीठासीनः</u>- माननीय श्री तुलसा कुमारी दाहाल।

(१३:४८ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य तारामान स्वाँर।समय १३ मिनेट।त्यसपछि माननीय सदस्य मदन कुमारी शाह(गरिमा)।

(१३:४९ बजे) <u>माननीय श्री तारामान स्वाँर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, महिनाको दुई दिन प्रादेशिक सरोकारको समय तोकिएता पनि यो नियमित हुन नसकेको प्रति ध्यानाकर्षण गराउँदै सर्वप्रथम सुदूरपश्चिम प्रदेश र राष्ट्रिय सरोकारकै विषय भारत र नेपालबीच विभाजित भारतद्वारा अतिक्रमित नेपाली भूमिको रूपमा रहेको लिपुलेक पासलाई व्यापार मार्गका रूपमा प्रयोग गर्ने सम्बन्धमा भर्खरै भारत र चीनबीच भएको सम्झौता प्रति आपत्ति जनाउन चाहन्छु। र यस सम्बन्धमा सरकारको मौनताप्रति गम्भीर प्रश्न उठाउँदै सरकारले यस सम्बन्धमा सदनमा जानकारी दिनुका साथै भारत र चीनसँग कुटनैतिक रूपले यथाशिघ्र आपति जनाउन समेत माग गर्दछु। सम्माननीय अध्यक्ष महोदय नेपालको जनसंख्या जम्मा क्षेत्रफलको १३.२८ प्रतिशत क्षेत्रफल ओगटेको सुदूरपश्चिम प्रदेश क्षेत्रफलका हिसाबले पाँचौं ठूलो प्रदेश हो। नेपालको कुल जनसङ्ख्याको ९.२९ प्रतिशत जनसङ्ख्या रहेको सुदूरपश्चिम प्रदेश २ जिल्ला तराई क्षेत्रमा ४ जिल्ला पहाडी क्षेत्रमा तथा ३ जिल्ला हिमाली क्षेत्रमा गरी जम्मा ९ जिल्लामा विभाजित रहेको छ। पूर्वमा कर्णाली र लुम्बिनी प्रदेश पश्चिममा भारतको उत्तराखण्ड उत्तरमा चीनको स्वायत्त प्रदेश तिब्बत तथा दक्षिणमा भारतको उत्तर प्रदेशसँग सीमा जोडिएको सुदूरपश्चिम प्रदेश त्रिदेशीय सिमाना कारण अत्यन्तै रणनीतिक महत्त्वको अवस्थितिमा रहेको छ। २०४९ सालमा कर्णाली नदीमा पुल बनेपछि मात्र नेपालका अन्य भूभागसँग जोडिएको सुदूरपश्चिममा अथाह प्राकृतिक स्रोत साधनको उपलब्धता पर्यटन खानी जडीबुटी र कृषि उद्योग एवम् जलस्रोतको प्रचुर सम्भावना भएता पनि राज्यको नजरबाट ओझेलमा परेकोले सधैं उत्पीडित

एवं उपेक्षित रहँदै हर क्षेत्रमा पछाडि पारिएको छ। प्राकृतिक र मानवीय स्रोतको सदुपयोग हुन नसक्नु तथा अन्तरिक एवं बाह्य पुँजी लगानीको अभावले प्रदेशको विकास अपेक्षाकृत रूपले हुन सकेको छैन।

विकासको उपलब्धिका हिसाबले सुदूरपश्चिम प्रदेश सबैभन्दा कमजोर अवस्थामा रहेको छ। जटिल भौगोलिक बनावट पर्याप्त पूर्वाधारहरूको कमी रहेकोले प्रदेशमा गरिबी दर ३४.१६ प्रतिशत रहेको छ। भने मानव विकास सूचकांक ०.५४७ रहेको छ। सुदूरपश्चिमका नागरिकहरू मूलत कृषिमाथि निर्भर रहेका छन् नेपालमा कुल खेती गरिएको जमिनमध्ये सुदूरपश्चिमले १०.३ प्रतिशत अंश ओगटेको छ। सिँचाइ मलखाँद उन्नत बीउबीजन आधुनिक आधुनिकरण र बजारको व्यवस्थापन नहुँदा कृषि क्षेत्रले समस्या भोग्दै आएको छ। आयआर्जनका अवसरहरूको अभावले भारतलगायत अन्य देशमा काम गर्न जानेको ठूलो सङ्ख्या र बसाइ सराइका कारण पहाडी जिल्लाका खेतीयोग्य जमिन बाँझै रहने अवस्था छ भने तराईका खेतीयोग्य जमिन मासिएर अव्यस्थित आवास बढ्दै गएको छ। कृषि उपकरण, कृषि सहकारी सीपमूलक तालिम, कृषि अनुदान, कृषि बीमा, उत्कृष्ट किसानलाई पुरस्कार, चकलाबन्दी एवं सामुहिक खेती प्रणाली र बजार व्यवस्थापनको कार्ययोजनालाई तराई तथा भित्री मधेसमा धान गहुँ तथा अन्य नगदे बाली र पहाडी तथा उच्च पहाडी क्षेत्रमा धान गहुँका साथै मकै कोदो फापर भटमास सिमी तागुनू मार्सी धान लगायतका बाली र फलफुलहरू तरकारी एवं पशुजन्य व्यवसायलाई प्रवर्धन गर्ने हो भने कृषि उत्पादनमा आत्मनिर्भर हुनुका साथै निर्यात गर्न सक्ने सम्भावना रहेको छ।

सम्माननीय अध्यक्ष महोदय सुदूरपश्चिम वास्तवमा एउटा सभ्यताको नाम हो। खस जातिको बाहुल्यता रहेको सुदूरपश्चिम प्रदेश नेपालमा खस जातिका धेरै जसो थरहरू र खस भाषा एवम संस्कृतिको उदगम स्थलका रूपमा समेत रहेको छ। खस, राना थारु, डंमौरा एवं कठरिया थारु सौका मगर, गुरुङ र मुस्लिम समुदायका भाषा संस्कृति तथा वास्तुकला एवम् हस्तकलाले समृद्ध सुदूरपश्चिम विशिष्ट सांस्कृतिक सम्पदा स्थलका रूपमा रहेको छ। अपी, नाम्पा, जेठी बहुरानी सैपाल लगायतका हिमालहरू बढीमालिका, खप्तड, रामारोशन, वैद्यनाथ, शैल्यश्वरी बढी केदार, उग्रतारा, परशुराम धाम मेलौली सुरमासरोर, त्रिपुरा सुन्दरी, मालिका अर्जुन घोडाघोडी, बहेडा बाबा पाताल, भुमेश्वर र सुक्ला फाँट जस्ता स्थानहरू सुन्दर धार्मिक एवं पर्यटकीय गन्तव्य हुन् तर पर्यटनको व्यवसायिक तथा संस्थागत विकास हुन नसकेकोले टुर एण्ड ट्राभल्सका पर्यटन तथा व्यवसायिक क्रियाकलापहरूमा पनि सुदूरपश्चिम पछाडि नै छ। प्रदेशमा रहेका प्रसिद्ध धार्मिक तथा पर्यटकस्थलहरूलाई व्यवसायिक पर्यटन गन्तव्यका रूपमा विकास गर्न सके आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्नेछ। पर्यटन विकासका लागि पर्यटन विकास परियोजना निर्माण गरिनु पर्दछ। ठूला मझौला र साना उद्योगहरु सञ्चालनको प्रचुर सम्भावना बोकेको सुदूरपश्चिममा औद्योगिक सुरक्षा औद्योगिक पूर्वाधार दक्ष जनशक्तिको अभाव प्रविधि क्षमताको कमी नुन उत्पादकत्व निर्यातयोग्य वस्तुहरूको विविधिकरण र चुस्त एवं प्रभावकारी आपूर्ति व्यवस्थाको अभाव आदि चुनौतीहरू रहेका छन्। दाइजी अद्योगिक क्षेत्र निर्माण गर्ने सरकारी घोषणा भएको वर्षौं

बितिसक्दा पनि पुरा हुन सकेको छैन प्रदेशमा प्रशस्त मात्रामा पाइने सल्लो खयर र बहुमूल्य जडीबुटीहरू एवम् खानीहरूको प्रयोग गरी टर्पेन्टाइन कथर र जडिबुटी एवम् खानीजन्य प्रशोधन उद्योगहरु कृषिजन्य उद्योग तथा पशुपंक्षीको दाना उत्पादन गर्ने उद्योगहरुको स्थापना गर्न सक्ने बलियो आधार रहेको छ। उत्पादन र रोजगार मुलक सहकारी साना तथा मझौला उद्योगहरूलाई विभिन्न सहुलियत दिनुका साथै ठूला उद्योग र लगानीकर्ताहरुलाई सुदूरपश्चिममा उद्योग स्थापना गरेमा निश्चित अवधिसम्म करमा सहुलियतको व्यवस्था गर्नु पर्दछ सुदूर पश्चिम प्रदेशमा स्वास्थ्य सेवाको अवस्था पनि सन्तोषजनक छैन।

स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अपेक्षाकृत कमजोर रहेको छ ग्रामीण क्षेत्रमा स्वास्थ्य चौकी र अस्पतालहरुको अभाव छ। सरकारी अस्पतालको सङ्ख्या १३ वटा मात्रै रहेको छ। सुदूरपश्चिमका अस्पतालहरुमा स्तरीय स्वास्थ्य उपकरण भौतिक पूर्वाधार र दरबन्दी अनुसारका विशेषज्ञ चिकित्सक एवं स्वास्थ्यकर्मीहरूको अभाव रहेको छ। भौगोलिक विकटता सडक सुविधाको अभाव जानकारीको कमी र आर्थिक अभावका कारण समयमै उपचार नपाएर कैयौंले ज्यान गुमाउनु परेको छ। प्रदेशका सबै नागरिकहरूको स्वास्थ्य बिमा गर्ने अभियान सञ्चालन गर्नुपर्दछ। र गरिबीका कारण बीमा शुल्क तिर्न नसक्नेहरूको निशुल्क बीमा गरिनु पर्दछ। आर्थिक अभावले उपचार नपाएर कसैले मर्न नपरोस भन्ने तिर सरकार गम्भीर हुनुपर्दछ। गेटा स्थित सहित दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सिघ्र सञ्चालन गरी प्रदेशको स्वास्थ्य सेवा सुधारोन्मुख हुने तर्फ ध्यानाकर्षण गर्न चाहन्छु। शैक्षिक क्षेत्रमा सुदूरपश्चिम प्रदेश अझै पछाडि नै छ दुर्गम पहाडी जिल्लाहरूमा अझै शिक्षाको पहुँच सहज रूपले हुन सकेको छैन गुणस्तरीय शिक्षण संस्थाको अभाव जनचेतनाको कमी र आर्थिक विपन्नताले अधिकांश बालबालिकाहरुले बिचैमा स्कुल छाड्ने गरेका छन्। वर्तमान शिक्षा प्रणाली परिवर्तन गरी प्रयोगात्मक अनुसन्धानमूलक प्राविधिक शिक्षामा जोड दिनेतर्फ सरकारले सोच्न आवश्यक छ। प्रदेशका सबै ठाउँहरूमा अझै पनि सञ्चार सेवा उपलब्ध हुन सकेको छैन इन्टरनेट सेवामा २० देखि २५ प्रतिशतको मात्र पहुँच रहेको छ। दुर्गम र विकट क्षेत्रका नागरिकहरू अझै पनि टेलिफोन सेवाको पहुँचबाट बञ्चित रहेका छन्। प्रदेशमा रहेका दशवटा विमानस्थलहरू मध्ये चारवटा मात्र सञ्चालनमा रहेका छन्। त्यसर्थ बाँकी विमानस्थलहरु सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गर्नुको साथै भारतको राजधानी दिल्ली लगायत ठूला सहरहरु र चीनका प्रसिद्ध धार्मिकस्थल कैलाश पर्वत र मानसरोवर कम दूरीमा रहेकोले ट्रान्जिट एयरपोर्टको सम्भावना बोकेको धनगढी विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा विकास गर्न माग गर्दछु।

सम्माननीय अध्यक्ष महोदय सेती लोकमार्ग र महाकाली लोकमार्ग प्रदेशको अर्थतन्त्र विकासको मेरुदण्ड लाईफ प्लानको रुपमा रहेका छन्। तर निर्माण कार्य सुरु भएको १६ वर्ष पुगिसक्दा पनि यी लोकमार्गहरु अझै पुरा भएका छैनन्।धार्मिक र पर्यटकीय सर्किटका रुपमा रहेका यी लोकमार्गहरु निर्माणले व्यापार व्यवसाय सहज हुनुका साथै पर्यटनको विकासमा समेत वृद्धि

हुनेछ। त्यसर्थ आवश्यक बजेट विनियोजन गरी लोकमार्गहरूको कार्य पूरा गर्न सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। सुदूरपश्चिम प्रदेशमा रानी जमरा कुलरिया सिंचाइ महाकाली सिंचाइ र पश्चिम सेती जल आयोजना गरी ३ वटा राष्ट्रिय गौरवका आयोजनाहरू रहेकोमा पश्चिम सेती जलविद्युत् आयोजना हालसम्म अन्योलमा नै छ भने बाँकी २ आयोजनाहरू सुस्त गतिमा निर्माणाधीन रहेका छन् खोटिया दिपायल द्रुतमार्ग फापला अन्तर्राष्ट्रिय क्रिकेट मैदान खप्तड चक्रपथ निर्माण जस्ता आयोजनाहरू पनि बजेट अभावको समस्या भोगिरहेका छन्। सम्माननीय अध्यक्ष महोदय विगत लामो समयदेखिको उपेक्षाको अनुभूति सुदूरपश्चिमले अहिले पनि गरिरहेको छ। वर्तमान बजेट हेर्दा पनि यही नै देखिन्छ। सरकारले जति सफाई दिन खोजे पनि प्रदेशको गरिबी दर मानव विकास सूचकांक र स्वास्थ्य शिक्षा जस्ता क्षेत्रका तथ्यांक तथा प्रदेश राजधानीका लागि तोकिएको भूमिको स्वामित्व हालसम्म पनि संघीय सरकारले नदिनुले तथा भूकम्पको विनाश र काल पर्खी बसेका प्रदेशका ६ लाख परिवारलाई बचाउन जोखिम न्यूनीकरण एवं पूर्वाधारको तयारी बारे सरकारले ध्यान नदिनुले सुदूरपश्चिमलाई उपेक्षा गरेको नै पुष्टि हुन्छ।

अन्तमा बारम्बार भारतीय अतिक्रमण झेल्दै आएको प्रदेशको सीमा क्षेत्रको सुरक्षा नियन्त्रण र व्यवस्थापन गर्ने योजना तथा कार्यक्रमका साथै सुदूरपश्चिमको समग्र विकास र समृद्धिका लागि विशेष आर्थिक कार्ययोजना बनाउनुपर्ने माग गर्दछु, धन्यवाद।

(१४:०१ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य मदन कुमारी शाह "गरिमा"। समय ६ मिनेट। त्यसपछि माननीय सदस्य मोहम्मद खालिद।

(१४:०२ बजे) **माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):-** सम्माननीय अध्यक्षज्यू, आज नेपाललाई लिपुलेक दुखेको छ। म एकजना नेपाली र सुदूरपश्चिमको बासिन्दाको नाताले मलाई लिपुलेक धेरै दुखेको छ। सम्माननीय अध्यक्षज्यू यद्यपि राष्ट्रियता सानो र ठूलो हुँदैन तथापि बलियाले निर्धालाई हेप्ने र ठूलाले सानालाई चेप्ने हुँदो रहेछ। आफूलाई ठूला भन्नेहरू बिस्तारवादी हुँदा रहेछन्। अर्कामाथि अतिक्रमण गरेर आफ्नो साम्राज्य विस्तार गर्न खोज्दा रहेछन्। विस्तार गर्दा रहेछन्। सम्माननीय अध्यक्षज्यू हाम्रो प्यारो देश यस्तै विस्तारवादी र अतिक्रमणवादी चिन्तन र प्रवृतिबाट पीडित हुँदै आएको छ। भारत र चीन आआफ्नो स्वार्थमा घाँटी जोड्न पुगेका छन् सम्माननीय अध्यक्षज्यू नेपालका २६ जिल्लाको सिमाना भारतसँग जोडिएको छ। यी जिल्लाहरूको करिब ७२ स्थानमा भारतसँग सीमा विवाद रहेको छ। यसैबाट पुष्टि हुन्छ भारतले हामीलाई कसरी हेर्छ हाम्रो भूमिमा कसरी आँखा लगाउँछ। अब यस कार्यमा चीन मिसिन पुगेको छ। हाम्रा लागि यो खतराको संकेत हो। सम्माननीय अध्यक्षज्यू, यसै साता अगस्ट १८ तारिख अर्थात् भदौ ३

गते भारतका विदेशमन्त्री डाक्टर एस जय शंकर र चीनका विदेशमन्त्री वाङ ई बीच नयाँ दिल्लीमा भएको वार्तामा लिपुलेक नाकाबाट भारत र चीन बीच व्यापार गर्ने सहमति भएको छ। नेपालले लिपुलेक र लिम्पियाधुरा समेटिएको नयाँ नक्सा जारी गरेको तथा त्रिदेशीय नाकाको रूपमा रहेको लिपुलेकबारे तिनै देशका प्रतिनिधि बसेर सहमति गर्नुपर्नेमा भारत र चीनले नेपाललाई कुनै पनि जानकारी नदिइ गरिएको यो सहमति आपत्तिजनक र अस्वीकार्य छ। छिमेकीबाट हाम्रो सार्वभौमिकता अस्वीकार गर्ने अन्यायपूर्ण कामलाई हामी स्वीकार गर्न सक्दैनौं। दुई ठूला देश भारत र चीन मिलेर नेपाल र नेपालीको सार्वभौमिकतामाथि प्रहार गरेका छन् हाम्रा असल मित्र भनिएका छिमेकीको अनुहार छर्लङ्ग देखिएको छ। सम्माननीय अध्यक्षज्यू यस सहमति प्रति म आफ्नो तर्फबाट मेरो पार्टी नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीको तर्फबाट र स्वाभिमानी एवं राष्ट्रवादी नेपाली जनताको तर्फबाट असहमति प्रकट गर्दछु। प्रतिवाद गर्दछु। नेपाली सार्वभौमसत्ता र भौगोलिक अखण्डतामाथि जसरी अतिक्रमण भएको छ यो किमार्थ सह्य छैन। लिपुलेक लिम्पियाधुरा र कालापानी नेपाली भूमि हो हाम्रो हो। यो इतिहास तथ्य र प्रमाणबाट पुष्टि भइसकेको विषय हो। र पनि छिमेकीहरू त्रिदेशीय नाकालाई दुई देशीय बनाउन लागिपरेका छन्। सम्माननीय अध्यक्षज्यू नेपालीको शरीरमा रगतको एक थोपा रहेसम्म यसमाथि नेपाल र नेपालीको दाबी रहनेछ रहिरहनेछ।

सम्माननीय अध्यक्षज्यू हाम्रो राष्ट्रियता अखण्डता र सार्वभौमिकतामाथि धावा बोलिएको यस अवस्थामा यसको विरोधमा हामी सरकारको साथमा छौं राष्ट्रको स्वाधीनता र भौगोलिक अखण्डताका सवालमा हामी सत्तापक्ष र प्रतिपक्ष छैनौं हुँदैनौ र हुनु हुँदैन। भौगोलिक अखण्डताका लागि हामी एक छौं। एकताबद्ध छौं। विगतमा नेपाली भूमि सम्बन्धी निर्णय सदनमा सर्वसम्मत गरेका हौं। संविधानमा उक्त भूमि समेटेको नक्सा जारी गरिसकेका छौं। अब विगतको सर्वसम्मत निर्णय कार्यान्वयन गर्न र गराउन सरकार अगाडि बढोस् हामी साथमा छौं। नेकपा एकीकृत समाजवादी साथमा छ नेपाली जनता साथमा छन्। सम्माननीय अध्यक्षज्यू यस सहमतिका विरुद्ध हाम्रो प्रराष्ट्र मन्त्रालयबाट विरोध आइसकेको छ। यसको म स्वागत गर्दछु। तर यतिले मात्र पुगेन सम्माननीय अध्यक्षज्यू यस सहमतिका विरुद्ध हाम्रो सरकारले संयुक्त राष्ट्रसङ्घमा तत्काल निवेदन दिएर यस सहमतिको स्थगनको माग गरोस्। सरकारले दुवै देशलाई तुरुन्त कुटनीतिक नोट पठाओस्। गम्भीर र कुटनीतिक संवाद वार्ताको माध्यमबाट सरकारले सीमा विवाद समाधान गर्न पहल गरोस्। सरकारसँग म यो माग गर्दछु। कुटनीतिक विरोध स्वरूप सम्माननीय प्रधानमन्त्रीको आसन्न चीन र भारत भ्रमण स्थगित गर्ने हो कि सरकारको यसबारे गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। सम्माननीय अध्यक्षज्यू हामी हाम्रा छिमेकी देशहरुसँग सुमधुर सम्बन्ध राख्न चाहन्छौं। सद्भाव र सहकार्यका साथ अगाडि बढ्न चाहन्छौं तर यसको अर्थ यो कदापि होइन कि हामी चुप लागेर बस्नेछौं। मुकदर्शक बनेर हेरेर बस्ने छौं कुनै पनि मूल्यमा नेपाली जनता आफ्नो भूमिमा पराइको बुटले कुल्चेको हेर्न सक्दैनन् यो अन्याय सहदैनन् यो सन्देश हामी

दिन चाहन्छौं एकताबद्ध भएर दिउँ यो अनुरोध गर्न चाहन्छु। सम्मानीय अध्यक्षज्यु म सम्माननीय अध्यक्षज्यू मार्फत हाम्रा दुवै छिमेकी मुलुकहरुलाई ऐतिहासिक तथ्यलाई ध्यानमा राखी नेपालको सार्वभौमिक अधिकारलाई सम्मान गर्न नेपाली जनताको तर्फबाट हार्दिक अपिल समेत गर्दछु। धन्यवाद।

(१४:०७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य मोहम्मद खालिद। समय ५ मिनेट। त्यसपछि माननीय सदस्य शेखर कुमार सिंह।

(१४:०८ बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, लामो अन्तरालपछि प्रादेशिक समय हामीले पाएका छौं। आशा गर्छौं कि अब प्रत्येक महिना हामी आआफ्नो प्रदेशका समस्याको बारेमा नियमित रूपमा हामी कुरा गर्नेछौं। भर्खर २-३ महिना अगाडी जेष्ठको दोस्रो सातामा हामी आआफ्नो प्रदेश गएका थियौं। त्यसका प्रतिवेदन यहाँ टेबुल भएको छ। त्यसमा छलफल भएको दिन त्यसमा हामी छलफल गर्नेछौं र आफ्ना बुझाई र पढाइ सिकाइ सबै त्यहाँ राख्नेछौ।

सम्माननीय अध्यक्षज्यू मधेश प्रदेश खासगरी यो बीचमा यो वर्ष सुक्खाबाट ग्रसित भयो। र त्यो अवस्था हेरेर मधेश प्रदेश सरकारले प्रदेशलाई सुक्खा ग्रस्त घोषणा गर्यो। आदरणीय सम्माननीय प्रधानमन्त्रीज्यूले पनि मधेश प्रदेशलाई सुक्खा ग्रस्त घोषणा गर्नुभयो। हामीले यहाँ स्वागत पनि गर्यौं ठिक भएछ। मधेशका किसानलाई मधेशका जनतालाई राहत पुग्नेछ भन्ने हामीलाई लाग्यो धन्यवाद दिउँ हामीले। अब त्यहाँका किसान मधेशका विभिन्न कार्यालयमाहरूमा गइरहेका छन् कि अब हामी राहत पाउँछौं। कुन प्रकारका राहत पाउँछौं सम्माननीय प्रधानमन्त्रीले सुख्खाग्रस्त घोषणा गर्नुभएको छ भने अब त केही राहत पाउला। किसानलाई केही भेटिन्छ। तर किसान कार्यालयहरूमा उनको दौराहा भइरहेको छ केही पाइरहेको छैन कुन परियोजनको लागि सुक्खाग्रस्त घोषणा गर्नुभएको थियो त्यो सदनमा जाहेर गर्ने मेरो विनम्र अनुरोध छ। सम्माननीय अध्यक्षज्यू कित संघमा समस्या प्रदेशमा समस्या स्थानीय तहमा समस्या। सङ्घको समस्या संघले प्रदेश र स्थानीय तह बीच जुन अन्तरसम्बन्ध हुनुपर्ने त्यो कायम गरिराखेको छैन। त्यसमा निरन्तरता छैन। प्रधानमन्त्रीज्यूको अध्यक्षतामा जुन समिति छ त्यसले काम गरिरहेको छैन। त्यतातर्फ पनि म ध्यानाकर्षण गराईराखेको छु। एक त बजेट कम पाइरहेको छ प्रदेशहरुले। कम बजेट पाइराखेको पनि बजेटहरु त्यहाँ फ्रिज हुने अवस्था हामीले हेरेका छौं। भर्खर २ वर्षदेखि निरन्तर रुपमा कृषि विद्युतीकरणमा १ वर्षमा ४० करोड अर्को वर्षमा ५० करोडको बजेट त्यहाँ फ्रिज भएको अवस्था हामीले हेरेका छौं। सिंचाइका साथसाथ

मधेश प्रदेशको लागि हुन त अहिले धेरै जग्गा बाँझो छ। तर केही यस्ता किसानहरु अरु पनि हामी हेर्छौं जसले खेती गर्न चाहन्छन् उसँग जग्गा जमिन छैन। तिनीहरूको लागि भर्टिकल फार्मिङको प्रयोग र त्यसलाई इन्ट्रड्यूस गराउनु अति आवश्यक देखिन्छ। र उनीहरूको प्रोत्साहन गर्नुपर्छ। उनीहरुको लागि बजेट् छुट्याउनु पर्छ र देश र जनतालाई राहत पुऱ्याउनुपर्छ। जाँदाजाँदा अर्को एउटा महत्पूर्ण समस्या त्यो कमला पुलको बारेमा हो। अस्ति मन्त्रीजीले यहीँबाट भन्नुभयो। कि अब २ महिनाको हामी समय दिइराखेका छौं भएन भन्ने ठेक्का टुट्छ। अनि अर्को कोर्समा हामी जान्छौं। तर अहिलेसम्म हामीले केही पनि सुनेका छैनौं। अहिलेसम्म कमला उता हामी प्रदेशलाई पनि गाली गर्छौं। तर सायद के प्रदेशलाई संघको पुल बनाउने अधिकार छ कि प्रदेशले चाहेमा पनि संघको पुल बनाउन सक्छ। त्यो भोलि गएर बेरुजु हुँदैन। एकातिर तपाईं आफ्नो काम कार्य गरिराख्नु भएछैन अर्कोतिर प्रदेशलाई पनि अधिकार दिनुहुन्न। यसरी कसरी चल्छ। सिरहा र धनुषाका जनता र म भन्छु पुरै मधेश प्रदेशका जनता उसको लाइफ लाइन हो। उसको व्यापार उसको आवतजावत र धेरै कुरा यो पुलमा निर्भर गर्छ। म सरकारलाई ध्यान आकर्षण गराउन चाहन्छु, धन्यवाद।

(१४:१३ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्य शेखर कुमार सिंह। समय ५ मिनेट। त्यसपछि माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१४:१४ बजे) **माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल):-** सम्माननीय अध्यक्षज्यू, आज हामी अलि हर्षित पनि छौं। धेरै दिन पछाडि आज प्रादेशिक समयमा आफ्नै क्षेत्रका लागि केही बोल्न मौका पाएका छौं। यसले निरन्तरता पाओस् भन्ने आग्रह पनि गर्न चाहन्छौं। निश्चित रूपमा मधेश प्रदेश सुख्खाग्रस्त क्षेत्र हो। अहिलेको अवस्थामा सम्माननीयज्यूलाई पनि म धन्यवाद दिन चाहन्छु। उहाँले पनि बेलैमा गएर सुख्खाग्रस्त क्षेत्र घोषित गरेर आउनु भएको छ। र विद्युतीय महशुलमा सम्माननीयज्यूबाट राहत पाएको छ। मैले हिंजो मात्र जानकारीमा पाएँ जहाँ जहाँ ट्रान्सफर्मर जडान गरेको छ त्यहाँ त्यहाँ किसानको दर रेटमा घटाएर बिजुलीको बिल आइराखेको छ। र हामी आशा राख्या छु यो मधेश प्रदेशले एउटा स्पेसल प्याकेजको रूपमा मधेसी जनताहरुले पाउँछ। किनकि अन्नका भण्डार मान्ने ठाउँमा यसपाली अनिकाल पऱ्या छ। त्यो विचार दिने काम त अभिभावकले नै गर्छ। त्यसमा हामी आशावादी छौ। सँगै चुरेको समस्याको बारेमा यही रोस्टमबाट मैले गन्दाखेरि आज पाँचौपटक हुन्छ। मैले भन्दै आएको छु। ओ चुरे खाली नारामा हुँदैन। म भन्न चाहन्थेन किनकि त्यहाँ चुरेमा सम्माननीय राष्ट्रपतिज्यूको नाम पनि जोडिएको छ। म अझ पनि भन्न चाहन्नँ। त्यो चुरे सम्माननीय राष्ट्रपतिज्यूको नाम जोडिएता पनि अहिलेसम्म हामी चुरेमा के गर्न सक्यौ त

त्यसका लेखाजोखा गर्ने काम पनि सरकारकै हुन्छ सरकार नै गरोस्। तर हामी त १० फिट १२ फिट १४ फिट १६ फिट १८ फिटमा पाउने पानी अब १५० फिटमा पनि पानी पाइएको छैन। यसका संरक्षण त हामीले चुरेबाटै पाउँछौ। चुरे जबसम्म संरक्षित हुँदैन। तबसम्म यसका समाधान कतैबाट आउँछ भन्ने कुरो छैन। यसका लागि यस क्याबिनेटका वरिष्ठ मन्त्रीज्यूहरू पनि यही उपस्थित हुनुहुन्छ। हाम्रा मागहरू निश्चित रूपमा क्याबिनेटमा पुर्‍याउनु हुन्छ उहाँहरूले पनि र चुरेलाई व्यवस्थित पार्दिउ चुरे व्यवस्थित हुने बित्तिकै मधेश त्यसै खुशीयाली हुन्छ।

मधेश र मधेशीलाई अहिलेको बेलामा हामी जे जति गर्न सक्छौ गरौ यही बेला हो र आशा पनि छ हामीलाई। यस बेलामा हामी निश्चित रूपमा पाउँछु पनि। म स्थानीय सरकार र प्रदेश सरकारलाई धन्यवाद पनि दिन सक्छु। यस्ता बेलामा पनि ट्यांकरबाट पनि आफ्ना जनतालाई पानी पुर्‍याएर बचाए। त्यसकारणले धन्यवादका पात्र पनि हुन् उहाँहरु। कटाक्षहरू धेरै आए फायर ब्रिगेडले पानी धोयो भनेर। के गर्ने? फायर ब्रिगेड खडा गरेर राख्ने पानी विना जनतालाई मर्न दिने। त्यस्तो चाहिँ सोच नहोस् नि। जुनबेलामा जे काम परिन्छ त्यो त गर्नै पर्छ। त्यस्तै कारणले स्थानीय तहहरुले जे गर्नुभएको छ उहाँ धन्यवादको पात्र हुनुहुन्छ। उहाँहरु मानव जीवन बचाउनको लागि यति गर्नुभएको छ। त्यसका लागि म जति धन्यवाद दिए पनि कम हुन्छ र सम्माननीयज्यूबाट मेरो एउटै आग्रह हो यथासिघ्र उहाँ गर्दै हुनुहुन्छ त्यो मलाई थाहा छ तर यथाशिघ्र मधेशलाई प्याकेजको रूपमा केही जान्छ भनेर हामी आशा राख्दै र हामी पर्यटन मन्त्रीज्यूबाट थप आशा राख्याछु राजविराज विमानस्थलमा अर्को फ्लाइट पनि यथाशीघ्र नै दिनुहोला आशा गर्दै म आफ्नो प्रदेशका लागि निश्चित रूपमा लाइफ लाइनमा रहेको कमला पुल यथासिघ्र बन्नुपरोस् भन्ने माग राख्दै म आफ्नो २ शब्द यही अन्त्य गर्छु धन्यवाद।

(१४:१९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु कुमारी सापकोटा। समय ९ मिनेट। त्यसपछि माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१४:१९ बजे) <u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, संघीयतालाई सफल बनाउने हो भने प्रदेश सरकार र स्थानीय सरकारलाई बलियो बनाउनुपर्छ। आज प्रदेश सरकार स्वायत्त छैन बलियो पनि छैन। जसका कारण आज सडकमा धेरै प्रश्न चिन्हहरू उठिरहेका छन् अहिले म लुम्बिनी प्रदेशको बारेमा केही कुरा राख्न चाहन्छु। बर्दघाट पश्चिमको नवलपरासी, रूपन्देही, पाल्पा, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, प्युठान, रोल्पा, पूर्वी रुकुम, दाङ, बाँके,

बर्दिया गरी १२ जिल्ला ४ उपमहानगरपालिका ३२ नगरपालिका ७३ गाउँपालिका गरी जम्मा १०९ वटा स्थानीय तहका सरकारमा ९८३ वार्डहरू रहेका छन्। कृषि पर्यटन औद्योगिक हिसाबका दृष्टिकोणबाट मुलुककै दोस्रो वरियतामा देखिएको छ लुम्बिनी प्रदेश। घरेलु साना मझौला तथा ठूला उद्योगहरूको निर्माण र विकासको अवस्थामा व्यापक सुधारको आवश्यकता रहेको छ। प्रस्तावित औद्योगिक क्षेत्रहरु सञ्चालनमा नआउन खुल्ला सिमानाका कारणले अबैध रूपमा भारतबाट आयात हुने वस्तुसँग स्वदेशी उत्पादनको प्रतिस्पर्धा गर्न नसक्नु औद्योगिकरणले विकास र विस्तारका लागि दक्ष जनशक्ति भौतिक पूर्वाधार प्रशासनिकीय कठिनाइ हुनु जस्ता समस्यामा अनुसन्धान सुधारका पाटालाई बलियो बनाउँदै लान र पहिचान गर्न जरुरी देखिएको छ। सम्माननीय अध्यक्षज्यू लुम्बिनी प्रदेशका १२ वटै जिल्ला धार्मिक र प्राकृतिक पर्यटक, कृषि, फलफुल, पशुपालन, खाद्यान्न, जडिबुटीका साथै तामा, फलाम खानीका हिसाबले पनि अब्बल छन्। तर स्वास्थ्य र शिक्षामा भने अझै भनेजस्तो विकास हुन सकेको छैन। दाङ जिल्ला तेलहनको पकेट एरिया बनाउन सकिन्छ। रोल्पा, रुकुम, प्युठान जिल्लाहरू बिउबिजन रेसाजन्य गाजा, अल्लो जस्ता जडिबुटीहरू उत्पादन गर्ने केन्द्र बनाउन सकिन्छ। गुल्मी, पाल्पा अर्घाखाँची प्युठानलाई कफी, अदुवा, उखु, खुदो, गुड, अमिलो जातका फलफूलहरू सुन्तला कागती, बिमरा, जुनार आदिलाई आदिलाई नगदे बालीका रूपमा वृद्धि विकासको केन्द्र बनाउन सकिन्छ। तराईका जिल्लाहरूमा खासगरी खाद्यान्न धान, गहुँ, तेलहन तोरी आलस, सस्यूँ, दलहन मास, सिल्टुङ, बोडी आदिको वृद्धि विकास गर्न सकेमा खाद्यान्नलाई बाहिरबाट आयात होइन निर्यात गर्न सकिने प्रबल सम्भावनाहरु रहेका छन्। यसैगरी हिमाली र पहाडी जिल्लाहरूमा कोदो, मकै, जौं, फलफुल, तरकारी, सिस्नु, गाँजा जस्ता अर्गानिक स्वास्थ्यवर्धक महत्वपूर्ण बालीहरूको उत्पादन गर्न सकिन्छ।

साथै माछा मासु दुधजन्य सामग्रीहरूका लागि पशुपन्छी पालन पनि उत्तिकै राम्रो भएकाले यस्ता सम्भावनाहरूको खोज अनुसन्धान उत्पादन र लगानीमा संघीय प्रदेश र स्थानीय सरकारहरूको दुरदृष्टि पुग्न सकेको देखिँदैन। सम्माननीय अध्यक्षज्यू कृषिमा प्रशस्त सम्भावना बोकेको यस क्षेत्रमा परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई आधुनिकीकरण र व्यवसायिकीकरण अति आवश्यक छ। जस्तै प्रतिस्पर्धी क्षमता बढाउन बजार बिस्तार गर्नु युवा शक्तिलाई कृषि पेशामा आकर्षित गराउनका लागि सबै क्षेत्रमा लगानी र हौसलाले प्रेरित गर्दै कृषि उपज भण्डार केन्द्र तथा आधुनिक सिचाई प्रणालीको व्यवस्थापनमा मल बिउ आधुनिक औजार साधन स्रोतको उचित प्रयोगका लागि व्यवस्थापन नै आजको आवश्यकता र चुनौती पनि हुन्। सम्माननीय अध्यक्षज्यू पछिल्लो समयमा यस प्रदेशको सबैभन्दा ठूलो चुनौती भनेको अव्यवस्थित जग्गा विकास एवं आन्तरिक बसाइ सराईजस्ता गतिविधिहरूको वृद्धि हुनु वैदेशिक रोजगारका लागि दक्ष श्रम शक्ति विदेशमा पलायन हुनु हो। जसका कारण कृषियोग्य भूमिको क्षयीकरण समस्या बढ्दो क्रममा रहेको छ पहाडी जिल्लामा कृषि श्रमिकहरूको अभावका कारण प्रशस्त उर्वर जग्गा

जमिन बाँझो रहने अलिअलि गरेको खेती पनि बाँदर बदेल लोखर्के जस्ता जंगली जनावरहरुले नोक्सानी गरिदिने समस्याले समाधानका लागि संवेदनशील भएर लाग्नका लागि म सम्माननीय अध्यक्षज्युमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू यसैगरी लुम्बिनी कपिलवस्तु रूपन्देहीको देवदह नवलपरासीको रामग्राम त्रिवेणी सुस्तालाई लुम्बिनीको बृहत अवधारणा सहित पर्यटनसँग जोड्न सक्यो भने यस प्रदेशको आर्थिक स्तर उन्नतिमा पनि महत्वपूर्ण उपलब्धी हुन सक्छ। जस्तै श्रीलंका, म्यानमार, थाइल्यान्ड, कम्बोडिया, चीन, जापान, कोरिया लगायतका देशहरूबाट बौद्ध मार्गीहरूलाई भित्र्याउन सकेमा बौद्ध पर्यटनबाट आर्थिक लाभको साथै रोजगार बृद्धि गर्न सकिनेछ यसका लागि लुम्बिनीको प्रचारप्रसार गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको नियमित सञ्चालनका लागि यात्रुहरूका लागि भिसा लगायतका सबै प्रकारका आवश्यक सहयोग सुविधाहरूको उपलब्धता बस्न खान घुम्नका लागि होटेल यातायातका साधन विभिन्न पार्कहरुको व्यवस्थापन जरुरी छ। यस प्रदेशका ठूला सडकहरू अझै पनि स्तर उन्नति हुन सकेका छैनन्। विद्युत उत्पादनका प्रशस्त मार्गहरु भएता पनि तिनको सदुपयोग हुन सकेको छैन। विद्युत उत्पादनमा स्थानीय सरकारलाई प्रोत्साहन र अधिकार प्रत्यायोजित गर्न जरुरी छ। वनको सन्दर्भमा प्रदेशमा कार्यरत DFO लाई अधिकारविहीन बनाउँदा वन जङ्गल सुरक्षित छैनन्। गुल्मीको रुरु रेसुङ्गा दिब्रुङ धुर्कोटको गुफा पाल्पा रामपुरको रामघाट सीता कुण्ड रेसुंगाको राम कुण्डलाई भारतको अयोध्यासँग जोड्न सकिन्छ। जसले भारतीय पर्यटकहरूलाई आकर्षण गर्न सक्दछ। यसैगरी लुम्बिनीको केवलकार कामख्य देवी रानी महल पाल्पाको दरबार अर्घाखाँचीको पाणिनी पौवा नरपानी सुपा देउराली प्यूठान र रोल्पाको स्वर्गद्वारी जस्ता राष्ट्रिय सम्पदाभित्र पर्ने मठ मन्दिर ऐतिहासिक स्थलहरू गुफाहरु नदीनाला वनजङ्गल ताल तलैयाहरू जोड्दै लैजान सक्यो भने धेरै पर्यटकहरु भित्राउन सकिन्छ।

यसैगरी दाङ बाँके बर्दियाको थारु संस्कृति प्युठान अर्घाखाँची गुल्मी क्षेत्री बाहुन खस आर्य संस्कृति परम्परा रितिरिवाज रोल्पा रुकुम पाल्पा मगर गुरुङ संस्कृति कपिलवस्तु रूपन्देही नवलपरासी भोजपुरी संस्कृति कार्यक्रम जस्ता निर्माण कार्यक्रमलाई निर्माण र संरक्षण गर्न सकेमा लुम्बिनी प्रदेशको विविधता कला संस्कृतिले धेरै पर्यटकहरुलाई आकर्षण गर्न सक्ने भएकाले एकतामा विविधताले भरिपूर्ण यो प्रदेशमा सबै जातजाति भाषा भाषीहरूको बाहुल्यता छ। हिन्दु बौद्ध मुस्लिम क्रिस्चियन सबै धर्मावलम्बीहरूको बसोबास भएको यो प्रदेश नेपालमा मात्र नभएर संसार भरि नै आफ्नो परिचय दिन सफल भएको छ। तर नाम अनुसारको काम दिन सकेमा लुम्बिनीले नेपालीलाई मात्र नभएर विश्वभरिका श्रमिकहरुलाई रोजगार दिन सक्ने तागत र क्षमता छ तर.. सम्माननीय अध्यक्षज्यू लुम्बिनी प्रदेशमा सम्भावना रहेका क्षेत्रमा लगानी विस्तारका लागि पुँजीगत बजेट बढाउने र त्यसलाई समयमै खर्च गर्ने परम्पराको विकास गर्न आवश्यक छ। कृषि उपयोग र पर्यटनको पूर्वाधारका योजनाहरू बनाएर योजनाबद्ध तरिकाबाट लगानी बृद्धि विकासका लागि पहल गर्न सम्माननीय अध्यक्षज्यूमार्फत

सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। सम्माननीय अध्यक्षज्यू नेपाली महिलाहरुको विशेष गरी हिन्दु लम्बी नारीहरूको महत्वपूर्ण तीज हरितालिका २०८२ को उपलक्ष्यमा देशविदेश जही त्यही छरिएर रहेका महिला दिदीबहिनीहरू, आमा, काकीहरू, भाउजु, बुहारीहरु सबै नारीको इमान्दारिता पहिचान सहितको शक्ति र क्षमता अभिवृद्धि हुँदै जाओस् भन्ने हार्दिक मंगलमय शुभकामना दिन चाहन्छु। र मैले सानो एउटा गीत पनि गाउन चाहन्छु।

दैला मुनिको, कागतिको बतीलो दैलामुनिको कागतीको बत्तीलो
गुडदै गुडदै झऱ्यो खोलामा गुडदै गुडदै झऱ्यो खोलामा
मानिसको जीवन अजम्बरी छैन राम्रो काम गरौं है मर्ने चोलामा...

(१४:२९ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे। समय ६ मिनेट। त्यसपछि माननीय सदस्य रेनु चन्द।

(१४:२९ बजे) **<u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्मानीय अध्यक्षज्यू, लुम्बिनी प्रदेश अथाह विशेषता बोकेको प्रदेश पहाड हिमाल तराईले लुम्बिनी प्रदेशलाई घेरेको छ। हाम्रो तराईका क्षेत्रबाट उत्पादन हुने अन्नले आत्मनिर्भर बनाउन सकिने भूभाग पनि हामीसँग छ। पहाडलाई हेर्यो भने अदुवा कफी जस्ता उत्पादन नेपालमा मात्रै नभएर विदेशमा पनि निर्यात गर्न सक्ने पाल्पा गुल्मी जस्ता जिल्लाहरू पनि यो क्षेत्रभित्र पर्दछन्। र यो क्षेत्रमा सबैलाई विदितै भएको कुरा अथाह सम्पदा र अथाह संस्कृति र विभिन्न जाति विभिन्न भाषा भौगोलिक स्थिति यो अथाह हाम्रा यी सबै के हुन् त भन्दा लुम्बिनीका सम्पत्तिहरु हुन्। यो सम्पतिलाई हामीले नियाली हेरिरहँदा हामीले प्रदेशको कुरा गरिरहँदा हामीले सुन्यौं धेरै ठाउँमा हामी गयौं। हामीले स्वर्गद्वारीबाट हेर्दाखेरिमा दार्जिलिङको सनराइज स्वर्गद्वारीबाट दार्जिलिङ जस्तै देखिदो रहेछ। आज मान्छेहरू सनराइज हेर्न दार्जिलिङ जान्छन्। आज स्वर्गद्वारी सनराइज हेर्न मान्छे किन जाँदैनन? हामीसँग भएको सम्पति हामीसँग भएको अथाह चिजहरु हामीले प्रचार गर्न सकेनौं र हामीले आकर्षण गर्न सकेनौं। त्यसो हुँदाहुँदै पनि धेरै मान्छेहरु धार्मिक आस्थाको आधारमा त्यो त्यहाँको सम्पत्ति कला संस्कृतिलाई अनुगमन गर्न हेर्न नेपालबाट मात्र होइन विदेशबाट पनि मान्छेहरू आउने गर्छन्। तर त्यहाँको संरचना निर्माण र त्यहाँको एउटा समिति समेत पनि छैन। त्यति मात्र हैन त्यहाँ बस्ने प्रहरी बसिरहेको घर पनि एउटा जीर्ण अवस्थामा छ। सरकारको एउटा स्थायी संरचना त्यहाँ प्रहरी चौकी छ। त्यो पनि जिर्ण अवस्थामा बसेको छ। यस्ता खालका हाम्रा महत्वपूर्ण धेरै चिजहरु छन्। त्यसो भएको हुनाले हामीले यसलाई प्रचार गर्न र काममा ल्याउन सकेनौं। त्यसैले गर्दा हामी त्यो क्षेत्रका मान्छे गरिब भयौं भन्ने मलाई लाग्छ। यससँग

सँगसँगै म के जोड्न चाहन्छु भने यो पाल्पा र बुटवलको जुन सिद्धबाबा खण्ड धेरैजना हिड्नु भएको छ। यहाँबाट हाम्रो पोखरा बाग्लुङ देखि लिएर गएर तपाईंको गुल्मी अर्घाखाँची स्याङ्जा सबै ठाउँ जाने मुख्य हाम्रो मुटु यातायातको मुख्य क्षेत्र हो र त्यहाँ वर्षैपिच्छे मान्छेहरुको ज्यान लिइरह्यो त्यहाँको पहिरोले भनेर साना सुरुङ मार्गको अवधारणा आयो। २०७१ सालतिर सुरुङ मार्ग निर्माण शुरु भयो। र यसपटक सुरुङ मार्ग ब्रेक थ्रु भयो। ब्रेक थ्रु पनि चाइनिज प्रविधिमा पर्दाबाट फिल्म देखाए जस्तै गरी पर्दा खुल्यो र प्रधानमन्त्रीले ब्रेक थ्रु गरेको देखाइयो। हामीले त्यो हेऱ्यौं। तर यसो गर्दाखेरिमा थोरै क्षेत्रबाट मान्छेको ज्यान जोगिन्छ कि भनेर आशा त हामीले गऱ्यौं। तर अगाडि पनि र पछाडि पनि थुप्रै पहिरोहरु छ र त्यसले दिनहुँ क्षति पुऱ्याउने देखिन्छ। त्यसैले गर्दाखेरिमा सिद्धबाबाको बुटवल खण्डदेखि पाल्पाको दोभानसम्म हामीले सुरुङ मार्ग बनाएनौं भने हाम्रो समस्या जस्ताको तस्तै रहनेछ त्यसो भएको हुनाले म सरकारसँग सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। यो कुराहरु राख्न चाहन्छु र यसलाई सम्बोधन गरियोस् र यो ब्रेक थ्रु बीचमा नभएर अगाडि पनि र पछाडि पनि बढाइयोस् र त्यो क्षेत्रका जनताहरूको जिउलाई जोगाउनको निम्ति सहयोग होस् भनेर चाहिँ माग गर्न चाहन्छु।

अर्को कुरा म राख्न चाहन्छु। यहाँ अस्ति माननीयज्यूहरूले बोल्दाखेरि पूर्व गृहमन्त्री रविको कुराहरु उठाउँदा अदालतलाई बुझाउन व्यवस्था परिवर्तन गर्न राजा ज्ञानेन्द्रलाई बुझाउन किन हस्ताक्षर सङ्कलन भइरहेको छ भन्ने कुराहरू उठाउनु भाथ्यो। यहाँ उठेको थिएन। यहाँ उठ्यो। यसको सँगसँगै पनि हामीलाई के थाहा छ भने सत्याग्रह सुरु हुँदाखेरिमा पञ्चायतले हामीलाई समाएर लैजादा भारतका कुनाकाप्चामा गएर हाम्रो मान्छेहरुले अनि कैदी जीवनहरु बिताउँदाखेरिमा पनि राजनेताहरुलाई राम्रो व्यवस्था हुन्छ खाने व्यवस्था राम्रो हुन्छ बस्ने व्यवस्था राम्रो हुन्छ भन्ने हामीले सुनेका थियौं। आज गृहमन्त्रीजस्तो मान्छे थुनिदा खेरिमा अध्यारो कोठामा बसेर स्वास्थ्यमा प्रभाव परेको कुरा पनि थाहा पाइएन र यहाँ काठमाडौं आएर थाहा पाइयो भनेर सुन्दाखेरिमा अचम्मै लागेको छ। यो गृहमन्त्रीहरू धेरैजना जेल पर्नुभएको छ फेरि पनि पर्न सकिन्छ। त्यसो भएको हुनाले यस्ता कुराहरु सुधार गर्ने हो कि सुधार गर्नुपर्छ भन्ने मलाई लाग्छ। बुटवलको त्यो हाम्रो मैले पनि हेरेको छु कैदीहरु बस्ने असाध्यै अव्यवस्थित बनाएको त्यस्तो खालको दुर्गन्धित नै छ। त्यसलाई हामीले सुधार गरेर जान पाउँदा खेरिमा बस्नै परे पनि रोग लाग्ने थिएन कि भन्ने मलाई लाग्छ। यो अनुरोध गर्न चाहन्छु।

अन्तमा म के भन्न चाहन्छु भने इन्दिरा रानाका कुराहरु पनि उठेको छ। हामीले इन्दिरा रानालाई चिन्दा खेरिमा अभिभावकविहिनहरूको संरक्षक आमा भनेर चिनौं। र पाल्पाको एउटा ठाउँमा ९ जना बच्चाहरुलाई उहाँले अभिभावक विहिन बच्चाहरुलाई राखुभएको थियो। उनीहरुको जन्म दर्ता पनि भएको थिएन। सिडिओ सहितको अनुगमनमा गएर हामीले त्यो बच्चाहरुलाई हाम्रो पाल्पाको मदनपोखरा गाविसले जन्म दर्ता गर्दिएको थियो। त्यस्तै थुप्रै अभिभावकविहिनहरुको आमा हुन् भनेर उनले अन्तर्राष्ट्रिय पुरस्कार पनि हामीले पाएका थियौं। अहिले चर्चा चलेको छ हल्ला चलेको छ

महिला भएकै कारणले जनजाति भएकै कारणले महिलाहरु क्रमशः हटाउँदै जाने त्यस्तो खालको सोच हो कि। त्यस्तो खालको सोचले सरकारलाई बलियो बनाउँदैन। त्यसले त्यस्तो जति हामीले थेचार्न खोज्छौं बलहरु त्यति नै उफ्रने गर्छ। त्यसले गर्दा (...... समय सकिएको।)

(१४:३५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य रेनु चन्द। समय १२ मिनेट। त्यसपछि माननीय सदस्य इन्दिरा देवी गौतम।

(१४:३६ बजे) **<u>माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्मानीय अध्यक्षज्यू, महोदय लामो समयपछि प्रादेशिक समयमा बोल्ने अवसर जुरेको छ। नियमावलीमा आवश्यक संशोधन गरेर शुन्य समयजस्तै प्रादेशिक समय पनि व्यवस्थित गरियोस् भन्ने म माग पुनः दोहोऱ्याउन चाहन्छु। हामी प्रदेशहरूको सभा हो। त्यसैले पनि आफ्ना प्रदेशका कुराहरु राख्ने अवसर हामीलाई हुनुपर्छ भन्ने मैले पुनः स्मरण गराउन चाहैं। र म सुदूरपश्चिम प्रदेशबाट प्रतिनिधित्व गरिरहेको हुनाले आज सुदूरपश्चिम प्रदेशकै कुरा राख्न चाहन्छु र आज यो हाउसमा जसरी लिपुलेक र लिम्पियाधुराको बारेमा कुरा उठ्यो। म त्यो प्रदेशबाट यो सदनमा प्रतिनिधित्व गर्छु। दार्चुला जहाँ चाहिँ भर्खरै हाम्रो दुईटा छिमेकीहरुले हामीलाई बाइपास गरेर एउटा सम्झौता गरेका छन् त्यो विषयमा गम्भीरतापूर्वक सदनको नेपाल सरकारको र नेपाल सरकारमार्फत दुइटै छिमेकीहरूको ध्यानाकर्षण गराउन चाहन्छु। चिनिया विदेशमन्त्री वाङहीको भारत भ्रमणका क्रममा भारत र चीनले लिपुलेकपास नाकाबाट सीमा व्यापार पुनः खोल्ने सहमति गरेका छन्। यो भन्दा पहिले त्यो व्यापारनाका हामीले युज गर्थ्यौं। इन्डो चाइना वारपछि त्यो भूगोल हामीबाट खोसिएको छ र त्यो विवादास्पद बनाइएको छ।

नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डतामा आँच आउने गरी छिमेकीहरूले दुई देशीय सहमति गर्ने कुराप्रति म खेद व्यक्त गर्दछु। हाम्रो छिमेकीहरूले यो गल्ती तुरुन्त सच्याउनुपर्छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ताले नेपालको दावी प्रमाण नपुगेको भनेका छन्। उहाँको यो भनाइ नेपालको दाबी प्रमाण नपुगेको भन्ने उहाँको यो भनाइ छ। त्यसमा स्वयं उहाँको दाबी पुगेको छैन। किनकि सुगौली सन्धिको दफा ५ मा यो भूगोलको बारेमा स्पष्ट उल्लेख छ। र काली नदी लिम्पियाधुरा लिपुलेक नेपाली भूगोल हो भन्ने कुरामा कुनै शङ्का छैन। सुगौली सन्धि भारतले पनि मान्छ। त्यसो हुनाले दफा ५ मा उल्लेख भइसकेपछि भारत जो हाम्रो छिमेकी देश र त्यसको जो विदेश मन्त्रालयका प्रवक्ताहरुले हल्का र गैर गम्भीर टिप्पणी गर्नबाट बँच्नुपर्छ भन्ने म आग्रह पनि गर्न चाहन्छु। उतिबेला भारतमा रहेको ब्रिटिश राज इष्ट इण्डिया कम्पनीले प्रकाशित गरेको र त्यहाँ शासनरत ब्रिटिश गभर्मेण्टले पास

गरेका नक्साहरु छन् जो स्वयं भारतले पनि मान्छ। जुन भारतले स्वीकारेको छ र हामीसँग पनि प्रमाणहरू छन् व्यासफालीमा त्यो बेला जतिबेला इन्डियामा ब्रिटिश राज थियो त्यतिबेला व्यासबेली जहिले हाम्रो दार्चुला छ त्यो बेला जुम्ला राज्यको व्यवस्था प्रणालीमा थियो भन्ने कुरा ऐतिहासिक तथ्य प्रमाण नेपालसँग उपलब्ध छन्। त्यसैले कसैले हाम्रो दाबी प्रमाण नपुगेको हो भन्ने सोचेको छ भने यी सबै तथ्यहरु नेपाल सरकारले त्यहाँ उपलब्ध गराउन यद्यपि मलाई के लाग्छ भने यो सबै तथ्य प्रमाणहरू उहाहरुलाई पनि थाहा छ तर यसलाई नजरअन्दाज गरेर हामीलाई हेप्ने काम गरिएको छ। जनगणना भएको तिरो तिरेको प्रमाणहरू पनि हामीसँग प्रशस्त मात्रामा उपलब्ध छन्।

अहिले यो भूगोल हाम्रो व्यास दार्चुलाको व्यास गाउँपालिकाको वडा नम्बर १ मा पर्छ वर्तमान परिस्थितिमा। छाङरुङ र तिङ्करमा मानव बस्ती कम छ। छाङरुङ जहाँ यो लिपुलेक छ। छाङरुङको माथि भागमा त बस्ती बस्दै बस्दैन। सबै हिउँ बढी परेको हुनाले त्यहाँ बस्ती बस्दैन। त्यसैले कहिलेकाहीँ मान्छेले प्रश्न उठाउँछ कि त्यहाँ जनगणना भएन। त्यहाँ जनता बस्दैनन्। त्यो हाम्रो भूगोल चाहिँ हो। लामो समयदेखि हामी भारतीय पक्षबाट सिमानामा हुने अतिक्रमण बारेमा सदनमा कुरा उठाइरहेका छौं। नेपालको सिक्किमिकरण गर्ने षडयन्त्रलाई नेपालीले त पटकपटक हराएको छ। त्यसका विरुद्ध पटकपटक आवाज बुलन्द गरेको छ। तर अहिले परिस्थिति गम्भीर बनेको छ। भारत र चीन हाम्रा दुई छिमेकीले नेपालको हित बिपरीत एक ठाउँमा उभिने कुराले नेपालका लागि चिन्ताको विषय हो अब हामील नेपालीले नेपालको सिक्किमीकरण र तिब्बतीकरण दुवै प्रवृत्तिका विरुद्ध लड्नुपर्ने परिस्थिति सिर्जना भइसकेको छ। यो विषयमा परराष्ट्रमन्त्रीज्यूले आएर सम्मानित सदनलाई जानकारी दिनुपर्‍यो भन्ने म आग्रह गर्न चाहन्छु। परराष्ट्र मन्त्रीज्यूको जवाफको गम्भीरता पूर्वक माग पनि गर्दछु। हामी सुदूरपश्चिम प्रदेशका मानिसहरू दोहोरो मारमा छौं। एकातिर भारत र चीनजस्ता बलिया र ठूला छिमेकी छन् जसको बलमिच्याइँमा हामी परेका छौं। दोस्रोतिर सरकारले हामीलाई बेवास्ता गरेको छ। दार्चुलाको कालापानी लिपुलेक लिम्पियाधुरामा भइरहेको मनपरी होस् या कञ्चनपुरमा भारतीय सुरक्षाकर्मीले हाम्रो जमिन अतिक्रमण गर्दा प्रतिवादमा हाम्रा युवाहरूले दिनुपर्ने प्राणको आहूतिको कुरा होस्। हामी सुप सुदूरपश्चिमका बासीहरू निहत्था तर निडरताका साथ राष्ट्रियताको सीमा रक्षामा अडिग भएर उभिएका छौं। तर सरकारले हामीलाई बेवास्ता गरेको छ सरकारले एमबिबिएसको कोटा बाँड्दा हाम्रो सिङ्गो प्रदेशलाई बिर्सिदिन्छ। राष्ट्रिय गौरवका गिने चुनेका योजना छन् तर ती पनि वर्षदेखि अलपत्र भएर बसिरहेका छन्। महाकाली करिडोर सेती करिडोर जस्ता महत्त्वपूर्ण सडकहरूमा कहिले पर्याप्त बजेट आउँदैन एउटा सरकारले धार्मिक पर्यटकीय क्षेत्र घोषणा गर्छ अर्को सरकारले हटाइदिन्छ। सुदूरपश्चिमलाई धार्मिक पईटकीय क्षेत्र घोषणा गरेर जान कति जरुरी छ भन्ने कुरा हालसाले बडिमालिका क्षेत्रमा दर्शनार्थीको दुर्घटनामा परी मृत्यु भएको छ भन्ने कुराले देखाउँछ। लाखौं

दर्शनार्थीहरु धार्मिक पर्यटनका लागि सुदूरपश्चिममा जान्छन् बाटाघाटाका अवस्था कति दयनीय छ भन्ने कुरा यो घटनाले देखाउँछ। यतातिर सरकारको म गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु।

महिला हिंसा जातीय विभेद जस्ता जटिल समस्या देखि यो प्रदेश लडिरहेको छ। तर बजेट आउँदा सुदूरपश्चिमलाई बजेट कुपोषणमा पारिन्छ। कर्मचारी त्यहाँ जाँदा साइबेरियामा जाँदै छु भन्ने खालको मनोविज्ञान लिएर जान्छन् जानुभन्दा पहिल्यै बाटोबाट फर्किन्छन्। भौतिक निर्माण आर्थिक आत्मनिर्भरता र सुशासनको बलियो उपस्थितिका लागि सुदूरपश्चिममा सरकारको ध्यान जाओस् भन्ने म सरकारसँग आग्रह गर्न चाहन्छु। र सरकारको कुटनीतिक कमजोरी लापरवाही र बच्पनाको हर्जना हाम्रो प्रदेशले भोगिरहेको छ अहिले जे जति गतिविधि भइरहेको छ यो जल्दबाजीमा जुन सरकारले कहिलेकाहीँ निर्णय गरेको छ। कुटनैतिक पहलमा जो कमजोरी गरेको छ त्यसको हर्जना प्रत्यक्ष रूपमा हामी सुदूरपश्चिमका मान्छेहरूले भोग्नुपरेको जानकारी पनि म हाउसमार्फत सरकारलाई गराउन चाहन्छु। र आगामी दिनमा सरकारले परिपक्व कुटनीतिको पहल गर्नेछ भन्ने म विश्वास पनि सरकार मार्फत हामीलाई प्राप्त होस् भन्ने आग्रह गर्न चाहन्छु। र आफ्नो कुरा अब अलिकति छोट्याउँदै म के भन्न चाहन्छु भने हामी बलिया हु भन्ने कुरा हाम्रा दुईटा छिमेकीहरूले बुझेका छन् आफूलाई बलियो ठानेको छ। अन्याय गर्ने बलियो हुँदैन। अरूलाई सानो देख्ने आफू ठुलो हुँदैन। यो कुरा पनि हाम्रो सरकारले दुइटा छिमेकीहरुसँग कुरा गर्नुपर्ने हुन्छ। हाम्रा ठुला छिमेकीहरू बलिया हुन् कि अन्यायी हुन्? ठूला हुन् कि हेपाहा हुन्? उहाँहरूको व्यवहारले यो पुष्टि गर्दैछ। अहिले नेपाल पहिलाको स्थितिमा छैन। पहिला हामीलाई Emotionally Convince गर्न खोजिन्थ्यो। हाम्रो सम्बन्ध हाम्रा छिमेकीहरूसँग राम र सीताको परापूर्वकालदेखि पौराणिक Mythological Era बाट हाम्रो सम्बन्ध हो भनेर हामीलाई Emotionally Convince खोजिन्थ्यो तर अहिले नेपालको युवा राम र सीतालाई मात्र याद गर्दैन। अहिले नेपालको युवाले Blocked देखेको छ।

भूकम्पको बेलामा जब हामीसँग खान लाउने स्थिति थिएन त्यतिबेला नाकाबन्दी भएको कुरा नेपाली युवाले देखेको छ। र नेपाली युवा नेपाली जनताले त्यो कुरा बुझिसकेपछि अब हामी Emotionally मात्रै Convince हुने पक्षमा छैनन्। यदि हाम्रा छिमेकीहरू हामीसँग राम्रो सम्बन्ध राख्न चाहन्छन् प्रागैतिहासिक एराको वास्ता दिएर हामीसँग सम्बन्ध राख्न चाहन्छन् भने असल छिमेकीको दायित्व उहाँहरूले पनि निर्वाह गर्नुपर्ने हुन्छ। राष्ट्रियताको विषयमा हामी सरकारलाई साथ दिन्छौं। र हामी सुदूरपश्चिमका मान्छेहरू त पहिलादेखि दिइरहेका छौं थप दिन्छौं। सरकारले कुटनीतिक प्रयासबाट यसको हल खोजोस् र आसन्न भारत र चीन भ्रमण हाम्रो सम्माननीय प्रधानमन्त्रीको छ। त्यो भन्दा पहिला उपयुक्त विमर्श आवोस र यदि उपयुक्त विमर्श आएन भने भ्रमण रद्द गर्न म सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। ठूला छन् बलिया छन् कुटनैतिक पहल मात्रै गरौं भन्ने कुरा यहाँ हामीले बढी जोड कुटनीतिक पहलमा गरम भनेर यहाँ दिइरहेका छौं जुन जायज कुरा पनि हो म पुरा योसँग

इत्तेफाक राख्छु कि हामी कुटनीतिक पहलमै जोड दिऔं। तर हामीलाई हेप्दै जाने हो। हामी त सुदूरपश्चिमका मान्छे हौं। हामीलाई दार्चुलामा चिथोरेका छन्। हामीलाई कञ्चनपुरमा चिथोरेका छन्। असह्य पीडा भएको छ। हामीले त्यो सहन नसक्ने स्थितिमा पुगिसकेका छौं। त्यसैले म सरकारसँग भन्न चाहन्छु हात्तीसँग लड्नु परे पनि लडौंला। हात्तीसे लड जायगी चिटिकी टोली। तयारी गर्नुहोस्। कुटनैतिक पहलमा तपाईंहरूको पुग्दैन भनेपछि नडराउनु होला। म त जनयुद्ध लडेको मान्छे हो ट्रेनिङ प्राप्त हो भन्ने पनि सरकारलाई जानकारी गराउन चाहन्छु। यद्यपि मैले चाहिँ यस्तो कुरा गर्दाखेरि अरु कसैलाई आइज दुइदुई हात गरिहालौ भन्न खोजेको होइन। मूल जोड त हामीले कुटनीतिक प्रयासमै गर्ने हो तर म सुदूरपश्चिमको मान्छे हो। हामीले त्यहाँ जति दुख भोगिरहेका छौं सायद तपाईहरुले भोग्नुभएको छैन। १ किलो चिनी ल्याउँदा १ पोका नुन ल्याउँदा जति अपमान त्यहाँ हामीले सहन परेको छ सायद तपाईहरुले त्यो सहनुभएको छैन। हाम्रो युवाहरुको ज्यान गएको छ जब चाहिँ बर्डर सेक्युरिटी फोर्सका मानिसहरू आएर हाम्रा युवाहरूलाई गोली हानेर जान्छन् र हाम्रो सेना प्रहरी मुकदर्शक बनेर बस्छ त्यतिबेला एउटा जनप्रतिनिधिको हैसियतले हाम्रो के हालत हुन्छ होला भन्ने पनि हजुरहरुले विचार गर्नुस भन्ने कुरा म भन्न चाहन्छु र यो जज्बाका साथ कि हाती से लड जायगी चिटीको टोली यो जज्बाका साथ हामी नेपालको सर्वभौमिकता र भौगोलिक अखण्डताका पक्षमा छौं र प्रत्येक नेपाली छ भन्दै बिदा हुन्छु धन्यवाद। लाल सलाम।

(१४:४८ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य इन्दिरा देवी गौतम। समय १५ मिनेट।

(१४:४८ बजे) <u>माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, लिम्पियाधुरा लिपुलेकका सम्बन्धमा २ छिमेकी मुलुकले नेपाललाई थाहै नदिइ गरेको निर्णयले हामीलाई गम्भीर बनाएको छ। कुटनीतिक माध्यमबाट देशको भूगोलको रक्षा गर्न सरकारले पहल गर्नेछ भन्ने विश्वास लिएको छु। अध्यक्ष महोदय म कोशी प्रदेशको अवस्था सम्भावना र समस्याका बारेमा आफ्ना विचारहरू राख्न चाहन्छु। कोशीको परिचय गराउन चाहन्छु। कोशी प्रदेश नेपालका हिमाल पहाड तराई तीनवटै भूगोल प्राकृतिक र सांस्कृतिक विविधता समेतको एउटा समृद्ध र सम्भावनायुक्त प्रदेश हो। विश्वको सर्वोच्च शिखर सगरमाथा देखि नेपालको सबभन्दा होचो स्थल केचनाकवलसम्म फैलिएको यो प्रदेशमा जल जमिन जंगल र जनशक्तिको प्रचुर सम्भावना छ। यो प्रदेशलाई कृषि पर्यटन जलविद्युत उद्योग र पूर्वाधार विकासका असिम सम्भावनाले भरिपूर्ण बनाएको छ। नेपालको सबभन्दा पूर्वी भागमा पर्ने कोशी प्रदेश पूर्वमा भारतको पश्चिम बङ्गाल दक्षिणमा

बिहार राज्य उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिममा नेपालकै मधेश र बागमती प्रदेशसँग सिमाना जोडिएको यस प्रदेशको कुल क्षेत्रफल २५९०५ वर्ग किलोमिटर छ भने यहाँको जनसङ्ख्या ४९, ६१,४१२ रहेको छ जुन नेपालको कुल जनसङ्ख्याको १७ प्रतिशत हुन आउँछ। अध्यक्ष महोदय कोशी प्रदेश जातीय दृष्टिले नेपालको सबैभन्दा बहुजातीय र बहुभाषिक प्रदेशहरू मध्येको एक हो। यस प्रदेशमा पहाडी हिमाली तराईबासी गरी १०० भन्दा बढी जातजातिको विविधता र ऐतिहासिक बसोबास रहिआएको छ। सोलुखुम्बु ताप्लेजुङ तेह्रथुम संखुवासवा आदि हिमाली क्षेत्रमा शेर्पा राई लिम्बु याक्खा गुरुङ तामाङ आदिको बाहुल्यता रहेको छ भने पहाडी क्षेत्र जस्तै धनकुटा भोजपुर वखलढुंगा खोटाङ उदयपुरमा ब्राह्मण क्षेत्री मगर र उत्पीडित जातिहरुको मिश्रण रहेको छ भने झापा मोरङ सुनसरी जस्ता तराई क्षेत्रमा थारु मधेसी मुस्लिम राजवंशी धिमाल आदिको ठूलो संख्या रहेको छ। यी समुदायबीच सामाजिक सांस्कृतिक ऐतिहासिक अन्तरसम्बन्ध यस देशको पहिचान हो। यो जातीय विविधता सामाजिक संरचना संस्कृतिको रंगीन र राजनीतिक पहिचान दृष्टिले पनि अत्यन्त महत्वपूर्ण छ। यसर्थ यसलाई समावेशी विकास सामाजिक न्याय र सांस्कृतिको संरक्षणमार्फत मार्फत संस्थागत गर्नु आवश्यक छ।

अध्यक्ष महोदय यसैगरी कोशी प्रदेश धार्मिक दृष्टिले सबैभन्दा समृद्ध विविधतायुक्त र ऐतिहासिक रूपमा महत्वपूर्ण प्रदेश हो। यो प्रदेश हिन्दु बौद्ध किराँत मुस्लिम तथा अन्य धार्मिक समुदायको शान्तिपूर्ण सहअस्तित्वको उत्कृष्ट उदाहरण हो। यस प्रदेशको धार्मिक र सांस्कृतिक विविधता परम्परा सम्पदा मात्र नभई विकासको आधार पनि हो। कोशी प्रदेशमा जातीय भाषिक विविधता अत्यन्त उच्च छ। यसले विभिन्न सांस्कृतिक परम्परा भाषा लुगा नाचगान पर्व रितिथिति जन्माएको छ। किराँत संस्कृतिमा साकेला उभौली उधौली सुम्निमा पारुहाङ पूजा धुधुम्न परम्परा छ। बौद्ध तामाङ संस्कृतिमा ल्होसार गुम्बा पूजा थारु संस्कृतिमा माघी पर्व झिझिया नाच मधेसी संस्कृतिमा छठ होली हिन्दु संस्कृतिमा दशैं तिहार राम नवमी मुस्लिममा ईद रमजान आदि रहेका छन्। यति धेरै धार्मिक सांस्कृतिक जातजातिले विविध समुदाय भएता पनि यी जातजाति धर्मावलम्बीहरू एकअर्काका पर्वहरूमा सहभावका साथ सहभागी भएको हामी पाउँछौं। अध्यक्ष महोदय अब म कोशी प्रदेशमा आत्मनिर्भरता र समृद्धिका सम्भावना रहेका सवालहरूमा केही कुराहरु राख्न चाहन्छु। कृषि मुख्य पेशा भएको कोशी प्रदेशमा ८ लाख २१ हजार हेक्टर खेतीयोग्य जमिन रहेकोमा त्यसमा ३७.२ प्रतिशत क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ। चिया अलैची अदुवा आलु मकै धान गहुँ लगायतका बालीहरूको उत्पादन यस प्रदेशमा उल्लेख्य छ। राष्ट्रिय उत्पादनको हिसाबबाट हेर्दा कोशी प्रदेशको चिया उत्पादन ९९.१७ प्रतिशत अलैची ९३.४७ प्रतिशत अदुवा ३४.७२ प्रतिशत आलु ३३.९३ प्रतिशत मकै २८.७४ प्रतिशत धान २०.७६ प्रतिशत रहेको छ। कुल ग्राहस्थ उत्पादनमा प्रदेशको यो योगदान ३८ प्रतिशत रहेको छ। मैले यो कोशी प्रदेशको कृषि योजना नीति तथा कार्यक्रमबाट साभार गरेको हुँ।

चरिचरण र खेतीयोग्य जमिन भएकाले कोशी प्रदेश खाद्यान्न र फलफुल उत्पादनमा मात्र नभएर माछा मासु दुध तथा दुग्धजन्य उत्पादनमा समेत अग्रणी भूमिका निभाउन सक्ने देखिन्छ। यद्यपि सिंचाई सुविधाको अभाव उन्नज जातका बीउ बीजन रासायनिक मल कृषि औजार तथा उपकरणका साथै प्राविधिक सेवा सर्वसुलभ नहुनु युवा जनशक्तिको पलायन बजारको असुरक्षा तथा प्रशोधन पूर्वाधारको अभाव बाढी पहिरो नदी कटान जस्ता चुनौतीहरु समाधान गर्नुपर्ने प्रमुख विषयहरू रहेका छन्। ससाना र थोरै सङ्ख्यामा चिया किसान उद्यमी चिया किसान उद्यमी र प्रशोधनकर्ताहरुलाई आधुनिक प्रविधि र यथेष्ट तालिम प्रदान गरी चियाको गुणस्तरमा एक रूपता कायम गर्न सके विश्व बजारमा नेपाली ब्रान्डको चिया विकास गर्न सक्ने प्रशस्त सम्भावना देखिन्छ। अध्यक्ष महोदय कृषि क्षेत्रको व्यवसायीकरण पूर्वाधार विकास लगानी प्रविधि र सामूहिक खेतीको प्रबर्धनले खाद्यान्न फलफुल तरकारी तथा नगदेबालीमा आत्मनिर्भरता र निर्यातको पनि उत्तिकै संभावना छ। अलैंची खेती इलाम पाँचथर संखुवासवा लगायतका जिल्लामा विस्तार गरी निर्यात वृद्धि गर्न सकिने सम्भावना रहेका छन्। यस्तै धनकुटा इलाम पाँचथर तेह्रथम लगायतका जिल्लामा बेमौसमी तरकारी उत्पादन गरी आत्मनिर्भर हुन सकिन्छ। धनकुटा इलाम पाँचथरमा सुन्तला किभि उत्पादन गरी निर्यात समेत गर्न सकिने प्रचुर सम्भावना रहेको छ।

अध्यक्ष महोदय भौगोलिक प्राकृतिक धार्मिक सांस्कृतिक विविधताका कारण कोशी प्रदेशमा अपार पर्यटकीय सम्भावना रहेको छ। सगरमाथादेखि केचनाकवल सम्मको फैलावट र प्राकृतिक मनोरमले गर्दा यसले छुट्टै आकर्षण थपेको छ। यस प्रदेशमा सगरमाथा मकालु बरुण राष्ट्रिय निकुन्ज कन्चनजंघा संरक्षण क्षेत्र र धार्मिक स्थलहरू पाथिभरा देवी ताप्लेजुङ माइपोखरी इलाम अर्जुनधारा र ८७ धाम झापा बराह क्षेत्र बुढा सुब्बा दन्तकाली रामधुनी सुनसरी हलेसी महादेव वराह पोखरी खोटाङ सालपा पोखरी भोजपुर दुधकुण्ड सोलुखुम्बु साथै चिया पर्यटनका लागि इलामको कन्याम श्री अन्तु फिक्कलजस्ता पोखरी जस्ता पर्यटकीय गन्तव्यहरु रहेका छन्। यसर्थ यस प्रदेशमा साहसिक धार्मिक प्राकृतिक तथा कृषि पर्यटनको एकीकृत विकासको प्रचुर आधार रहेको पाइन्छ। तथापि पर्यटन क्षेत्रका केही समस्याहरू पनि छन् जस्तै पर्यटकीय गन्तव्य स्थलको संरक्षण सुरक्षा र पूर्वाधार विकासको अभाव स्थानीय उत्पादन र पर्यटन व्यवसायी बीच सहकार्यको कमी भरपर्दो र सुरक्षित यातायात र पर्याप्त आन्तरिक अन्तर्राष्ट्रिय हवाई उडानको अभाव न्यूनत मापदण्ड अनुसार होटल रेस्टुरेन्ट सेवा सुविधाको अपर्याप्तता रहेको छ यसैगरी ट्रेकिङमार्गको स्तरोन्नति संकेत बोर्ड शौचालय सुरक्षा आदिको सुविधा न्यून छ प्रचारप्रसारको कमजोरीका कारण अन्तर्राष्ट्रिय स्तरमा सकारात्मक छवि कायम राख्न नसक्नु पर्यटकीय शिक्षा जनचेतना र व्यवसायिक जनशक्तिको अभाव आन्तरिक पर्यटन प्रवर्धनको बजारको नीति विकास नहुनु लगानीको सुरक्षाको सुनिश्चितता नहुनु पर्यटकको वैज्ञानिक अभिलेख र सूचना प्रविधिको विकासमा कमजोरी र तीनै तहका सरकारबीच पर्यटन प्रवर्धनमा

तालमेलको कमी हुनु आदि जस्ता समस्याले यस क्षेत्रको सम्भावनालाई पूर्ण रुपमा उपयोग गर्न कठिनाइ रहेको छ।

यदि पूर्वाधार विकास पर्यटन सेवा प्रबर्धन निजी क्षेत्रको संलग्नता अन्तर्राष्ट्रिय स्तरमा कोशी प्रदेशको ब्रान्डिङलाई प्राथमिकतामा राखेर योजनाहरू कार्यान्वयन गर्न सकियो भने नेपालकै प्रमुख पर्यटन गन्तव्यको रूपमा विकास हुन सक्छ र यसले स्थानीय रोजगारी विदेशी मुद्रा र राष्ट्रिय अर्थतन्त्रमा दिगो योगदान गर्नेछ। अध्यक्ष महोदय कोशी प्रदेश नेपालकै प्रमुख औद्योगिक केन्द्रहरूमध्ये एक हो। विशेष गरी तराई क्षेत्रका सुनसरी मोरङ औद्योगिक करिडोर यस प्रदेशको औद्योगिक मेरुदण्ड हो। देशको औद्योगिक उत्पादनमा यस प्रदेशको दोस्रो उच्च योगदान रहिआएको छ। खाद्य प्रशोधन कपडा प्लास्टिक धातुजन्य सिमेन्ट आदिजस्ता साना मझौला तथा ठूला उद्योगहरू यस प्रदेशका झापा मोरङ सुनसरी उदयपुर र धनकुटा आदि जिल्लाहरूमा रहेका छन्। विद्युत आपूर्तिमा अस्थिरता कच्चा पदार्थ आपूर्तिको असहजता मजदुर विवाद सीपयुक्त जनशक्तिको अभाव औद्योगिक नीतिमा एकरूपता र प्रोत्साहनको अभाव आदिलाई विशेष सम्बोधन गर्दै यस प्रदेशमा उद्योग क्षेत्रमा विकास गर्ने थप अवसरहरू पनि छन् अध्यक्ष महोदय जस्तै सुनसरी मोरङ करिडोर जस्तै अन्य करिडोर निर्माण गर्ने पाँचथर धनकुटा उदयपुर जस्ता पहाडी जिल्लामा नयाँ औद्योगिक ग्रामहरू खोल्ने खाद्य प्रशोधन चिया अलैंची प्रशोधन डेरी पोल्ट्री जस्ता कृषिमा आधारित उद्योगहरू विस्तार गर्ने जलविद्युत सौर्य बायो ग्यास उत्पादनका नवीकरणीय ऊर्जामा आधारित उद्योग सञ्चालन गर्ने। पूर्वाधार विकास कोशी प्रदेशका समग्र विकासका लागि अनिवार्य पक्ष हो। सडक ऊर्जा यातायात सञ्चार जल आपूर्तिका क्षेत्रमा यस प्रदेशमा क्रमिक प्रगति भएता पनि समग्र पहुँचमा अझै सुधार गर्नुपर्ने देखिन्छ।

कोशी प्रदेशका मुख्य पूर्वाधारका परियोजनाको बारेमा म केही उल्लेख गर्न चाहन्छु अध्यक्ष महोदय, नेपालको समृद्धिको एउटा प्रमुख मेरुदण्डको रूपमा मध्य पहाडी लोकमार्गलाई लिन सकिन्छ। यो मार्ग कोशी प्रदेशका पाँचथर तेह्रथुम धनकुटा भोजपुर खोटाङ ओखलढुङ्गा उदयपुर जिल्ला हुदै जान्छ। यो मार्ग स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने एक महत्वपूर्ण माध्यम भएको छ। यसैगरी उत्तर दक्षिण कोशी राजमार्ग अर्थात् कोशी करिडोर भारतको सीमाना जोगमनीदेखि चीनको सीमाना किमाथाङ्का जोड्ने त्रिदेशीय भारत नेपाल र चीन व्यापारिक मार्ग हो। अरुण नदीको किनारै किनारा चीन जोड्ने यो सडक उच्च हिमाली क्षेत्रमा पर्ने भएकाले बाह्रै महिना संचालनमा आउन सक्छ। जसले गर्दा चीनको बाटो हुँदै नेपाल सामान आयात निर्यात गर्न सहज र छिटो हुन गइ लागत पनि कम पर्न जाने हुनाले व्यापारिक क्रियाकलापमा वृद्धि हुन जान्छ। यो सडकको निर्माण पछि शिक्षा उद्योग पर्यटन जलविद्युत् पशुपालन कृषि लगायतको विकासले गति लिनेछ। तसर्थ यस्ता आयोजनालाई यथेष्ट बजेट विनियोजन गरी समयमा नै सम्पन्न गर्नुपर्ने हुन्छ। यसैगरी तराई मधेशको लाइफलाइन तराई मधेशको मेरुदण्डको रुपमा चिनिने हुलाकी

लोकमार्गको निर्माण सम्पन्न भएमा तराई मधेशको दक्षिणी भेगको आर्थिक सामाजिक शैक्षिक सांस्कृतिक विकासमा ठुलो योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ।

अध्यक्ष महोदय समृद्ध नेपाल सुखी नेपालीको परिकल्पनालाई साकार गर्न पूर्व पश्चिम रेलमार्ग कोसेढुंगा सावित हुनसक्नेछ। आर्थिक समृद्धिका लागि पूर्वाधारको विकास पहिलो र अनिवार्य सर्त हो। समयमा नै जग्गाको मुआब्जा वितरण र विवाद समाधान गरी समयमा सम्पन्न गर्न सकेमा नेपालले आर्थिक सामाजिक विकासमा ठुलो फड्को मार्ने थियो। त्यसैगरी तमोर जलविद्युत आयोजनालाई सुख्खा मौसमको ऊर्जा आयोजनाको रूपमा लिन सकिन्छ। यसको निर्माण पश्चात सुख्खा याममा समेत नेपालकै विद्युतबाट चौबीसै घण्टा विद्युत् आपूर्ति गर्न सकिने देखिन्छ। करिब ३८ किलोमिटरको तलाउ बन्ने भएकाले तलाउको छेउछाउ वरिपरि पर्यटकलाई आवश्यक होटल लज रेष्टुरेन्टको विकास गरी पर्यटनको विकास गर्न सकिन्छ। साथै तेह्रथुमको म्याङलुङ पाँचथरको फिदिम र ताप्लेजुङको फुङलिङसम्म यातायात सुविधा उपलब्ध गराउन सकिने देखिन्छ। जलविद्युतको क्षेत्रमा यस प्रदेशले अर्को ठुलो फड्को मारिसकेको छ। माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाबाट ४५६ मेगावाट विद्युत उत्पादन शुरु गरी राष्ट्रिय प्रणालीमा आबद्ध भइसकेको छ। अध्यक्ष महोदय कोशी प्रदेशको समग्र पूर्वाधार विकासमा देखिएका विभिन्न समस्याहरू जस्तै काम गर्न ढिलाई बजेट अभाव जग्गा मुआब्जा विवाद निर्माण गुणस्तरमा कमजोरी मर्मतमा अनियमितता विद्युत सञ्जाल र प्रसारण लाइनको अपुगता शुद्ध खानेपानी सिँचाइ इन्टरनेटको पहुँचमा असमानता आदिलाई सम्बोधन गर्दै यस प्रदेशको समग्र विकास गर्न सकिने प्रचुर अवसर छन्।

अध्यक्ष महोदय कोशी प्रदेशको बारेमा उल्लेख गर्नैपर्ने अर्को विषय हो भारतसँगको खुला सीमाना र यसको कारण सुरक्षामा देखिएको चुनौती। सीमा क्षेत्रबाट हुने अवैध व्यापार र तस्करीले गर्दा स्थानीय अर्थतन्त्रमा यसले घाटा गरिरहेको छ। यसर्थ सीमा सुरक्षा सुदृढीकरण अवैध व्यापार नियन्त्रण मानव बेचबिखन र लागू पदार्थ नियन्त्रण सीमा विवाद समाधानका लागि नीतिगत र व्यवहारिक पहल गर्नु आवश्यक देखिएको छ। यसैगरी अर्को महत्वपूर्ण विषय कोशी नदी र कोशी टप्पु वन्यजन्तु आरक्षण निकुञ्जहरुका सम्बन्धमा देखिएका समस्याको समयमा नै सम्बोधन गर्नुपर्ने आवश्यकता छ। कोशी नदीले बारम्बार धार परिवर्तन गरी आसपासका बस्तीहरू खेतीपाती पूर्वाधार बगाउने क्षति पुर्याउने गरेको छ। यसर्थ कोशी बाँध सम्बन्धी समस्यालाई गम्भीरतापूर्वक सम्बोधन गर्न ढिलाइ गर्नु हुँदैन र कोशी टप्पु निकुञ्जहरूमा अतिक्रमण प्रदूषण मानव वन्यजन्तु द्वन्दका चुनौतीको पनि समाधान गर्दै सही संरक्षण र व्यवस्थापन गर्न सकेमा जैविक विविधता पर्यटन अनुसन्धान र स्थानीय विकासको लागि उत्तम स्रोत बन्नेछ। कोशी प्रदेशका धेरै सम्भावनाहरु छन् गर्नुपर्ने कामहरु धेरै छन् र सम्भावना सम्भावना बोकेको छ हाम्रा नीति हाम्रा योजना हाम्रा प्रतिबद्धता हाम्रा संकल्पहरूले नै यसलाई तय गर्नेछ। र यी प्रादेशिक रूपमा रहेका हामीले अब प्रदेशहरुमा गरिएका हिजो

अस्ति गएर गरेका अन्तरक्रियाहरूबाट त्यहाँ रहेका समस्याहरु संघ प्रदेश र स्थानीय तहले गर्नुपर्ने कर्तव्य कामहरु र समझदारीहरूका बारेमा हामीले छलफल गरेका छौं र संघले धेरै कुराहरु तल सम्बोधन गर्नुपर्ने देखिन्छ तसर्थ हामीले प्रतिवेदनमा उल्लेख गरेका छौं। यिनै कुराहरुलाई आधार मान्दै म आफ्ना कुराहरु यहीं अन्त्य गर्दछु। हस्त धन्यवाद।

(१४:५८) <u>पुनःपीठासीनः</u>- सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहाल।

(१५:०३ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू प्रादेशिक सरोकार समयमा माननीय सदस्यहरुले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरु अब गृह मन्त्रालयसँग सम्बन्धित प्रश्न त्तरको कार्यक्रम प्रारम्भ हुन्छ र माननीय सदस्यहरु अब माननीय गृहमन्त्री रमेश लेखकलाई माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोस्टममा आउन आग्रह गर्दछु।

माननीय सदस्यहरू अब प्रश्नकर्ता माननीय मदन कुमारी शाह "गरिमा"लाई आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:०४ बजे) <u>माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>ः- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूमार्फत माननीय गृह मन्त्रीज्यूलाई मेरो प्रश्न यस्तो रहेको छ। द्वन्दकालदेखि शान्ति सम्झौता र शान्ति सम्झौतादेखि हालसम्म नेपालमा बारुदी सुरुङ र विस्फोटक पदार्थबाट कति जना पीडित भएका छन्? ती पीडितहरूबारे बनेका कानुनी व्यवस्था बमोजिम बारुदी सुरुङ र विस्फोटक पदार्थबाट पीडितहरूका लागि परिपुरण सम्बन्धी सरकारले के गरिरहेको थियो र के गरिरहेको छ? धन्यवाद।

(१५:०५ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय मन्त्रीज्यू।

(१५:०५ बजे) <u>माननीय गृह मन्त्री श्री रमेश लेखक</u>ः- सम्माननीय अध्यक्षज्यू, समयका लागि धन्यवाद। माननीय सदस्यज्यूलाई यो जानकारी राख्नु नै पर्ने विषयबारेमा प्रश्न राखिदिनु भएकोमा माननीय सदस्यज्यूलाई धेरै धेरै धन्यवाद। सम्माननीय अध्यक्षज्यू नेपाल प्रहरीबाट प्राप्त जानकारी अनुसार अथवा नेपाल प्रहरीका अनुसार माइन तथा विस्फोटनमा परी विक्रम सम्वत २०५२ सालदेखि

२०८२ असारसम्म प्रहरी र सर्वसाधारण गरी ६५१ जनाको मृत्यु तथा २८९९ जना घाइते भएका छन्। द्वन्दकालीन घटनाको सम्बन्धमा मृतकका हकदारलाई रु १० लाखका दरले राहत रकम प्रदान गरिएको, घाइते तथा सहीदका सन्ततिहरूलाई वार्षिक छात्रवृत्ति प्रदान गरिएको, टुहुरा बालबालिकाहरूका लागि १८ वर्षसम्म मासिक रू ५ हजारका दरले प्रदान गरिएको र घाइते अपाङ्गहरूलाई प्रतिशतका आधारमा मासिक रूपमा जीवन निर्वाह भत्ता जिल्ला प्रशासन कार्यालय मार्फत प्रदान गरिँदै आएको साथै परिपूरण सम्बन्धी अन्य व्यवस्था उपचार खर्च राहत तथा आर्थिक सहायता सम्बन्धी मापदण्ड, २०७९ बमोजिम नेपाल सरकारको निर्णय बमोजिम हुने गरेको व्यहोरा सादर अनुरोध गर्दछु। धन्यवाद।

(१५:०७ बजे) **सम्माननीय अध्यक्षः-** सम्माननीय अध्यक्षज्यू अब प्रश्नकर्ता माननीय सदस्यलाई पूरक प्रश्न सोधन चाहनुहुन्छ भने प्रश्नसंग प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रही एक मिनेटभित्र पूरक प्रश्न सोधन समय उपलब्ध गराउँछु।

पूरक प्रश्न नभएकोले माननीय मन्त्रीज्यू आसन ग्रहण गर्नको लागि हार्दिक अनुरोध गर्छु। माननीय सदस्यहरु, अब उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग सम्बन्धित प्रश्न उत्तरको कार्यक्रम प्रारम्भ हुन्छ। माननीय सदस्यहरु अब माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीलाई माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्टममा आउन आग्रह गर्दछु।

माननीय सदस्यहरु अब प्रश्नकर्ता माननीय सदस्य माया प्रसाद शर्मालाई आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:०८ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका माननीय मन्त्रीज्यूलाई म प्रश्न गर्न चाहन्छु। माननीय मन्त्रीज्यू दैलेखमा पेट्रोलियम पदार्थ निस्केको कुरा प्रष्ट भएको छ हामी सबैका लागि खुसीको विषय हो। त्यसको अन्वेषण कहिले हुन्छ जाजरकोट, दैलेख, अछाम लगायतका जिल्लाहरूमा काइनाइट लगायतका महत्त्वपूर्ण पत्थरीय धातुहरू भएको कुरा प्रष्ट छ। यसको औद्योगिकरण व्यापारीकरण गर्नमा सरकारको कुनै योजना छ कि धन्यवाद।

(१५:०८ बजे) सम्माननीय अध्यक्षः- माननीय मन्त्रीज्यू।

(१५:०८ बजे) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारीः- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूमार्फत प्रश्नकर्ता माननीयज्यूलाई धन्यवाद दिन चाहन्छु। २०८१ माघ महिनामा चीन सरकारको अर्थिक तथा प्राविधिक सहयोगमा दैलेख जिल्लाको भैरवी गाउँपालिका वडा नम्बर १ जलजलेमा पेट्रोलियम पदार्थको अन्वेषणका लागि ४,०१३ मिटर ड्रिलिङ कार्य सम्पन्न भएको छ। चीन सरकारको तर्फबाट अन्वेषण कार्यमा संलग्न चिनिया जियोलोजिकल सर्भेबाट प्राप्त प्रारम्भिक प्रतिवेदन अनुसार हालको ड्रिलिङ साइटमा ११२.१ अर्ब घनमिटर प्राकृतिक ग्यास मिथेनको भण्डारण रहेको अनुमान गरिएको छ। सोही प्रतिवेदन बमोजिम भण्डारणको उत्पादकत्व निर्धारण गर्नका लागि उत्पादन परीक्षण सम्मको कार्य गर्नुपर्ने भएकोले जीटुजीमार्फत चीन सरकारको सहयोगमा सो कार्य सम्पन्न गर्नका लागि अनुरोध गरेर पठाएको म जानकारी गराउन चाहन्छु। खानी तथा भूगर्भ विभागबाट जारी भएको खोज तलास तथा उत्खनन अनुमतिको तथ्याङ्कबाट जाजरकोट दैलेख तथा अछामसहितका केही स्थानहरूमा काइनेट तथा तुर्मालिन लगायतका महत्वपूर्ण पत्थर धातुहरू रहेको कुरा प्रष्ट हुन्छ। त्यसको औद्योगिकरण र व्यवसायिकरण गर्न सरकार प्रयत्नशील रहेको कुरा म जानकारी गराउन चाहन्छु। धन्यवाद।

(१५:१० बजे) सम्माननीय अध्यक्षः- अब प्रश्नकर्ता माननीय सदस्यलाई पूरक प्रश्न सोध्न चाहनुहुन्छ भने प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रही एक मिनेटभित्र पूरक प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:१० बजे) माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय मन्त्रीज्युले मैले सोधेको प्रश्न प्रष्ट पारेकोमा अर्को प्रश्न छैन। मन्त्रीज्युलाई धेरै धेरै धन्यवाद।

(१५:१० बजे) सम्माननीय अध्यक्षः- अब माननीय मन्त्रीज्यूलाई आसन ग्रहण गर्न अनुरोध गर्दछु।

(१५:१० बजे) <u>माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दामोदर भण्डारी</u>:- धन्यवाद, अध्यक्षज्यू।

(१५:१० बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू अब संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ हुन्छ। माननीय सदस्यहरु अब माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेलाई माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्टममा आउन आग्रह गर्दछु।

माननीय सदस्यहरु अब प्रश्नकर्ता माननीय सदस्य माया प्रसाद शर्मालाई आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:११ बजे) <u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय अध्यक्षमार्फत संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका मन्त्रीज्यूलाई म प्रश्न सोध्न चाहन्छु- कालिकोट जिल्लाको कोटबारा रुकुम पश्चिमको चौरजहारी अछामको साँफे बगरमा एयरपोर्टहरु छन् तर जहाज चल्दैनन्। एयरपोर्टको उपादेयता घटेकै हो? कर्णालीको राजधानी सुर्खेतमा एयरपोर्टको विस्तारको बहस निकै चल्ने गर्दछ। अब मौजुदा एयरपोर्टको विस्तार हुन्छ कि नयाँ ठाउँमा एयरपोर्ट निर्माण हुन्छ जवाफ पाउनका लागि अनुरोध गर्दछु धन्यवाद।

(१५:१२ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय मन्त्रीज्यू।

(१५:१२ बजे) <u>माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बद्री प्रसाद पाण्डे</u>:- सम्माननीय अध्यक्षज्यू प्रश्नकर्ता माननीय सदस्यलाई म हार्दिक धन्यवाद दिन चाहन्छु। संयोगले आज मात्रै प्रदेश सरकार कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री पूर्व मुख्यमन्त्री त्यहाँको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयका मन्त्री र अरू सरोकारवाला त्यहाँका प्रदेश सांसदहरू स्थानीय तहका केही स्थानीय तहका प्रमुखहरू लगायतसँग एउटा छलफल कार्यक्रम थियो हाम्रो मन्त्रालयमा। यी विषयहरू आज हामी लामो छलफलमा बस्यौं। विशेषगरी यहाँले सोध्नुभएको कालिकोटको कोटबाडा एयरपोर्ट यो एकपटक टेस्ट फ्लाइट मात्रै भयो त्यसपछि अरु फ्लाइट

भएन। पूर्व ताप्लेजुङको सुकेटारदेखि पश्चिम दार्चुलाको गोकुलेसम्म साना एयरपोर्टहरू बढेका छन्। कर्णाली प्रदेशमा मात्रै ९ वटा एयरपोर्टहरू सुर्खेत समेत ९ वटा एयरपोर्टहरु सञ्चालनमा छन्। निर्माण भएको अवस्थामा छन्। तर साना प्लेनहरू ट्वीनेटरको सङ्ख्या घटेको कारणले थोरै ट्वीनेटरले सेवा दिन सकिरहेका छैनन्। नेपाल एयरलाइन्सको जम्मा २ वटा ट्वीनेटर संचालनमा छन् भने समीट एयर तार एयरलाइन्स सीता लगायतका जम्मा सात आठवटा ट्वीनेटर मात्रै अहिले सञ्चालन छन्। तिनले विभिन्न ठाउँबाट दुर्गम विमानस्थलमा सेवा दिन खोजिरहेका छन् तर अपर्याप्त छन्। त्यसैले यसको के उपाय गर्ने होला भनेर सरकारले विभिन्न किसिमले सोचिरहेको छ सातवटा प्रदेशमा सातवटा ट्वीनेटर तीनै तहको सहभागितामा निजी क्षेत्र समेत सम्मिलित भएर सम्भव हुन्छ कि अथवा अरु के विकल्प हुन सक्छन्? निजी क्षेत्रबाट सञ्चालन गर्ने उच्च पहाडले बनेको भूगोल छ। १२/१४ घण्टा गाडीको यात्रा जतिसुकै राम्रो सडक बनाए पनि १२/१४ घण्टा गाडीमा यात्रा गर्नुपर्ने यात्रुले यदि हवाई सेवा उपयोग गर्ने हो भने आधा घण्टा ३० मिनेट ३२ मिनेटमै ३५ मिनेटमा यात्रा पूरा गर्न सक्छ त्यसैले यसको उपादेयता घट्ने स्थिति छैन। खाली यसको प्रबन्ध बढाउनुपर्नेछ। सेवा बढाउनुपर्नेछ। साना प्लेनहरुको एयरक्राफ्टहरुको संख्या थप्नुपर्नेछ। त्यसमा सरकारले आफूले गर्न सक्ने काम आफुले पनि गर्ने र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने र निजी क्षेत्रलाई लगानी मैत्री वातावरण बनाउने दिशामा हामीले विभिन्न ढंगले सोचिरहेका छौ त्यो अनुसारको नीति कानुनहरू ल्याउन हामी कोसिस गरिरहेका छौं। म यही आग्रह गर्न चाहन्छु। कर्णालीको राजधानी सुर्खेतमा भएको एयरपोर्ट विस्तारका निम्ति सरकारले यसपटक पनि बजेट छुट्याएको छ आफ्नो अहिलेको आर्थिक वर्षको बजेटको क्षमता अनुसार सुर्खेतमा पनि अरु प्रदेशका राजधानीमा जस्तै एउटा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल चाहिन्छ भन्ने माग आइरहेको छ र त्यो अनुसारको अध्ययनका निम्ति यस वर्षको बजेटमा नीति तथा कार्यक्रममा समेत यो विषय समावेश भएको छ भएको एयरपोर्टलाई राम्रो बनाउने गुणस्तरीय बनाउने र यसलाई यसको विस्तार गर्ने काम मौजुदा एयरपोर्टको र नयाँ एयरपोर्टको हकमा पनि अध्ययनको काम हामीले यसै आर्थिक वर्षभित्र राखेका छौं। सम्माननीय अध्यक्षज्युमार्फत म माननीय सदस्यज्युलाई यहाँको जिज्ञासालाई मैले जवाफ दिएको छु। धन्यवाद।

(१५:१६ बजे) **सम्माननीय अध्यक्षः-** अब प्रश्नकर्ता माननीय सदस्यलाई पूरक प्रश्न सोध्न चाहनुहुन्छ भने प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रही एक मिनेटभित्र पूरक प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:१६ बजे) <u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- जवाफको लागि मन्त्रीज्युलाई धन्यवाद।एउटा छोटो छ-लुम्बिनी प्रदेशको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल कहिलेकाहीँ मात्र चल्ने गरेको छ।छिमेकी देश भारतका कारणले ...... नचलेको भन्नेछ।यसको अध्यक्षमार्फत मन्त्रीज्युलई जवाफको लागि अनुरोध गर्दछु।

(१५:१७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय मन्त्रीज्यू।

(१५:१७ बजे) <u>माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बद्री प्रसाद पाण्डे</u>:- सम्माननीय अध्यक्षज्यू भैरहवा विमानस्थल र पोखरा विमानस्थल अन्तर्राष्ट्रिय विमानस्थल र क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल दुइटै विमानस्थललाई सुचारु गर्नका निम्ति यो सरकार बनेपछि वर्तमान सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा सरकार बनेपछि मन्त्रिपरिषदले एउटा कार्ययोजना पास गरेको छ। जसको कारणले त्यहाँ हामी दुईटै विमानस्थललाई चलायमान बनाउने बाटो लिएका छौं। भिसा सेन्टर त्यहीं स्थापना हुनुपर्ने अध्यागमन स्थापना गर्ने श्रम कार्यालय स्थापना गर्ने क्वारेन्टाइन त्यही राख्ने स्वास्थ्य परीक्षणका निम्ति आवश्यक कार्यालयहरू त्यहाँ लिएर जाने म्यानपावर कम्पनीहरूलाई पनि त्यतैपटि आकर्षित गर्ने सरकारले दिने विभिन्न खालका छुटहरु फ्युलमा छुट ती दुईटा एयरपोर्टको हकमा दुई वर्षका लागि भ्याटमा छुट टिकटमा लाग्ने भ्याटमा छुट लगायतका विभिन्न सहुलियतका कार्यक्रमहरू प्याकेजमै मन्त्रिपरिषदको निर्णय अनुसार कार्ययोजना अनुसार लिएर गएका छौं।

हामीले हिंजो मात्रै पनि अर्थ मन्त्रीज्यूकोमा अर्थ मन्त्रालयमा यो विषयमा थप समीक्षा पनि भएको छ र अहिले प्रधानमन्त्रीज्यूको भारत भ्रमणको पूर्व सन्ध्यामा हामीले प्राप्त गर्नुपर्ने रुटका विषयमा रुट बाहिर र भित्र आवागमन दुईटैका लागि रुटहरू आवश्यकता पर्छ। केवल सिमरानिरको रुट मात्रै आउने जाने प्रयोजनका लागि छ। अरु ठाउँबाट चाइना जाने हकमा तुम्लिङटार नेरको रुट पनि आवतजावतका निम्ति छ। अरू रुटहरूमा आवतजावत दुईटै हुँदैन एकोहोरो मात्रै छ। त्यसैले यो विषयलाई महत्वका साथ यस भ्रमणमा सम्माननीय प्रधानमन्त्रीज्यूको भ्रमणमा उठाउने रूटका बारेमा पनि हामी स्पष्ट हुने र काठमाडौं नआइकनै मानिसहरू जो श्रम गर्न विदेश जान्छन् र श्रम गरेर नेपाल फर्किन्छन् उनीहरु भैरहवा या पोखरा विमानस्थलमा उत्रिने अथवा भैरहवा या पोखरा बिमानस्थलबाट उड्ने। त्यसैगरी विशेषगरी भैरहवा विमानस्थललाई संसारभरिका बुद्ध धर्मावलम्बीहरु जो बुद्धको जन्मभूमि आउन चाहनुहुन्छ उहाँहरुलाई काठमाडौं नआइकनै जाने आउने प्रबन्धका हकमा अरु के व्यवस्था गर्न सकिन्छ के जटिलता छन् त्यसलाई निराकरण गरेर नारायणी पश्चिमका श्रमिकहरू यही

दुइटा एयरपोर्टबाट आवतजावत गर्नुस् र लुम्बिनीमा जाने बुद्ध धर्मावलम्बीहरू अथवा कोही पनि शान्ति प्रेमी कोही पनि नागरिक पर्यटक धार्मिक पर्यटक त्यही ठाउँबाट आवतजावत गर्ने वातावरण बनाउने दिशामा सरकारले तत्परताका साथ काम गरिरहेको छ। बिस्तारै यसका सकारात्मक परिणामहरु देख्न सकिनेछ भन्ने कुरा म सम्माननीय अध्यक्षज्यू मार्फत आग्रह गर्न चाहन्छु।

(१५:२० बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू प्रश्नोत्तर कार्यक्रम यहीँ समाप्त भएको जानकारी गराउँछु। माननीय सदस्यहरू, अब माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेलाई अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०७१ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:२० बजे) **माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बद्री प्रसाद पाण्डेः-** सम्माननीय अध्यक्ष महोदय अध्यक्ष महोदयको अनुमतिले अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:२१ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेले प्रस्तुत गर्नुभएको अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा विधेयक र सो सम्बन्धी विधेयकका दफाहरुका सैद्धान्तिक पक्षमा मात्र छलफल गर्न सकिने व्यहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु। छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम दुई मिनेटभित्र अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरुलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य जग प्रसाद शर्मा।

(१५:२२ बजे) **माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षमार्फत म यो विधेयक जे आएको छ यो विधेयकमा म एउटा मन्त्री अध्यक्ष मार्फत मन्त्रीलाई एउटा प्रश्न गर्न चाहन्छु। संविधानको धारा ५ मा संघका

अधिकारको सूची छन्. ३४ वटा। संविधानको अनुसूची ६ मा प्रदेशका अधिकारहरू पनि २१ वटा छन्। संविधानको अनुसूची ८ मा स्थानीय तहका अधिकारको सूची २२ वटा छन्। यिनी सबै सूचीहरू हेर्दा संघको अधिकारभित्रका सूचीहरुमा यो विधेयक कतै यो विधेयक ल्याउनुपर्ने आवश्यकता कतै देखिंदैन। बरु प्रदेशको अधिकार सूचीको १८ नम्बर बुँदामा भाषा लिपी संस्कृति ललित कला र धर्मको संरक्षणमा प्रयोग गर्ने भनेर १८ नम्बर बुँदामा प्रष्टसँग उल्लेख गरिएको छ। र स्थानीय तहको अधिकारको सूचीको २२ नम्बर बुँदामा भाषा संस्कृति र ललित कलाको संरक्षण र विकास गर्ने कुरा स्पष्ट रूपमा उल्लेख गरिएको छ। तर सङ्घको अधिकार सूचीमा ३५ वटा अधिकार सूचीहरुमा कतै पनि यस्तो देखिँदैन। संघ र प्रदेशका अधिकारको सूचीमा पनि यस्तो देखिँदैन। संघ प्रदेश र स्थानीय तहका अधिकार सूचीहरूमा पनि यस्तो देखिँदैन। त्यसकारण यो विधेयक कुन सूचीमा टेकेर ल्याइएको होला भन्ने मेरो जिज्ञासा मन्त्री समक्ष सम्माननीय अध्यक्ष मार्फत मन्त्रीलाई म राख्न चाहन्छु पहिलो कुरा। दोस्रो कुरा अस्ति नै यो छलफल हुँदा यो नामाकरणबारे अभौतिकको ठाउँमा दफावार छलफलको क्रममा यसलाई मिलाएर जाने भन्ने ढंगले मन्त्रीज्यू जे ढंगले लचकतापूर्वक प्रस्तुत हुनुभएको छ त्यो त क्रमश त्यता छलफल चल्ला। र अहिले यो संविधानमा उल्लेखित भएका अधिकार सूचीहरू मध्ये कतै संघीयताको मर्म विपरीत प्रदेश या स्थानीयले पाएको अधिकार कटौती त हुने होइन यो बनाउँदै गर्दा यो विधेयक यहाँ निर्माण गर्दै गर्दा भन्ने मलाई चिन्ता लागेर यो उठाएको हो। धन्यवाद।

(१५:२४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य पदम बहादुर परियार।

(१५:२४ बजे) <u>माननीय श्री पदम बहादुर परियार (नेपाली काङग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, यो अभौतिक सम्पदा सम्बन्धी जुन विधेयक आएको छ सदनमा यो ज्यादै सान्दर्भिक छ। खासगरीकन अहिले नेपालमा बढ्दो जुन माइग्रेसनको डर छ र हाम्रो जुन सांस्कृतिक विविधता र सांस्कृतिक सम्पदाहरु छन् त्यसको संरक्षण हुन नसकिरहेको त्यो सांस्कृतिक सम्पदाहरू विस्तारै लुप्त हुँदै गइरहेको सन्दर्भमा सरकारले यो विधेयक लिएर आएको छ यो साह्रै सान्दर्भिक छ। यसले खासगरीकन स्थानीय तहलाई यस्ता खालका सम्पदाहरूको संरक्षणको सन्दर्भमा जिम्मेवार बनाउने हिसाबले व्यवस्थाहरू गरिएको छ। खासगरिकन Convention on the Intangible Cultural Heritage 2003 लाई तादम्यता हुने गरेर हामी त्यसको पक्ष राष्ट्र पनि छौं। त्यसको तादम्यता हुन गरेर सरकारले यो ल्याएको छ धारा ५१ मा हामीले सांस्कृतिक विविधता कायम गर्ने भनेर व्याख्या गरेका छौं त्यसलाई पनि सम्बोधन गर्ने गरेर सरकारले यो विधेयक लिएर आएको मैले बुझेको छु।

खासगरीकन यो राय पेश गर्ने समितिको प्रस्तावहरू गरिएको छ यसलाई त्यति धेरै समावेशी बनाउन नसकिएको जस्तो देखिन्छ भने अर्को महत्वपूर्ण विषय के छ भने हाम्रो केही अभौतिक सम्पदाहरु जुन हामीले वर्षौं वर्षदेखि मान्दै आइरहेका छौं। एउटा समुदायको लागि त्यो संस्कृति त्यो सम्पदा संरक्षण गर्नुपर्ने देखिएको छ भने अर्को समुदायको लागि त्यही संस्कृति त्यही सम्पदा चाहिँ फेरी विभेदी भएको विभेद गरेको पनि देखिएको छ। यसका कयौ उदाहरणहरु चाहिँ छन्। महिला विभेदी भएका कुराहरू छन्। दलितहरुलाई विभेदी भएका कुराहरु छन्। भोलि एउटा समुदायले त्यसको संरक्षण गरिरहन खोज्दाखेरि भोलि अर्को समुदायले त्यसको विरोध गर्न सक्ने सम्भावनाहरू पनि प्रशस्तै छन्। तसर्थ यस्ता कुराहरुलाई पनि विधेयकले सम्बोधन गर्ने गरेर हामीले अगाडि बढाउनुपर्छ। यो ज्यादै सान्दर्भिक छ यसलाई संशोधन गरेर समृद्ध बनाएर अगाडि बढाउनको लागि म विधायन समितिमा पठाइयोस् भनेर पनि प्रस्ताव गर्न चाहन्छु धन्यवाद।

(१५:२६ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१५:२६ बजे) <u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण गर्ने सम्बन्धमा गर्न बनेको विधेयक २०८१ को सैद्धान्तिक पक्षको छलफलमा छौं हामी आज। नेपाल सरकार सांस्कृतिक पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले अभौतिक सम्पदाको खोजी गर्ने संरक्षण गर्ने अभिलेखीकरण गर्ने योजनाका साथ पुस्ता हस्तान्तरण गर्ने उद्देश्यका साथ ल्याइएको यो विधेयकलाई म स्वागत गर्न चाहन्छु। मौजुदा प्राचीन स्मारक ऐन, २०१३ ले ती सांस्कृतिक संपदालाई समय सापेक्ष रुपमा समेट्न नसक्ने भएकोले पनि मन्त्रालयले यो विधेयक प्रस्ताव गरेको देखिन्छ। जसबाट संपदाको पहिचान विकास संरक्षण गर्ने गरी नयाँ कानुनी व्यवस्था गर्न खोजेको देखिन्छ। हाम्रो देशको सांस्कृतिक परम्परा समुदाय भाषा भाषी र सम्प्रदाय अनुसार अलग र फरक प्रकृतिका संस्कृतिहरु रहेका छन्। मौलिक कला संस्कृति भिन्न भिन्न छन्। तिनीहरुको संग्रह र अभिलेख गर्न खोजियो भने देशको गौरव पनि बढ्नेछ र आन्तरिक र बाह्य पर्यटकहरुलाई पनि आकर्षण गर्न सकिनेछ।

मौलिक कला संस्कृति प्रचलन र इतिहास झल्काउने संरचना मानव जीवनका ज्ञान सीप कथा कविता किंवदन्ती सांस्कृतिक पर्व जात्रा उपचार पद्धति ज्योतिषी ज्ञान कला कौशल खेलहरु भेषभूषाहरु खानाका परिकारहरु जीवनयापनका तौरतरिकाहरु झल्किने गरी संग्रह गर्ने संग्रहालयको स्थापना गर्न खोजेको देखिन्छ। स्थानीय पालिकाहरुको मौलिकता र विशेषताहरु

प्रदेशको मौलिकता तत्कालीन अभौतिक सम्पदाको अलग र फरक पहिचान दिनसक्नेछन्। यसबाट स्वरोजगारको माध्यमले रोजगारी सिर्जना हुन्छ भने आयआर्जनमा वृद्धि गरी राष्ट्रिय आयमा पनि टेवा पुग्ने देखिन्छ। प्रदेशले आफै पनि ऐन बनाएर संरक्षण गर्न सक्दछ। यसतर्फ प्रदेशको ध्यान जान आवश्यक छ। ऐन बनेर मात्र पनि हुँदैन। संपदाको अध्ययन अनुसन्धानको लागि आर्थिक लगानी गर्नुपर्नेछ। स्रोत साधन भौतिक संरचना दक्ष मानव जनशक्तिको आवश्यकता हुन्छ। अभिलेखीकरण गर्न कतिपय संपदा लोप हुँदैछन्। भाषा र लिपीहरुको संरक्षण गर्न लिपिबद्ध गर्न ३ तहको सरकारको प्रतिबद्धता पनि उत्तिकै जरुरी र आवश्यकता रहेको छ। समाजको विकास क्रम तीव्र गतिमा भइरहेको छ। नयाँ प्रवृत्तिप्रति मानिसको आकर्षण बढिरहेको छ। पुरानो ऐतिहासिक महत्व र इतिहास झल्काउने अभौतिक संपदा भनेको तत्कालीन नेपालको पहिचान पनि हो। यसको महत्व नयाँ पुस्तालाई बुझाउन देखाउन कस्तो अवस्थाबाट यहाँसम्म आएका हौ भन्ने कुरो सचेत गराउन पनि आवश्यक छ। प्रचार गर्न पनि आवश्यक छ। यसको लागि संकलन संग्रह र व्यवस्थापन गर्न विकास समिति ऐन, २०१३ अनुसार गठन आदेशको माध्यमले स्थापना गरेको संग्रहालयको नियमन व्यवस्थापन गर्न संग्रहालयसम्बन्धी विशेष ऐनको पनि आवश्यकता रहेको कुरो म सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। अभौतिक सांस्कृतिक संपदालाई राष्ट्रिय सूचीमा समावेश गर्न सिफारिस समिति मनोनयनको प्रक्रिया अलि अस्पष्ट देखिएको छ भने विधेयकको मस्यौदामा १२ वटा दफामा आएको छ भने प्रत्यायोजित विधायन पनि बाह्रै वटा दफामा प्रत्यक्ष रुपमा देखिएको छ। विधायन ऐन अनुरुप यसलाई चाहिँ ढाल्नुपर्ने देखिन्छ। मन्त्रालयले गर्ने काम र सिफारिस समितिको काममा अलमल देखिएको छ। स्थानीय तह र प्रदेशले प्रत्यक्ष रुपमा काम गर्नुपर्ने कार्य देखिन्छ भने तीनै तहको सरकारको सहयोग र समन्वयको आवश्यकता पनि देखिएको छ। धन्यवाद।

(१५:२९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य युवराज शर्मा।

(१५:३० बजे) **माननीय श्री युवराज शर्मा (नेपाली काङग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, प्रस्तुत अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०८१ माथि सैद्धान्तिक छलफलमा भाग लिंदैछु। मेरो धारणामा मानिस जन्मँदै एउटा अभौतिक शरीर र त्यसभित्र एउटा अभौतिक चेतना लिएर जन्मन्छ। दुवै एक अर्कामा अन्योन्याश्रित पनि छन्। त्यसैले मानिस जन्मँदै वंश जात धर्म परम्परा रीतिरिवाज संस्कृति भाषा अझ भन्ने हो भने राष्ट्रियता समेतको बन्धन पहिचानले जन्मेको हुन्छ। कुनै दार्शनिकले यसलाई जञ्जिर वा बन्धन पनि भनेका छन्। र यो कसैको लागि सुखद वा

दुखद पनि हुनसक्छ। किनभने सबै राष्ट्र सम्पन्न र समाज भेदभावरहित समतामूलक देखिंदैन। त्यसैले ऐन कानुन र हाम्रो संविधानले समावेशितालाई अपनाउँदै पहिचान र विविधताको सम्मानको नीति अपनाएको छ। यस विधेयकले त्यस सम्बन्ध सुरक्षा र संरक्षणको भावनालाई आश्वस्त पारेको देखिन्छ।

यो विधेयक संविधानको नीति निर्देशक तत्व अन्तर्राष्ट्रिय सन्धिका आधारहरुलाई समातेर प्रस्तुत भएको देखिन्छ। विधेयकको उद्देश्य कारणमा सन् २००३ को अभौतिक सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धिको कार्यान्वय भनी उल्लेख गरिएको छ। त्यो पनि २२ वर्षअघिको कुरा हो। विधेयकको प्रस्तुतिको समय सापेक्षता बल्ल देखापरेको त होइन। विधेयक सम्बन्धमा संविधानको धारा २६ को धार्मिक स्वतन्त्रताको हक र भाग ४ को नीति निर्देशक तत्व अन्तर्गत धर्म संस्कृति परम्परा र अन्य कारणले विभेद र शोषणलाई नभई सद्भाव ऐक्यबद्धता र सद्भावनालाई आधार बनाई यो विधेयक प्रस्तुत भएको देखिन्छ। त्यस्तै नेपाल सरकारको चालू आर्थिक वर्षको नीति र कार्यक्रमको बुँदा नं.१३ को मूर्त तथा अमूर्त कुराको संरक्षण संवर्धन गर्ने त्यस्तै बुँदा नं. ८६मा उल्लेखित नेपालको पर्यटन प्रवर्धनलाई समेत आधार बनाई विधेयक प्रस्तुत भएको देखिन्छ। यस विधेयकमा प्रस्तुत व्याख्यात्मक टिप्पणी र प्रत्यायोजित विधायन व्यवस्थापनलाई पनि राम्रो मान्न सकिन्छ। नेपालको संविधान समाजवाद उन्मुख भएकोले कुनै पनि विधेयक रुपान्तरणकारी र प्रगतिशील हुनपर्दछ र विकासको साधक पनि। प्रस्तुत विधेयकले यस सम्बन्धमा आश्वस्त पार्न खोजेको देखिन्छ। विधेयकलाई अझ समृद्ध र परिस्कृत बनाउन गहन र बुँदागत छलफल समेत आवश्यक देखेको छु। विधेयक प्रस्तुतिको लागि माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्युलाई धन्यवाद।

(१५:३२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य रुकमिणी कोइराला।

(१५:३२ बजे) <u>माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्षज्यू, म नेपालमा अभौतिक र सांस्कृतिक सम्पदाको बारे बोल्न गइरहेको छु। नेपाल अभौतिक सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी २००३ को पक्ष राष्ट्र समेत भइसकेको अवस्था छ। महासन्धिको पक्ष राष्ट्रको हैसियतले सो महासन्धिको कार्यान्वयन गर्न संस्कृति सम्पदालाई संरक्षण र व्यवस्थापन गर्न कानुन बनाउनुपर्ने संविधानको दायित्व पनि हो। म यो विधेयकलाई स्वागत र सम्मान पनि गर्न चाहन्छु। यसै अनुरुप संघ प्रदेश र स्थानीय तह समेतको सहकार्यमा काम गर्ने पनि देखिन्छ। यसैगरी नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था अन्तर्गत धारा २६ मा

धार्मिक स्वतन्त्रताको हक एवं धारा ३२ मा भाषा तथा संस्कृतिको हकको व्यवस्था रहेको छ। त्यसैगरी संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्तहरुमा नीति तथा दायित्व अन्तर्गत धर्म संस्कृति परम्परा प्रथा प्रचलन वा अन्य कुनै आधारमा विभेद शोषण र अन्याय हुन नदिने र सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव ऐक्यबद्धता र सामञ्जस्य कामय गर्दै लानुपर्ने देखिन्छ।

त्यसै अनुरुप सामाजिक र सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वको आधारमा विभिन्न जातजाति समुदायको भाषा लिपि सहितको कला चलचित्र र संपदाको समृद्धि र संरक्षण र विकास गर्ने ऐतिहासिक सांस्कृतिक धार्मिक पुरातात्विक र प्राकृतिक संपदाहरुको पहिचान संरक्षण प्रवर्धन एवं प्रचार प्रसारमार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको बीचमा संघ प्रदेश र स्थानीय तहको साझा सूची अन्तर्गत पुरातत्व प्राचीन स्मारक विभिन्न विषयका संग्रहालयहरु अभौतिक मूर्त अमूर्त संपदाको संरक्षण र नेपालको इतिहास कला संस्कृति मौलिक विशेषता समेटिएको प्राकृतिक सौन्दर्य लगायत नेपालमा रहेका जातजाति भाषाभाषीका आ-आफ्ना मौलिक संस्कृति परम्परा र भेषभूषा लवाइ खुवाई चाडपर्वहरू लगायत अन्य लुकेर बसेका कला मुन्धमहरू मौलिक परम्पराअनुसार खाद्यान्न परिकारहरु र अन्य थुप्रै कुराहरु उजागर गर्न र यो जोगाउन अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्ने उद्देश्यले यो विधेयक बनेको छ म यसलाई स्वागत र समर्थन गर्न चाहन्छु हवस् धन्यवाद।

(१५:३५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य किरण बाबु श्रेष्ठ। माननीय सदस्य किरण बाबु श्रेष्ठ, माननीय माननीय सदस्यहरु अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम यही समाप्त हुन्छ।

माननीय सदस्यहरु अब माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१५:३६ बजे) <u>माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बद्री प्रसाद पाण्डे</u>:- सम्माननीय अध्यक्षज्यू, अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०८१ माथि माननीय सदस्यहरूको उत्साहपूर्ण सैद्धान्तिक छलफलका क्रममा देखिएको छ त्यसका निम्ति म धन्यवाद दिन चाहन्छु। हामीले यो अभौतिक सांस्कृतिक सम्पदाको सूची तयार गर्नका लागि राष्ट्रिय सूची तयार गर्नका

लागि यसअघि नै मन्त्रालयबाट कार्यविधि पास गरिसकेका थियौं। कार्यविधि अनुसार हामीले सूचीमा दर्ता हुनका निम्ति आह्वान गर्दाखेरि विभिन्न समुदायबाट १०५ वटा विभिन्न विषयका विभिन्न विधाका वस्तुहरू सांस्कृतिक सम्पदाहरू दर्ताका निम्ति प्राप्त भएका छन् र कार्यविधिले निश्चित इन्डिकेटरहरु तय गरेको छ। जसको क्रममा ललितपुर महानगरपालिकाको समेत अगुवाईमा त्यहाँको समुदायले विशेष गरी नेवार समुदायले प्रस्तुत गरेको योमरी अभौतिक सांस्कृतिक सम्पदाको राष्ट्रिय सूचीमा पहिलो दर्ता हुने परिकारको रूपमा मन्त्रालयबाट निर्णय भइसकेको छ स्वीकृति भइसकेको छ। यसलाई एउटा एउटा स्थायी कानुन बनाउँ दिगो कानुन बनाऊ भन्ने हिसाबले हामीले यो ऐनलाई यो विधेयकलाई अगाडि सारेका छौं। र यसमा महासन्धिहरूको पक्ष राष्ट्र भएको विषय माननीय सदस्यहरूले उठाउनुभएको छ। पक्ष राष्ट्र भएको कारणले पनि हामी त्यसमा कानुन बनाएरै आफ्नो कर्तव्य अन्तर्राष्ट्रिय कानुन अन्तर्राष्ट्रिय जुन महासन्धिका हामीमाथिका कार्यभारहरू छन् त्यसलाई पूरा गर्नुपर्ने त्यो दायित्वमा हुन्छौं। हामीले राष्ट्रिय रूपमा सूचीकृत गरेका अभौतिक सम्पदाहरूलाई आगामी दिनमा युनेस्को सम्म पुर्याएर अन्तर्राष्ट्रिय सूचीमा समेत सूचीकृत गर्नुपर्ने हाम्रा भेषभुषाहरु हाम्रा नाचगानहरु हाम्रा कथाहरू हाम्रा खानपानहरू गीत संगीत वाद्यवादनहरू विभिन्न किसिमका हाम्रा चाडपर्वहरू सूचीकृत गर्ने पहिले राष्ट्रिय कानुन राष्ट्रिय सूचीमा सूचीकृत गर्ने र त्यसपछि अन्तर्राष्ट्रिय रूपमा युनेस्कोमा समेत सूचीकृत गर्नुपर्ने त्यो बाटोबाट हामी अगाडि बढ्छौं।

हामीले देशभित्र राष्ट्रिय सूची तयार गर्नुपर्ने हुन्छ भने अन्तर्राष्ट्रिय स्तरमा विश्वस्तरमा युनेस्कोमा पुगेर सम्पदा सूची अभौतिक सम्पदा सूची हामीले दर्ता गर्नुपर्ने सूचीकृत गर्नुपर्ने त्यो एउटा राष्ट्रिय कर्तव्य हुन्छ नै। त्यो दिशामा माननीय सदस्यहरुले जुन किसिमको सैद्धान्तिक प्रतिबद्धता ढाडस र सरकारलाई प्रोत्साहन सुझाव रचनात्मक सुझावहरू यहाँ प्रस्तुत गर्नुभएको छ त्यो कुरालाई म गम्भीरतापूर्वक ग्रहण गर्न चाहन्छु र सबै माननीय सदस्यज्यूहरूलाई धन्यवाद दिन चाहन्छु। र यो वास्तवमै राष्ट्रिय सम्पदा सूची भएको कारणले पनि स्थानीय तह र प्रदेशहरूलाई समेत सजिलो हुने गरी हामीले एउटा यो एक प्रकारले मापदण्ड कानुन पनि हो। यो मापदण्डमा यी इन्डिकेटरमा यी आधारहरूमा सम्पदा सूची अभौतिक सम्पदा सुची दर्ता हुन सक्छ भन्ने आशयले यो विधेयक निर्माण भएको छ। यी सम्पदा सुचीहरु सम्पदाहरु जुन समुदायले वर्षौंदेखि सम्पदामा आफूलाई अभ्यस्त गर्दै ल्याएको छ। जुन सम्पदाको अभ्यास गर्ने गरेको छ सम्बन्धित ठाउँ सम्बन्धित समुदाय उहाँहरुको जुन मौलिक परिचय मौलिक अभ्यास छ त्यो अभ्यासलाई हामीले राष्ट्रिय रुपमा सूचीकृत गर्दा यसको विकास हुने यसको प्रवर्धन हुने यसको राष्ट्रिय रुपमै प्रचारप्रसार पनि हुने जानकारी पनि हुने यसको ब्राण्डिङ पनि हुने त्यो मुख्य उद्देश्य यसमा राखिएको छ। र यो विधेयक बनाउने क्रममा थुप्रै पक्षहरुसँग हामीले सरोकारवालासँग हामीले छलफल गरेका छौं विभिन्न तहमा परामर्शहरु भएका छन्। सरकारी निकाय गैरसरकारी निकाय समुदाय स्तरमा भएका विभिन्न समुदायसँग पनि छलफल गरिएको छ

त्यो आधारमा यो विधेयक आएको छ। सबै माननीय सदस्यहरुलाई पुनः एकपटक धन्यवाद दिँदै अभौतिक संपदाको संरक्षणका निम्ति हाम्रो यो विधेयक अगाडि बढ्छ भन्ने कुराको विश्वास व्यक्त गर्दै सम्माननीय अध्यक्षज्यूलाई धन्यवाद दिँदै आफ्नो भनाइ टुङ्ग्याउन चाहन्छु धन्यवाद। जय नेपाल।

(१५:४१ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरु अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफल यहीं समाप्त हुन्छ। माननीय सदस्यहरु अब अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अभौतिक सांस्कृतिक सम्पदा संरक्षण विधेयक, २०८१ माथि संशोधन प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु अब माननीय गृह मन्त्री रमेश लेखकलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त नेपाल नागरिकता दोस्रो संशोधन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:४२ बजे) **माननीय गृह मन्त्री श्री रमेश लेखकः-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधि सभाबाट

सन्देशसहित प्राप्त नेपाल नागरिकता दोस्रो संशोधन विधेयक २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु धन्यवाद।

(१५:४३ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधिसभाबाट सन्देश प्राप्त नेपाल नागरिकता दोस्रो संसोधन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त नेपाल नागरिकता दोस्रो संसोधन विधेयक, २०८१ माथि छलफल प्रारम्भ हुन्छ। छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा अनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउँछु। उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यलाई आ-आफ्नो नाम दुई मिनेट भित्र अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिनु हुने प्रत्येक माननीय सदस्यलाई तीन मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य कृष्ण बहादुर रोकाया।

(१५:४४ बजे) <u>माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काङग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, नेपाल नागरिकता दोस्रो संसोधन विधेयक २०८२।०३।१४ मा प्रतिनिधिसभाबाट पारित भइ सन्देशसहित २०८२।०३।१७ मा राष्ट्रिय सभामा दर्ता भएको थियो। उक्त राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा दफावार छलफल भई सर्वसम्मत रुपमा प्रतिवेदन सहित प्रस्तुत विधेयक सम्मानित सभामा पेश भएको छ। सम्माननीय अध्यक्ष महोदय, प्रस्तुत विधेयकले

वर्षौंदेखि नागरिकता नपाएका हजारौं व्यक्तिको समस्या समाधान गर्नेछ। र खासगरी संशोधनबाट अदालतबाट विभिन्न समयमा जारी भएका परमादेशहरूको कार्यान्वयन हुनका साथै कानुन व्यवस्था भइ सबैले न्याय प्राप्त गरेको अनुभूति हुनुका साथै संविधानको भावना बमोजिम कुनै पनि नेपालीलाई नागरिकता प्राप्त गर्ने हकबाट यसबाट यो वञ्चित हुने छैन र त्यसपछि यो नेपाली नागरिकता आमाबाट जन्म भएका सन्तानहरुले आमाको नामबाट नागरिकता प्राप्त गर्न र संवैधानिक व्यवस्था पूर्ण रुपमा कार्यान्वयन हुनेछ। त्यस्तै आमा र बाबुले जन्मका आधारमा नागरिकता प्राप्त गरी नेपालको नागरिक भइसकेको तर सो व्यक्तिको सन्तानले हालसम्म अनागरिक भइरहेकोमा नागरिकता प्राप्त गर्न सक्नेछन्। विद्यमान समयमा सामाजिक परिवेश अनुसार पहिचान विहिन भएर बस्नुपरेको नेपाली बुवा आमाका सन्तानलाई वैदेशिक पात्रको लागि आवश्यक नाबालक परिचयपत्र प्राप्त गरेर विद्यमान समस्या समाधान हुन जानेछ। र त्यस्तै वैदेशिक रोजगारमा भएका नेपाली महिलाहरूको सन्तानहरु समेत नागरिकता विहिन भैरहेको अवस्थामा अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछन् सम्मानीय अध्यक्ष महोदय विधायन समितिमा दफावार छलफलमा सर्वसम्मत तरिकाले यो प्रतिवेदन चाहिँ पेश भएको छ र यहाँबाट प्रतिनिधिसभामा पठाउनका लागि पनि म आग्रह गर्न चाहन्छु धन्यवाद।

(१५:४६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रेनु चन्द।

(१५:४६ बजे) **माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, यो यसमा स्वघोषणाबारे सरकार आफै Confusion मा छ भन्ने मेरो विचार रहेको छ। स्वघोषणा स्वतः एभिडेन्स हो भनेर पनि भन्ने त्यसो हो भने थप कागजात किन मागी राखुभएको छ र थप कागजात मागी राखुभएको छ भने त्यसलाई स्वघोषणा किन भनिराखुभएको छ भन्ने मेरो भनाइ छ। र बाबाले हात समातेर सिडियो कार्यालयमा गइसकेपछि यो मेरो बच्चा हो भनेपछि सीडीओसाहेबले त स्वघोषणा माग्नुहुन्न बाबाहरुको। हामी पनि हाम्रो बच्चाको हात समातेर लगेपछि यो मेरो बच्चा हो भनेर तुरुन्तै नागरिकता देउ भन्न त हामीले त्यति डिमान्ड त राख्या छैनौं किनकि त्यो दिनसक्ने हैसियतमा सरकार अहिले छैन। तर जानकारी दिइसकेपछि नागरिकता दिनुस भनेको हो नि त। अब गल्ती गलत नियतले नागरिकता दिलाउन त जोसुकैलाई पनि कारवाही गर्नुपर्ने हुन्छ चाहे त्यो पुरुष होस् या महिला होस्। यहाँ स्पेशली यो स्वघोषणाले कस्तो देखाउँछ भनेर यसमा भएको सजायको अवस्थाले के देखाउँछ भनेपछि आमाहरु चाहिँ झुट बोल्न सक्छन् भनेर पहिले तय गरिसकेको छ के। जसले गलत तरिकाले नागरिकता दिलाउन खोज्छ चाहे त्यो पुरुष होस्

या महिला दुइटैलाई सजायँ हुनुपर्छ। तर यहाँ चाहिँ पहिलै जो हामीलाई Culprit बनाइएको छ यसप्रति मेरो आपत्ति रहेको छ। पुरुष जन्मँदै राष्ट्रवादी हुने र महिलाहरुले चाहिँ आफ्नो राष्ट्रियता आफ्नो राष्ट्रप्रेम प्रमाणित गर्नको निम्ति अग्निपरीक्षा दिइराख्नुपर्ने कुरा यो स्वघोषणाले दर्शाउँछ। त्यसैले यो ठिक होइन भन्ने मेरो बुझाई रहेको छ।

संविधानले नेपाली नागरिकलाई विभेद गरेको छैन। संविधानको नजरमा महिला र पुरुष नेपाली नागरिक दुईटै समान छन्। त्यसैले सरकारले पनि विभेद गर्नु भएन। जसरी आमाको नामबाट नागरिकता दिने कुरालाई सहज बनाउने गरि यो विधेयक आएको छ सम्मानपूर्वक सहज बनाइदिनुपर्‍यो। अपमानपूर्ण तरिकाले दिने गरी यसले सहजता ल्याउँदैन यसले झन्झटिलता पैदा गर्छ र सजाय दिने कुरा म मेरो फेरि पनि म आग्रह गर्न चाहन्छु जोले गलतले नागरिकता दिन चाहन्छ त्यहाँ महिला होस् पुरुष होस् दुइटैलाई कारवाही हुनुपर्छ तर यहाँ जुन तरिकाले Already हामीलाई चाहिँ Culprit घोषणा गरिएको छ। यो ठिक होइन धन्यवाद।

(१५:४९ बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य गोपाल भट्टराई।

(१५:४९ बजे) **<u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यो नागरिकता संशोधन विधेयक यो विधेयक खास गरेर बाबुको पहिचान नभएका बच्चाहरुले नागरिकता सजिलो गरी प्राप्त गरुन् भन्ने उद्देश्यले यो आएको हो जस्तो मलाई लाग्छ एउटा। अर्को चाहिँ बाबु आमाको पहिचान भएन नाबालकहरु उनीहरु अभिभावक विहिन छन्। तिनीहरुको बारेमा पनि यसमा चाहिँ व्यवस्था गरिएको छ। अब खास गरेर यो अहिलेसम्मको हामी नेपाली समाजमा वंशज चाहिँ पितृसत्तात्मक वंशज भएको हुनाले यो बाबुको बारेमा जानकारी नभएमा त्यसलाई चाहिँ उसको जानकारी छैन उ चाहिँ छैन भन्ने उसको बारेमा हामी जान्दैनौ भनेर घोषणा गर्ने कुरा भएको हुनाले त्यो ठिकै हो जस्तो लाग्छ मलाई। त्यसो भएको हुनाले अब यो अहिलेसम्म समस्याको रूपमा रहेका थुप्रै मानिसहरू जसले चाहिँ पढ्न पाएका छैनन् जागिर गर्न पाएका छैनन् विदेश जान पाएका छैनन् राहदानी बनाउन पाएका छैनन् ती मान्छेहरूको समस्या समाधान गर्ने कुरा पहिलो प्राथमिकता र अरू चाहिँ यो बाउआमा विहिन छन् उनीहरु अभिभावक विहिन छन् उनीहरुको निम्ति पनि यो गरिएको छ र खास गरेर विदेशमै जन्मिएको भए पनि नेपाली नागरिकबाट जन्मिएको बच्चाले यहाँ बसोबास गर्छ भने उसले पनि प्राप्त गर्ने कुरा छ। त्यसो भएको हुनाले यी समस्या जटिल रूपमा देखिएका छन्। अहिले वैदेशिक रोजगारी आदि इत्यादिको कारणले पनि जटिल रूपमा देखिएको कारणले यसलाई समाधान गर्ने गरि आएको छ। यो विधेयकलाई हामीले जम्मा ८ वटा बुँदामा

दफामा भएको विधेयकलाई हामीले ४ दिन लगाएर छलफल गरेर यसलाई समृद्ध बनाएर ल्याएका छौं त्यसो भएको हुनाले यो विधेयक पारित गर्नुपर्छ भन्ने मलाई लाग्छ। धन्यवाद।

(१५:५१ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य पुजा चौधरी।

(१५:५१ बजे) माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल):- सम्माननीय अध्यक्षज्यू, नेपाल नागरिकता दोस्रो संशोधनमा हामी अहिले छलफल गरिरहेका छौं। नागरिकताको विषयमा कुरा गर्दा यो एक गहन विषय पनि हो। अझ पनि हाम्रो देशका धेरैजसो नागरिकहरूले नागरिकता पाएका छैनन् जुन बच्चालाई जन्मने बित्तिकै झाडीमा फालिन्छ। पछि कुनै अनाथ आश्रममा कसैले भेटाएर उसलाई राखिन्छ र ठूलो भएपछि उसको आमा र बुबाको नाम थाहा नभएको कारणले उसले नागरिकता पाउँदैन र देशको हरेक सेवा सुविधाबाट वञ्चित हुन्छ भने र त्यति मात्र होइन उसको नागरिकता नभएको कारणले गर्दा उसको परिवार श्रीमती छोराछोरी समेतले नागरिकता नपाएको अवस्था छ। र छोराछोरीले विद्यालयमा समेत एडमिसन गर्न पाएका छैनन्। कुनै बच्चा अझ भारतमा भेटियो। तर उसलाई उसको आमाबुबा कसैको नाम पनि थाहा छैन। उसलाई सिर्फ यति मात्रै थाहा छ मेरो घर नेपाल हो। भन्ने यस्तो धेरै उदाहरणहरू म यहा अहिले समयको अभावले पनि दिन चाहदिन उहाहरुले नागरिकता पाउनुभएको छैन। त्यसैले यस्तो अवस्थामा उसले पाउनुपर्ने आफ्नो नागरिकताको अधिकार कसरी पाउने र नागरिकता नभएको कारण उहाहरुले राष्ट्रबाट पाउनुपर्ने सबै सेवा सुविधाहरुबाट वञ्चित हुने भएका कारण म सम्माननीय अध्यक्षज्यू मार्फत नेपालमा बस्ने हरेक नागरिकहरूलाई नागरिकताको अधिकारबाट वञ्चित नगरियोस् चाहे त्यो LGBT कै कुरा किन नहोस्। अथवा ब्रिटिश नागरिकहरुको कुरा होस् उहाँहरुले म नेपाली नागरिक हुँ भन्ने जुन पहिचान छ जुन अधिकार छ त्यो उहाँहरूले पाउनुपर्छ भन्ने म माग राख्दछु धन्यवाद।

(१५:५३ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य माया प्रसाद शर्मा।

(१५:५३ बजे) माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, हामी नागरिकता विधेयक दोस्रो संशोधनका बारेमा छलफल गरिराखेका छौ यो महत्वपूर्ण थियो। संविधानले सबैलाई समान अधिकार दिन्छ। कानुन नबनेपछि अधिकार कुण्ठित हुन्छ अधिकार दिनका लागि यसले बाटो खोलेको छ। र सधैंभरि कुनै पनि पूर्णता हुँदैन। केही अपूर्ण पनि

हुन्छन् अपूर्ण क्रमशः पुरा हुँदै जान्छन्। यो प्रत्यायोजित विधायनको हकमा यो सबभन्दा कम प्रत्यायोजित अधिकार भएको ऐन हो। ऐन बन्दै छ। त्यसकारणले पनि मलाई खुसी लागेको छ कि यसबाट अलि थप सिक्नु पनि पर्छ बाँकी मन्त्रीज्युहरुले। अर्को यो आमा र बुवाको बीचको अन्तर विरोध थियो सापेक्षिक ढंगले अन्तरविरोधको हल गरेको छ। सबैलाई समानतातिर अगाडि बढाउने मेहनत गरेको छ। पहिचान स्थापित गर्नका निमित्त आमा बाबुको हककोमा पहिचान स्थापित गर्न र पढ्न लेख्न जागिर खान विभिन्न कानुनी प्रावधानहरूले बन्देज गरेका विषयहरू थिए तिनलाई समस्यालाई हल गर्न खोजेको एउटा देखिन्छ।

अर्कोतिर आमाको नामबाट विशेष गरेर आमाको नामबाट अहिलेसम्म घोषित रूपले नागरिकता प्राप्त गर्ने स्थिति अवस्था र त्यस्तो प्रावधान थिएन। आमाको नामबाट आफ्नो नागरिकता लिने र बाबु र आमा बराबर हुन् छोराछोरी पनि बराबर हुन् भन्ने सन्देश दिनका निमित्त यसले महत्वपूर्ण भूमिका गरेको लिएको छ। यसलाई छलफल गरेर विधायन समितिमा छलफल गरेर सर्वसम्मत रुपले आएको छ। यस कारणले यो महत्वपूर्ण ऐतिहासिक प्रभाव राख्ने र सापेक्षिक ढंगले पूर्णता भएको मलाई बुझाइ छ धन्यवाद।

(१५:५५ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य पदम बहादुर परियार।

(१५:५५ बजे) <u>माननीय श्री पदम बहादुर परियार (नेपाली काङग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, नेपाल नागरिकता दोस्रो संशोधन विधेयक, २०८१ को सन्दर्भमा छलफल गरिरहँदा म एक मनले धेरै खुशी पनि छु अलि अलि दुखी पनि छु। खुशी कुन अर्थमा छु भने नेपालका कैयौं बालबालिकाहरू हाम्रा भाइबहिनीहरू जसले नागरिकता नपाएको कारणले गर्दा उनीहरुले आफ्नो पहिचान गुमाइरहेका थिए उनीहरुले आफ्नो कानुनी बाटो कानुनी पेशाहरू अँगाल्न सकिरहेका थिएनन् यो समस्यालाई नजिकबाट बुझ्नुभएका माननीय मन्त्रीज्युले कसरी एउटा नीतिगत निर्णय गर्दाखेरि कसरी यत्रो ठूलो समस्याको समाधान गर्न सकिन्छ भनेर माननीय मन्त्रीज्यूले त्यतिकै गहनतापूर्वक जुन यो ऐनको संशोधन लेराउनु भयो यसरी यो विधेयक ल्याउनुभयो। यसले हजारौं हजार त्यस्ता बालबालिकाहररुको नागरिकता सम्बन्धी समस्याको समाधान गर्नेछ।

यो सन्दर्भमा माननीय मन्त्रीज्यूको यो प्रयासलाई म उच्च प्रशंसा पनि गर्न चाहन्छु यसले धेरै ठुलो नेपालको नागरिकता सम्बन्धी इतिहासमा ठूलो प्रभाव पार्ने मैले बुझेको छु। त्यो हिसाबले म ज्यादै खुसी पनि छु। पक्कै पनि एउटै विधेयकले सबै समस्याको समाधान गर्दैन त्यो कुरा पनि थाहा छ तर पनि फेरी

नागरिकतासँग सम्बन्धित अन्य कैयौ Genuine समस्याहरूलाई हामीले समस्याको समाधान गर्न सकेका छैनौं। म माननीय मन्त्रीज्यूसँग यसै अवसरमा म विशेष माननीय सम्माननीय अध्यक्षज्यू मार्फत विशेष आग्रह अनुरोध पनि गर्न चाहन्छु जुन विषय हामीले विधायन समितिमा बस्दाखेरि छलफल गरेका थियौं र ती कुराहरूलाई यहाँ सम्बोधन गर्न सकिएन। त्यसलाई सम्बोधन गर्ने गरेर पुनः नीतिगत पहल गर्नुहुनेछ भन्ने कुरा पनि म माननीय मन्त्रीज्यूलाई चैने अनुरोध गर्न चाहन्छु।यो ज्यादै सह्रानीय काम भएको छ यसलाई अगाडि बढाउनको लागि पनि म अनुरोध गर्न चाहन्छु धन्यवाद।

(१५:५७ बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१५:५७ बजे) **<u>माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष, नेपाल नागरिकता दोस्रो संशोधन विधेयक, २०८१ माथि हामी यो छलफलमा छौं र विशेषगरीकन हाम्रो विधायन व्यवस्थापन समितिमा थुप्रै छलफल गरेर हामीले यो परिपूर्ति गरेका छौं तर छोटो थियो ८ वटा दफाको १२ वटा उपदफामा मात्रै संशोधन आएको थियो हामीले त्यो संशोधन गरेका छौं र खुशीको कुरा यो छ कि अब आमाको नामबाट पनि बच्चा बच्चीले नागरिकता पाउने भए।अब नागरिकता विहिन हुने अवस्थाको अन्त्य भएको छ एकातिर। दोस्रो कुरा के हो भन्दा खेरि अझै पनि केही समस्याहरु छन्। अन्तर्जातीय विवाह गर्ने जोडी विशेष गरिकन महिलाको नागरिकता बनाउँदाखेरि आमा बुवाहरुले नागरिकता नदिने तर नागरिकता बनाउँदाखेरि विवाह दर्ता भइकन पनि आमाबुवाको अथवा दाजुभाइको नागरिकता सक्कल नागरिकता नै देखाउनुपर्ने यो बाध्यता भएको हुनाले नागरिकता लिन केही समस्या थियो। समस्या छ अहिले पनि तर त्यो समस्याको हल हुन सकेको छैन तर गृहमन्त्रीज्यूले यसको नियमावलीमै व्यवस्था गरेर यसको समस्या हल गरिन्छ भनेर प्रतिबद्धता गर्नुभएको छ त्यो नियमावली छिटो देख्न पाउने म आशा अपेक्षा जाहेर गर्दछु।

अर्कोतिर आमाबुवा नेपाली तर कामको सिलसिलामा विदेशतिर जाँदा खेरि जन्मिएका बच्चाहरुको नागरिकताको विषयमा अहिले पनि त्यो समस्या समाधान हुन सकेको स्थिति छैन। विशेषगरिकन गोरखा सैनिकका कुराहरु उनका बच्चा बच्चीहरुले नागरिकता पाउने विषयमा पनि समस्या छ र विशेष गरिकन अझ हामी नेपालीहरु थुप्रै यो खुला सिमानाका कारणले भारतमा जाने कामको सिसलिलामा भारतमा जाने चलन छ तर त्यहाँ दुवैजना कामको सिलसिलामा भारतमा जाँदा खेरि भारतमा जाँदा जन्मेका बच्चाहरुको नागरिकता आमाबुवाको वंशजको आधारमा पाउने नागरिकता ति बच्चाहरूले पाउन सक्ने अवस्थाको अहिले पनि समाधान हुन सकिरहेको स्थिति छैन।यसो हुँदाखेरि यो

समस्यालाई पनि छिटोभन्दा छिटो हल गरिनुपर्छ म आशा र अभिलाषा राख्न चाहन्छु र साथै यो विधेयकमाथि हामीले जुन छलफल गऱ्यौं र यो पारित भएको छ यसलाई थप पारित गर्नको निमित्त म समर्थन गर्दछु धन्यवाद।

(१६:०० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१६:०० बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आमाको नाममा नागरिकता यो नेपालको महिला मुक्ति आन्दोलनको एउटा सशक्त एजेण्डा थियो। र यो आन्दोलनमा हामीजस्ता समताप्रेमी न्यायप्रेमी पुरुषहरुको पनि समर्थन थियो सहमति थियो। आन्दोलनमा ऐक्यबद्धता र सहभागिता पनि थियो। आज यो एजेण्डा पुरा हुन गइरहेको छ। यसर्थमा मलाई खुशी लागिरहेको छ। यो सरकारलाई यसैगरी माननीय गृहमन्त्रीज्यूलाई यस्तो महत्वपूर्ण विधेयक ल्याउनुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु। यो विधेयक पारित भइसकेपछि निश्चित रुपमा त्यस्तो समस्या झेलिरहेका थुप्रै थुप्रै बालबालिकाहरुले एउटा नागरिकता पाउनेछन्। उनीहरुको समस्याको समाधान हुनेछ। यति भन्दाभन्दै पनि सम्माननीय अध्यक्ष महोदय केही कुराहरु हामीले विधायन समिति बैठकमा जुन उठाएका थियौं ती सम्बोधन भएनन् हुन सकेनन्।

संविधानको कारणले आदि इत्यादि कारणले जस्तै ब्रिटिश गोर्खाका सन्तानहरु जो विदेशमै जन्मिए र बाध्यताले गर्दा खेरि त्यतैको नागरिकता लिन अंगीकृत नागरिकता लिन बाध्य भए। सरकारले उनीहरुलाई सन्धि गरेर पठायो अनि अंगीकृत नागरिकता पनि लिइ भन्यो र त्यसले गर्दा उनीहरु समस्या झेलिरहेका छन् उनीहरुको वंशजको नागरिकताको निरन्तरता होस् भन्ने चाहन्छन्। यो कुरा अहिलेको संविधानले दिएन तर कुनै न कुनै प्रकारले यो विषयमा पनि माननीय मन्त्रीज्यूले पहल गर्नुहुनेछ भन्ने म अपेक्षा गर्न चाहन्छु त्यसको लागि अनुरोध पनि गर्न चाहन्छु। अर्को स्वघोषणा। यो आमाले आफ्नो बच्चा हो भनेर भन्नका लागि स्वघोषणा गर्नुपर्ने तर पुरुषले गर्न नपर्ने यो एउटा विभेद कायमै छ। यो बारे विधायन समितिमा छलफल चल्दा गृह मन्त्रालयको भनाई के थियो भन्दा खेरि स्वघोषणा एउटा Evidential Document भएको हुनाले त्यो चाहिँ पर्छ तर म प्रश्न गर्न चाहन्छु त्यही कुरा स्वघोषणामा जुन कुरा भनिन्छ त्यही कुरा जानकारी पत्र भने पनि त हुन्थ्यो। यदि स्वघोषणा भन्ने चाहिँ Evidence Document हो भने त्यसको आधारमा त्यो स्वघोषणामा भनिएको जानकारी गलत रहेछ भने किन कारवाही हुन्छ त? Evidence Document भइसकेपछि त कारवाही नहुनुपर्ने हो भने त्यसैले यो भारी भरकम शब्द

यस्तो चाहिँ नराखे भन्ने कुरा चाहिँ थियो तथापि यो आएको छ र अर्को कुरा चाहिँ के छ भने पुरुषले पनि भन्दा हुन्छ भनेर भन्छ। पुरुषले स्वघोषणा गर्नुपर्ने अवस्था आउनेछैन सम्माननीय अध्यक्ष महोदय। किनभने पुरुषले बुबाले आफ्नो छोराछोरीलाई नागरिकता दिलाउँदाखेरि पत्नी हराएको अवस्थामा पत्नीको पहिचान नखुलेको अवस्थामा बच्चाको आमाको पहिचान नखुलेको अवस्थामा उसले मेरो पत्नी हराइन् पहिचान खुलाइयोस् भनेर भन्नुपर्दैन। त्यसैले यो विधेयक फेरि कायमै रहने भयो। त्यसकारणले गर्दा स्वघोषणा भन्ने शब्द नराखे हुन्थ्यो भन्ने हाम्रो चाहिँ भनाई थियो तर यो कुरा आएको छ अब यहाँ सायद हुनसक्दैन होला। यी कुराहरु जे होस् मैले सरकार समक्ष माननीय गृह मन्त्रीज्यूसमक्ष यी समस्याहरु राख्न चाहेँ र फेरि पनि अन्तमा यो विधेयक जुन आउँदैछ यो एउटा माइलस्टोन हुनेछ यी कुराहरु राख्दै आफ्नो भनाई टुंग्याउन चाहन्छु धन्यवाद।

(१६:०३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरु विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त नेपाल नागरिकता दोस्रो संसोधन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्य र माननीय गृहमन्त्री रमेश लेखकलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१६:०४ बजे) **<u>माननीय गृह मन्त्री श्री रमेश लेखक</u>**:- सम्माननीय अध्यक्षज्यू, समयका लागि धन्यवाद। सम्मानित सदनमा प्रस्तुत विषयमा माननीय सदस्यहरूले जुन धारणा अभिव्यक्त गर्नुभएको छ। यी अत्यन्त सारगर्भित अत्यन्त महत्त्वपूर्ण र अत्यन्त गम्भीर विषयहरू छन्। म यसबारेमा सारांशमा टिप्पणी गर्न अनुमति चाहन्छु। सम्मानीय अध्यक्षज्यू नेपाल नागरिकता दोस्रो संशोधन विधेयक मिति २०८१।१०।१५ गतेमा संघीय संसदमा दर्ता भएकोमा मिति २०८२।०३।१४ मा सम्मानित प्रतिनिधिसभाबाट पारित भई सन्देशसहित मिति २०८२।०३।१७ मा सम्मानित राष्ट्रिय सभामा दर्ता भएकोमा उक्त विधेयक उपर विधायन व्यवस्थापन समितिमा गहन र विस्तृत रूपमा छलफल भई सर्वसम्मत रूपमा पारित भई प्रतिवेदनसहित प्रस्तुत विधेयक आज सम्मानित सभामा प्रस्तुत भएको छ। सम्माननीय अध्यक्ष महोदय, म वास्तवमा यो विधयकको छलफलमा सम्मानित विधायन व्यवस्थापन समितिमा पटकपटक उपस्थित भएँ। माननीय सभापतिजीको बैठक सञ्चालन माननीय सदस्यहरूका संशोधन र त्यो संशोधनका माथि सदस्यहरूको सारगर्भित तार्किक बहस छलफल र प्रस्तुतिले म वास्तवमै सम्मानिय अध्यक्ष महोदय मैले यो कुरा बाहिर अरू साथीहरूका बीचमा पनि सामान्य छलफल हुँदा

कुराकानी हुँदा भनेको छु। वास्तवमै म प्रशंसा गर्न चाहन्छु। राष्ट्रिय सभाको सम्बन्धित समितिले जुन गहिराईका साथ जुन तार्किक ढङ्गले जुन ढंगले साथीहरूले विषयवस्तुमा प्रस्तुत हुनुभयो विषयलाई पहिचान गर्नुभयो र त्यसका माथि संशोधन गर्नु भयो वास्तवमा त्यसले मैले के थप कुरा सिक्ने पनि अवसर प्राप्त गरे। म सम्मानित सदनको सम्बन्धित समितिको सम्बन्धित समितिका माननीय सभापतिजी र सम्पूर्ण सदस्य साथीहरूको प्रशंसा पनि गर्न चाहन्छु म आभार व्यक्त गर्दै धन्यवाद पनि भन्न चाहन्छु।

र यो विधेयकलाई जसरी सरकारले प्रस्तुत गरिएको थियो। त्योभन्दा पनि थप उन्नत थप व्यवहारिक वैज्ञानिक पारदर्शी र सरलीकृत गरेर सम्मानित सभाले यसलाई परिमार्जित गरेको छ भन्ने मेरो मूल्यांकन छ। त्यसका लागि म धन्यवाद भन्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय प्रस्तुत विधेयकका मुख्य व्यवस्थाहरू अब सम्मानित समितिबाट परिमार्जन भएर सर्वसम्मत रूपमा प्रस्तुत भइसकेपछि अब यसका केही मुलभूत विषयहरू म निवेदन गर्न चाहन्छु। नेपालको संविधानको धारा १० मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भन्ने उल्लेख भएकोमा विद्यमान नेपाल नागरिकता ऐन, २०६३ मा भएका केही कानूनी व्यवस्था प्रावधानहरूको अभावमा संविधानका व्यवस्थाहरूलाई पूर्ण रूपले लागू गर्न सकिएको थिएन यो यथार्थ हो सत्य हो। र संविधानको व्यवस्थालाई लागू गर्ने र त्यसलाई व्यवहारिक रूपमा लागू गर्नका निमित्त नै यो विधेयक प्रस्तुत भएको हो। र त्यसकारण म के निवेदन गर्न चाहन्छु भने आज वास्तवमा अघि नै केही माननीय सदस्यहरूले अभिव्यक्त गरिसक्नु भएको छ।हामीले एउटा ऐतिहासिक प्रस्थान Historical Departure गरेका छौं भन्ने मलाई लाग्या छ। यो यसको जस यो सम्पूर्ण सदन संघीय सदन संसद प्रतिनिधिसभा राष्ट्रिय सभा र हामी सबैलाई जान्छ।

यसमा भएका विषयहरूले चाहिँ त हामी सबैको साझा प्रतिबद्धता र हामी सबैको साझा प्रयत्नले यो भएको छ मैले अघि नै निवेदन गरे। एउटा Historical Departure हामीले गरेका छौं। ऐतिहासिक प्रस्थान भएको छ। र अहिले के भएको छ भने आमा पनि वंश हो भन्ने कुरालाई हामीले व्यवहारिक रूपमा स्थापित गरेका छौं। संविधानले आमा र बाबा दुईटैका नामबाट नागरिकता दिने त भन्यो। तर कानुनको अभावका कारणले आमाको नामबाट नागरिकता दिने अवस्था बन्न सकेको थिएन यो सत्य हो। र यसलाई हामीले आमा पनि वंश हो भनेर व्यवहारिक स्थापना गर्‍यौ व्यवहारिक रुपले यो विषयलाई सुनिश्चित गर्‍यौं। त्यसकारण मैले निवेदन गरे यो ऐतिहासिक प्रस्थान Historical Departure हो।यसको मूल व्यवस्थामा नेपालको नागरिक आमाबाट नेपालमा जन्म भै नेपालमा नै बसोबास गरेको व्यक्तिको बाबु सम्पर्कविहिन भई बाबुको पहिचान हुन नसकेको अवस्था एक अर्को वा त्यस्तो व्यक्तिको वा आमाले बाबु यिनै हुन् भनी पहिचान गराउन नसकेको अवस्था वा त्यस्तो व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणमा बाबुको नाम उल्लेख भए तापनि बाबुको पहिचान खुलाउन नसकेको

अन्य प्रमाणहरूले पहिचान खुलाउन नसकेको अवस्थामा बाबुको पहिचान हुन नसकेको मानी निजलाई वंशजको आधारमा नागरिता प्रदान गर्ने भनेर भनिसकेपछि यो तीनवटा अवस्थामा बाबुको पहिचान हुन सकेन भन्यो भने आमाकै नामबाट नागरिकता दिने भनेपछि आमालाई वंशका रूपमा पनि स्थापित गर्यो। आमाबाट पनि वंश हुन्छ है भन्ने कुरालाई स्वीकार गऱ्यो स्थापित गऱ्यो र आमाकै नामबाट नागरिकता दिने विषयलाई यसले सरलीकृत गरेको छ।

पछिल्लो समयमा यसको यो व्यवस्था जुन मैले निवेद गरें। यो विधायन व्यवस्थापन समितिले यसलाई परिमार्जन गरेर यति सुस्पष्ट पारेको छ। त्यसकारण पनि मैले अघि नै धन्यवाद पनि भनिसकेको छु र यसलाई चाहिँ त थप स्पष्ट गर्ने काम विधायन व्यवस्थापन समितिबाट र माननीय सदस्यहरूको संशोधनबाट भएको छ। सम्माननीय अध्यक्षज्यू नेपालको नागरिक आमाबाट विदेशमा जन्म भइ नेपालमा स्थायी बसोबास गरेको विदेशको नागरिकता वा राहदानी नलिएको वा बाबुको पहिचान नभएको व्यक्तिलाई अंगीकृत नागरिकता प्रदान गर्ने व्यवस्था यसले गरेको छ दोस्रो। तेस्रो कुरा कुनै व्यक्तिको नागरिकताको प्रमाणपत्रमा आमा वा बाबु मध्य कुनै एकको नाम थर र ठेगाना उल्लेख गर्न नचाहेको भनी निवेदन दिएमा त्यस्तो व्यक्तिलाई दिने नेपाली नागरिकताको प्रमाणपत्रमा निजले उल्लेख गर्न नचाहेको आमा वा बाबुको नाम थर र ठेगाना उल्लेख नगरी पनि नागरिकता जारी गर्ने भनेको छ। सरकारले मूलतः विधेयकलाई प्रस्तुत गर्दा हामीले बाबाको नाम ठेगाना उल्लेख नगरेर पनि लिन चाहन्छ भने आमाको नाम ठेगाना उल्लेख गर्ने भनेका थियौं तर सम्मानित सदनबाट परिमार्जन भएर आमा बाबा दुवैमध्ये एउटाको नाम उल्लेख गर्न चाहेन भने जसको नाम उल्लेख गर्न चाहेन नगर्ने भनेपछि हामी कहाँनिर पुग्यौं त भन्दा आमा या बाबाको नाम र ठेगाना एकजनाको हुनुपर्यो ठेगाना हुनुपर्यो त्यो भएपछि नागरिकता प्राप्त हुने स्थिति बन्ने भयो। अर्को कुरा बाबु वा आमामध्ये एकजना नेपाली नागरिक रहेको नाबालकलाई नाबालक परिचयपत्र प्रदान गर्ने भन्ने कुरा यसले अर्को व्यवस्था गरेको छ भने यो आमाको नामबाट नागरिकता दिने विषयहरू योसँग सम्बन्धित छन् अर्को जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानको विषय छ। बाबु वा आमा मध्ये कुनै एकले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्कोको नेपाली नागरिकता प्राप्त गर्नु अगावै मृत्यु भएको वा सम्पर्कविहिन रहेको व्यक्तिलाई अंगीकृत नागरिकता प्रदान गर्ने भनेर नेपाली जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानहरुका लागि यो व्यवस्था गरिएको छ भने केही प्रक्रियागत सरलीकरण गरिएको छ यो विधेयकबाट। जस्तो कुनै अधिकारीले यो ऐन बमोजिम दिएको आदेश वा गरेको निर्णयबाट मर्का पर्ने व्यक्तिले गृह मन्त्रालयको सचिव समक्ष निवेदन दिने भनिएको छ र त्यो निवेदन दिने त्यो निवेदनमा कैफियत माग गर्ने र गृह सचिवले निर्णय

गरिसक्नुपर्ने अवधि पनि ऐनमै तोकिएको छ। हामीले यसलाई नियमावलीमा लगेका छैनौं र यो बाध्यात्मक रुपले त्यो अवधिभित्र निर्णय भइसक्नुपर्ने विषयलाई सुनिश्चित गरिएको छ।

र अर्को कुरा अधिकार प्रत्यायोजन आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार कार्यालय प्रमुखमै काम गर्ने कम्तिमा राजपत्र अनंकित प्रथम श्रेणीको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरेर पनि नागरिकताको विषयलाई सरलीकृत गरिएको छ।त्यसकारण म एकपटक फेरि सम्मानित सदनलाई म धन्यवाद भन्न चाहन्छु आभार व्यक्त गर्न चाहन्छु। कि सदनले समितिले यति राम्ररी यो विधेयकलाई परिमार्जन गरेको छ। ३/४ वटा विषय अहिले माननीय सदस्य साथीहरुले उठाउनुभएको छ।एउटा स्वघोषणाको विषय उठेको छ।यो विषय सम्मानित समितिमा पनि उठेको हो। आमाले आफ्नो सन्तानलाई नागरिकता दिने क्रममा बाबाले स्वःघोषणा गर्नु नपर्ने आमाले गर्नुपर्ने किन भो भन्ने कुरा यो प्रश्न जायज छ यो गम्भीर छ यसमा छलफल आवश्यक थियो छलफल भयो। खाली हामीले स्वघोषणाको कुरा के भनेको हो भने आमाले स्वघोषणा गऱ्यो भने यो सन्तान मेरो हो भनेर भन्यो भने त्यो आफैमा एउटा प्रमाणका रूपमा स्थापित हुन्छ। त्यसका लागि बाबा को हो कहाँ छ बाबाको नागरिकता ल्याऊ अथवा बाबा को हो भनेर वडाबाट प्रमाणित गरेर ल्याउ अथवा सर्जमिन मुचुल्का गर भन्ने लगायतका चाहिँ विषयहरू उत्पन्न हुँदैनन् र आमा आफै चाहिँ त के भने घोषणा नै एउटा चाहिँ त महत्वपूर्ण दस्तावेजका रूपमा बस्छ भन्ने अभिप्रायका साथ नागरिकता प्राप्त गर्ने कुरालाई सरल होस् यसलाई चाहिँ त प्रशासकीय जटिलताबाट मुक्त होस् भन्ने उद्देश्यका साथ स्वःघोषणा भनिएको हो।त्यसलाई सकरात्मक रुपमा लिइदिन म माननीय सदस्यज्युहरुलाई आग्रह गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय अर्को सजायँको कुरा भनिएको छ।आमालाई स्वःघोषणा गरेपछि त्यो स्वःघोषणा गल्ती भो गलत मानिसलाई नागरिकता दिनका लागि सिफारिस गरेको स्थिति भयो भने सजाय गर्ने व्यवस्था गरेको छ। सजाय नगरेर जाऔ भन्ने पनि कुरा उठेको थियो। तर कुनै मानिसले यो कुरा सत्य हो यही हो भनेर भन्यो भने यदि असत्य निस्क्यो भने सजायँ गऱ्यो भने मानिसले असत्य कुराको अभिव्यक्ति नगर्ला र नागरिकता दिन नहुने मान्छेले नागरिकता पाउने स्थिति नबन्ला भन्नका निमित्त केही सजायको व्यवस्था गरिएको छ र त्यसलाई पनि यति देखि यतिसम्म भनेर भनिएको हुनाले धेरै कडा स्थिति नहोला भन्ने मलाई लागिराखेको छ। साथीहरुले ब्रिटिश गोरखामा रहेका नेपाली नागरिकका सन्तानहरूका बारेमा प्रश्न उठाउनुभएको छ समितिमा पनि यो प्रश्न उठेको छ प्रतिनिधि सभामा पनि उठेको छ प्रतिनिधिसभाको समितिमा पनि उठेको छ सम्मानित राष्ट्रिय सभाको समितिमा पनि र आज पनि सदनमा यो कुरा उठेको छ। मैले एउटै कुरा निवेदन गरेको छु पुनः त्यही कुरा निवेदन गर्छु त्यो के हो भने यो जुन विषय उठेको छ ब्रिटिस गोरखाको सन्तानहरुको नागरिकताको सवाल यो

गम्भीर छ महत्वपूर्ण छ यसलाई अत्यन्त गहिराइ र गम्भीरतापूर्वक लिएर बुझेर यसमा थप छलफल र काम गर्नुपर्छ। यसका लागि संविधान संशोधनको बेला नै छलफल गरेर यो विषयलाई सम्बोधन गर्न उचित हुन्छ भन्ने मेरो आग्रह छ। अर्को अन्तर जातीय विवाहका बारेमा साथीहरुले कुरा उठाउनुभएको छ यो विषयका बारेमा म के निवेदन गर्न चाहन्छु भने यो विधेयक ऐन बनिसकेपछि नियम बनाउँदाखेरि के कुराहरु समावेश गर्न सकिएला त्यो पनि हेरेर जाउला। अथवा एउटै दस्तावेज सर्वकालिक हुन सक्दैन एउटै दस्तावेज सधैंका लागि हुन्छ भन्ने होइन। समय सापेक्ष रूपले जे जे विषयहरू देखापर्छन् जे समस्याहरू सतहमा आउँछन् तिनलाई सम्बोधन गर्दै जाने हो र ती समस्याहरूलाई पनि भोलि पनि सम्बोधन गर्दै जाउँला। यी यस्ता महत्वपूर्ण विषयमा छलफल जारी राखौं। विषयवस्तुहरु सतहमा ल्याउँ कुराकानी गरौं र चाहिँ त उचित निकास दिने प्रबन्ध गरौं। यसका लागि म सबै साथीहरुलाई सम्माननीय अध्यक्षज्युमार्फत हार्दिक धन्यवाद दिन चाहन्छु। धन्यवाद जय नेपाल।

(१६:१६ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरु विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त नेपाल नागरिकता दोस्रो संसोधन विधेयक, २०८१ माथि छलफल गरियोस् भन्ने प्रस्ताव माथिको छलफल यही समाप्त हुन्छ।

माननीय सदस्यहरू अब प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त नेपाल नागरिकता दोस्रो संसोधन विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि १६ मा उल्लेखित छ। प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ६ मा उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस्।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस्।

“हुन्न” भन्ने आवाज सुनिएन। तसर्थ प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त नेपाल नागरिकता दोस्रो संसोधन विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ६ मा उल्लेखित संशोधनहरु सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त नेपाल नागरिकता दोस्रो संशोधन विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम संख्या १ देखि ६ मा उल्लेखित संशोधनहरू प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त नेपाल नागरिकता दोस्रो संशोधन विधेयक, २०८१ को अङ्ग बनोस् भन्ने निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त नेपाल नागरिकता दोस्रो संशोधन विधेयक, २०८१ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या १ देखि ६ मा उल्लेखित संशोधनहरु सर्वसम्मतिले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त नेपाल नागरिकता दोस्रो संशोधन विधेयक, २०८१ को अंग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब विधेयकको दफा २ देखि ८ प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त नेपाल नागरिकता दोस्रो संशोधन विधेयक, २०८१ को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ विधेयकको २ देखि ८ सम्म सर्वसम्मतिले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त नेपाल नागरिकता दोस्रो संशोधन विधेयक, २०८१ को अंग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

प्रस्तावनाः- नेपाल नागरिकता ऐन. २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले संघीय संसदले यो ऐन बनाएको छ।

१.संक्षिप्त नाम र प्रारम्भः- यस ऐनको नाम नेपाल नागरिकता दोहोरो संशोधन ऐन, २०८२ रहेको छ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

मानननीय सदस्यहरू, अब विधेयकको प्रस्तावना र नाम प्रतिनीधी सभाबाट सन्देशसहित प्राप्त नेपाल नागरिकता दोस्रो संशोधन विधेयक, २०८१ को अङ्ग बनोस् भन्ने निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त नेपाल नागरिकता दोस्रो संशोधन विधेयक, २०८१ को अंग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब माननीय गृह मन्त्री रमेश लेखकलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त नेपाल नागरिकता दोस्रो संशोधन विधेयक, २०८१ लाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१६:२१ बजे) **माननीय गृह मन्त्री श्री रमेश लेखकः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त नेपाल नागरिकता दोस्रो संशोधन विधेयक, २०८१ लाई पारित गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१६:२१ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरु अब उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त नेपाल नागरिकता दोस्रो संशोधन विधेयक, २०८१ लाई पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल भदौ १३ गते शुक्रबार अपरान्ह १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीं स्थगित हुन्छ।

(तदनन्तर अर्को बैठक २०८२ साल भदौ १३ गते शुक्रबार अवपरान्ह १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो।)

स्थगित : १६:२२ बजे।